# सिन्धुपाल्चोक जिल्ला बाँडेगाँउ गाॅउ विकास समितिका कामीहरूको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थामा आएको परिवर्तन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अर्न्तगत

समाजशास्त्र विषयको, स्नातकोत्तर तह दोस्रो वर्षको शोधपत्रको

आवश्यकता पूरा गर्नका लागि तयार पारिएको

शोधपत्र


शोधार्थी

चिरञ्जीबी कट्टेल

सिम्वोल नं.: २८१८८५

रजिष्टेशन नं.९-२-४०५-८-२००७

त्रिभुवन विश्वविद्यालय

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं


२०७२

# अध्याय–एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल भौगोलिक रुपमा सानो भएतापनि यहाँ विभिन्न जात -जाति र आदिवासीका मानिसहरु जस्तै ब्राम्हण, क्षेत्री, ठकुरी,मगर,तामाङ्ग,भुजेल,नेवार,भोटे,माभ्की,कामी,सार्की, दमाई आदि परापूर्वकालदेखि नै बसोबास गर्दै आएका छन् ।यहाँजातीय, सांस्कृतिक तथा धार्मीक एवं भाषिक भिन्नता रहेको छ । नेपालमा बसोबास गर्ने यी जातजातिहरु विभिन्न समयमा विभिन्न स्थानहरु बाट आएको पाइन्छ । ती जातिहरुमा प्रमुख रुपमा Tibeto-burman speakers र संस्कृत मूलका भाषा बोल्नेहरु दक्षिण पश्चिमबाट र द्रविण भाषा बोल्नेहरु दक्षिणबाट नेपाल आएको पाइन्छ । यसरी इतिहासको कालक्रम र परिस्थितिमा आएका विविध भाषा-भाषिका व्यक्तिहरुले यो भू-भागलाई आज नेपाल र नेपाली भनेर चिनाएका छन् (विश्वकर्मा, २०५४)। राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको जनसंख्या २,६४,९४,५०४ रहेकोमा दलित जनसंख्या ३४,४४,२८५ छ भने  कामीहरुको जनसंख्या १२,५८,५५४अर्थात ४.७५ प्रतिशत रहेको छ ।

भट्टराई (२०५६ वि.सं) ले नेपालको राजनीतिक परिदृश्यमा दलितहरुको स्थिति" नामक पुस्तकमा चर्चा गरेका छन्  : भारतीय उप-महाद्विपमा ई.पू.५०० तिर जन्मिएको जातीय छुवाछुत प्रथा तत्कालिन नेपालको तराई प्रदेश र पश्चिमी पहाडी प्रदेशमा प्रवेश गरेको भए तापनि मुख्य रुपमा भौगोलिक दृष्टिकोणका साथै कृषि, व्यापार र उद्योगको निम्ति काठमाण्डौं उपत्यका नेपालभरमा सबभन्दा उपयुक्त भएको र सोही अनुरुप सामाजिक श्रम विभाजन भई सबैभन्दा बढी विकसित भएका कारणले मौलाउने अवसर पाएको थियो । जातीय विभाजनको बारेमा चर्चा गर्दा हिन्दु धर्मको वर्ण  व्यवस्था अनुसार समाजलाई चार भागमा विभाजन गरिएको छ

१ ब्राम्हण -  पठनपाठन तथा पूजाआजा र होम होमादीका लागि,

२ क्षेत्री - शुरबिर योद्धा तथा सरकारी कर्मचारी,

३ वैश्य - विशेषगरी व्यापार र कृषि कार्यका लागि,

४ शूद्र - परम्परागत व्यवसायलाई कायम राख्नका लागि ।

मानव जातिको विकासको सन्दर्भमा कामको आधारमा मानिसलाई चार वर्ण ब्राम्हण, क्षेत्री, वैश्य र शूद्र जातिको रुपमा विभाजन गरिएको वेद, उपनिषद र पुराणमा उल्लेख छ ।

कामी जातिलाई पनि चौथो वर्णमा राखिएको छ । यिनीहरुको काम समाजमा तल्लो स्तरको मानिएकोले माथिल्लो जातिका भनिएका मानिसहरुले कामीलाई अछुत जातिको रुपमा व्यवहार गरिरहेका छन् । ब्राम्हण जातिले कामीलाई घरभित्र पस्न त के उनीहरुलाई छोएपनि छोइछिटो हालेर मात्र आफ्नो घरमा पस्ने गर्दछन् । कामी जाति बसेको ठाँउ पनि अपवित्र हुने उनीहरुको मान्यता रहेको छ । ब्राम्हण, क्षेत्रीले कामी जातिलाई हेर्ने दृष्टिकोणमा पनि विविधता पाउन सकिन्छ । जस्तै कामी जातिलाई अछुत, छोइछिटो हाल्नुपर्ने, पिछडिएको दलित जाति जस्ता उपमा दिएर उनीहरुले हेप्ने गर्दछन् (शर्मा, सन् १९७७) ।

प्राचीन समयमा यो पेशाका रुपमा बाँडिएको जातीय प्रथामा कसैलाई अन्याय थिएन तसर्थ जात जातिको विभाजनलाई सबैले स्वीकार गरे । वास्तवमा एकै दाजुभाईलाई व्यवसायीक रुपमा बाँडिएको थियो । पछि आएर यसलाई बढाई चढाई गरि दमन गर्न थालियो । समय क्रमसँगै कुनै पेशा नीचो र कुनै पेशा उचो हुन पुगे । उदाहरणको रुपमा शिक्षाको महत्व बढ्दै जाँदा ब्राम्हण उच्च वर्गमा पर्दै गए भने रहनसहन र खानपानले जाँड रक्सी खाने, सुँगुर पाल्ने, नछुने नबार्ने जातिहरुलाई तल्लो स्तरमा राखिदै गए । यही निम्न जाति अर्न्तगत कामी पनि पर्न गए । आज समय फेरिएको छ । गणतन्त्र र नागरिक अधिकारको कुरा उठेको बेला कामीहरुले पनि आफ्नो अधिकार खोज्दै आवाज उठाउन थालेका छन् । उनीहरुमा हामी अछुत होइनौ, हामीलाई अछुत बनाइएको हो भन्ने भावनाको विकास हुन थालेको छ । यिनीहरुले मन्दिर प्रवेश गर्न मात्र होइन मन्दिरको पूजारी नै बन्न पाउनुपर्ने कुराहरु उठाउन थालेका छन् ।

कामी जाति मूख्यगरी पहाडी क्षेत्रमा सिन्धुपाल्चोक, दोलखा,नुवाकोट,रसुवा,धादिङ,मकवानपुर,चितवन,कास्की, स्याङ्जा, गुल्मी, गोरखा बाग्लुङ्गका साथै नेपालका मध्यभेग, पश्चिमी भेग, सुदुरपश्चिमी भेग र मध्यपश्चिमी भेगमा बसोबास गरेको पाइन्छ । यसैगरी सिन्धुपाल्चोक जिल्लामा पनि कामीहरुको बसोबास रहेकोले यसै जिल्लाको बाँडेगाउ गा.वि.स.मा बसोबास गर्ने कामीहरुको बारेमा मैले अध्ययन गर्ने प्रयास गरेको छु । यस गा.वि.स.का जम्मा ९ वटा वडाहरुमध्ये ३ वटा वडाहरुमा क्रमशः वडा नं. ३, ४ र ७ मा रहेका कामी जातिहरुलाई मैले अध्ययन क्षेत्र बनाएको छु । यस गा.वि.स.को जम्मा जनसंख्या ९१०२ रहेको छ । जातिगत बसोवासको दृष्टिकोणले यो गा वि.स.मा व्राम्हण, क्षेत्री, मगर, नेवार,तामाङ, कामी, सार्की, दमाई र अन्य जातिहरु पाइन्छन् । यस गा.वि.स.को कामी जातिको कुल जनसंख्या २२५ जना रहेको छ । जसमध्ये पुरुषको जनसंख्या१०९ जना, र महिलाको जनसंख्या ११६ जना रहेको छ । यस बाँडेगाँउ गाँउ

विकास समिति भित्र जम्मा ४७ घरधुरीमात्र कामीजातिको बसोवास रहेको छ ।( स्थलगतघरधुरी सर्वेक्षण, २०७२)

## १.२ समस्याको कथन

कामी जाति नेपालको ७५ वटै जिल्लामा धेरथोर मात्रामा बसोबास गर्दै आएकोपाइन्छ । बाँडेगाँउका कामीहरुको आफ्नो परम्परागत पेशा अर्न्तगत भाँडा बनाउने, गरगहना बनाउने, हँसिया, कुटो, कोदालो, खुकुरी बनाउने आदि पर्दछन् । यीनीहरु अन्य जातिहरुको तुलनामा परिश्रमी, मेहनती र उद्यमी छन् र पनि यीनीहरुको सामाजिक आर्थिक स्थिति भने त्यति राम्रो छैन । कामीहरुले नै सम्पूर्ण जातिलाई आवश्यक पर्ने सामाग्रीहरु निर्माण गरि दैनिकी सञ्चालनमा सहजता ल्याइदिन्छन तर उनिहरुलाई नै यो समाजले दलित भनि भेदभाव,छुवाछुत गरिरहेको छ ।शिक्षा, स्वास्थ्य तथा विकासका दृष्टिले कामी जातिहरुपछाडि नै छन् । त्यसैले यो जातिको सामाजिक साँस्कृतिक र आर्थिक अवस्थाको बारेमा खोजी हुनु आवश्यक छ । समाजशाश्त्रीय हिसाबले हेर्दा कामी जाति पनि समाजमा मिलेर बसेको जाति हो । समाजशाश्त्रले समाजमा बसेका विभिन्न जातिका बारेमा अध्ययन गर्दछ । ती जातिहरुमध्ये कामी जातिहरु पनि समाजको एउटा अभिन्न अङ्ग भएकोले समाजको अध्ययन गर्नका लागि कामी जातिको वर्तमान अवस्थाको अध्ययन गर्नु आवश्यक ठाँनी यस जातिको समाजिक, साास्कृतिक तथा आर्थिक अवस्थामा आएको परिवर्तनका वारेमा अध्ययन गरिएको हो । यहाँका कामीजातीको बारेमा अध्ययन गर्नुको कारण अनुसन्धानकर्तालाईयस गा.वि.स.का कामीजातीकोबारेमा राम्रो ज्ञान भएकोले आफ्नो अनुसन्धानको क्षेत्र बनाइएको हो । समाजशाश्त्रीय हिसाबले यो उपयुक्त र आवश्यक पनि छ ।

त्यसैले बाँडेगाँउ गा.वि.स.का कामी जातिको विषयमा भएका उत्सुकता खासगरी निम्न समस्याहरुसँग सम्बद्ध भएर यो शोधकार्य तयार गरिएको छ । सुक्ष्म रुपमा भन्ने हो भने यो अध्ययन मार्फत निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

- बाँडेगाँउ गा.वि.समा जातिय भेदभाव तथा छुवाछुतको अवस्था कस्तो छ ?
- जातिय विभेदले कामी जातिको सामाजिक साँस्कृतिक अवस्थामा के असर पुर्‍याएको छ ?
- कामी जातिहरुको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्था कस्तो छ ? कति प्रभावित छन् ?

यिनै सवालहरुको यथोचित उत्तर खोज्ने तर्फ यो अनुसन्धान अध्ययन केन्द्रित रहेको छ ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य सिन्धुपाल्चोक जिल्लाको बाँडेगाँउ गा.वि.स.को वडा नं ३,४ र ७ का कामीहरुको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थामा आएको परिवर्तनका बारेमा अध्ययन गरि कामीहरुको संक्षिप्त चिनारी गराउनु हो । अध्ययनमा मुलतः निम्न लिखित उद्देश्यहरु रहेका छन् ।

(क) बाँडेगाँउ गा.वि.समा जातिय भेदभाव तथा छुवाछुतको अवस्था पत्ता लगाउने,

(ख) कामीजातिको सामाजिक र साँस्कृतिक पक्षको व्याख्या गर्ने,

(ग) कामीहरुको आर्थिक अवस्था र त्यसमा आएको परिवर्तनले ल्याएको सामाजिक साँस्कृतिक परिवर्तनको चर्चा गर्ने ।

## १.४ अध्ययनको महत्व

नेपालको कूल जनसंख्याको १३% जनसंख्या दलितको छ, त्यसमा पनि दलितको कूल जनसंख्याको४.७५ प्रतिशत जनसंख्या कामीहरुको रहेको छ । बाँडेगाँउ गाँ.वि.स मा गरिबि र अशिक्षाले गर्दा यिनीहरुको जिवन कष्टकर बन्दै गइरहेको छ । समाजमा अछुत भनिने कामी जातिहरु उच्च जाति कहलिएका तागाधारीहरुको आसपासमा बसोबास गर्दै उनिहरुको भाँडाकुडा,हँसिया, कुटो कोदालो, खुकुरी लगायतकासामाग्री बनाउँदै आएको भएतापनि यिनीहरुको सामाजिक, साांस्कृतिक तथा आर्थिक अवस्था निकै दर्दनाक छ ।

सरकार, राजनैतिक दल, विभिन्न संघसंस्थाहरु, सेवा आयोगहरुले दलितका लागि भनेर १३ प्रतिशत कोटा छुट्याए पनि यसले दलित मध्येकै उच्च र टाठा-बाठालाई मात्र फाइदा पुऱ्याएको छ । देशमा प्रजातन्त्र आएको भण्डै सात दशक,बहुदल आएको दुई दशक र गणतन्त्र पनि स्थापित भइसकेको अवस्थामा पनि यिनीहरु बाँच्नको लागि आवश्यक पर्ने आधारभूत तत्वहरुबाट समेत वञ्चित छन् । आर्थिक, राजनैतिक, सामाजिकतथा शैक्षिक क्रियाकलापमा पहुँच नहुनु यिनीहरुको विशेषता जस्तै भइसकेको छ । त्यसकारण यस अध्ययनले बाँडेगाँउ गा.वि.स अन्तर्गत बसोबास गर्ने कामी जातीहरुको सामाजिक साास्कृतिक तथा आर्थिक अवस्थामा आएको परिर्वतनका बारेमा जानकारी दिनुका साथै यी जातिहरुको बारेमा भविष्यमा अध्ययन गर्न चाहने जो कसैलाई समाज बुझ्न सहयोगी हुनेछ । कामी जातिहरुको निश्चित हदसम्मको जानकारी प्रस्तुत गर्न यो अध्ययनले निश्चय नै सहयोग पुर्‍याउने छ । यहाँका कामी जातिहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिकअवस्थामा आएको परिर्वतनका सम्बन्धमा गरिएको यो स्थलगत खोजपूर्ण अध्ययन कामी जातिहरुको उत्थानमासहयोगी हुने अपेक्षा गरिएको छ ।

## १.५ अध्ययनको संगठन

सिन्धुपाल्चोक जिल्ला बाँडेगाँउ गाँउ विकास समितिका कामीहरूको सामाजिक सांस्कृतिक तथा आर्थिकअवस्थामा आएको परिवर्तन अध्ययन गर्ने सिलसिलामा अध्याय एकमा-परिचय :- अध्ययनको पृष्ठभुमी,समस्याको कथन, अध्ययनको उदेश्य, अध्ययनको महत्व, अध्ययनको संगठन । अध्याय दुई-सन्दर्भग्रन्थहरुको सिंहावलोकनः- नेपाली समाज र संस्कृति,नेपाली समाजमा दलितहरुको आर्थिक अवस्था आधुनिकीकरण र यसले ल्याएको सामाजिक आर्थिकपरिवर्तन, लोकतान्त्रिक नेपालमा दलित उत्थान सम्बन्धी भएका विभिन्न प्रयासहरु, कामी जातिको उत्पत्ति र आगमन, नेपाली समाज र संस्कृति,नेपाली समाजमा दलितहरुको आर्थिक अवस्था आधुनिकीकरण र यसले ल्याएको सामाजिक आर्थिक परिवर्तन,लोकतान्त्रिक नेपालमा दलित उत्थान सम्बन्धी भएका विभिन्न प्रयासहरुकामी जातिको उत्पत्ति र आगमन ।अध्याय  तीन : अनुसन्धान विधिः-अध्ययन क्षेत्रको छनौट र यसको औचित्य, अनुसन्धानको ढाँचा,तथ्याङ्कको प्रकृति र स्रोत,समग्र र नमुना छनौट प्रकृया,तथ्याङ्क सङ्कलनका विधिहरु,१ जनगणना विधि २ प्रश्नावली विधि३ अवलोकन विधि , तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरण,अध्ययनको सीमा । अध्याय चार :अध्ययन क्षेत्र एक परिचय भौगोलिक स्थिति,प्राकृतिक स्रोत,१ हावापानी, र माटो, २ वनजङ्गल,३ जनसंख्या तथा बसोवास, ४ आयका स्रोतहरु,५ शैक्षिक स्थिति,६ यातायात,७ अन्य सेवाहरु । अध्यायपाँच :- कामी जातिको सामाजिक, साँस्कृतिक अवस्था र त्यसमा आएको वरिर्वतनः सामाजिक अवस्थाः१ पारिवारिक स्थिति,२ शिक्षा,३ कामी जातिका थरहरु,४ भेषभूषा,५ खानपान,६ रहनसहन,७ धर्म र भाषा,८ घरको किसिम,९ नारीको स्थान, साँस्कृतिक अवस्थाः १ जन्मसंस्कार,२ अन्नप्राशन,३ व्रतबन्ध,४ विवाह संस्कार,५ मृत्यू संस्कार, कामी जातिले मनाउने चाडपर्वहरु,पूजाआजाहरुः १ दुर्गा पूजा,२ नाग पूजा,३ कूलायन पूजा,४ वायू पूजा,५ कामी जातिको अन्य जातिसँगको सम्बन्ध,१ ब्राम्हण, क्षेत्री र कामी जातिबीचको सम्बन्ध,२ तामाङ्ग र कामी जातिबीचको सम्बन्ध,३ दलितहरु बीचको सम्बन्ध ।  अध्याय छ : कामी जातिको आीर्थक अवस्था र त्यसमा आएको परिवर्तनः आर्थिक अवस्था : १ पेशा,२ भू- स्वामित्व,३ खेतीपाती,४ पशुपालन, ५ खाद्यान्न पहुचँको स्थिति,६ खर्चको स्थिति ,आर्थिक पछौटेपनका कारणहरु :१ सामाजिक कारण,२ शैक्षिक कारण,३ आन्तरिक कारण,३ अध्ययन क्षेत्रका कामी जातिहरुको आर्थिक अवस्थामा आएको परिवर्तन । अध्याय सात : सारांश तथा निश्कर्ष : सारांश ,निश्कर्ष ,सन्दर्भसामग्री सूची परिशिष्ट समावेश गरिएको छ ।

## अध्यायः दुई

## सन्दर्भ ग्रन्थहरुको सिंहावलोकन

### २.१ नेपाली समाज र संस्कृति

मानव समाजको प्रारम्भिक चरणमा मानिसहरु जङ्गली कन्दमूल, फलफुल तथा जङ्गली जनावरहरुको शिकार भोजन गरी विभिन्न रुखका बोक्रा तथा जनावरहरुको छालाको कपडा लगाउने र ओडार तथा गुफामा बस्ने गर्दथे । त्यसबेलाको समयलाई ढुङ्गेयुग भन्ने गरिन्थ्यो । यिनीहरु विभिन्न "समूह" बनाएर बस्ने गर्दथे जुन समूहलाई 'कविला' भनिन्थ्यो । समय बित्दै जाँदा यिनीहरुले फलफूलहरु रोप्ने, जनावरहरुपाल्ने गर्न थाले । मासुका साथसाथै दूधलाई पनि प्रयोगमा ल्याउन थाले । बढ्दो जनसंख्या र विभिन्न समस्याहरुको आवश्यकताको परिपूर्तिका लागि कविलाहरुमा कामको बाँडफाँड, लडाई तथा शिकारको लागि नेता चुन्ने गरिन थाले ।नेता चुन्नेकामका लागि कविलाकी सबैभन्दा बृद्ध महिला वा आमालाई जिम्मा दिइन्थ्यो । कविलामा यौन स्वतन्त्रता रहेको कारण जन्मेको बच्चाको पिताको बारेमा थाहा नहुने हुनाले आमाको नामबाट नै बच्चाको गोत्र छुट्याइन्थ्यो । गोत्रको नाम आमाको नामबाट नै राखिन्थ्यो । मानव सभ्यताको विकास सँगसँगै घरजम गर्ने, खेतीपाती गर्ने जस्ता कारणले पुरुषहरु शक्तिमा आए, फलस्वरुप पितृसतात्मक परिवारको विकास हुन थाल्यो र त्यसपछि जन्मेका बच्चाहरुको पहिचान बाबुको नामबाट हुन थाल्यो भन्ने कुरा मानव सभ्यता विकासको इतिहासबाट थाहा हुन्छ । त्यसपछि आर्य समाजको विकास ई.पूं. ४००० र ५००० बीचमा भएको भनिएको छ । त्यसबेला आर्य समाजलाई पनि दुई भागमा विभाजन गरिएको पाइन्छ ।

१) पूर्व वैदिक काल २) उत्तर वैदिक काल

ई.पूं. १००० देखि ५००० वर्षको समयलाई उत्तर वैदिक काल मानिएको छ । आर्यहरु यस कालमा उत्तर पश्चिमबाट पूर्वतिर बढ्दै आए । कुरु, पञ्चाल, कैशल, काशी, बिदेह, मगध, अङ्ग आदि राज्यहरुको स्थापना गरे (विश्वकर्मा, २०५३) । फरक-फरक हावापानी र वातावरणमा रहंदा बस्दा यस्ता विभिन्न भागमा विभिन्न रङ्गहरुका अनार्य वर्गसँग लडाई समन्वय आदि कारणले एकै समुदायका आर्यहरुमा विभिन्न रङ्ग (वर्ण) छुट्टिन गयो । कालान्तरमा यसले जातपातको सृजना गर्‍यो ।

ऋग्वेदको दशौं मण्डलमा उल्लेख भए अनुसार पहिला ब्राम्हण एक्लै थिए । एक्लै भएको कारणले गर्दा विभूतियुक्त काम गर्नमा उनी समर्थ हुन सकेनन् । त्यसैले क्षेत्री उत्पन्न गराए । यति हुँदा पनि काममा व्यवधान भएकोले वैश्य र वैश्य हुँदा पनि समाज सुचारु

रुपले चल्न नसकेकोले शूद्रको जन्म गराएको देखिन्छ । यसरी वर्ण विभाजन गरिएको भएतापनि विभिन्न वर्णहरुको सामाजिक स्तर र मान्यतामा यस युगमा भिन्नता थिएन । त्यसै गरी शूद्र वर्णको विकास ई.पू १५००-१००० को समयलाई मानिन्छ । संस्कृत शव्दमा शूद्रको अर्थ विदेशी, वाहिर, बेग्लै, विजातीय हुन्छ । तर शूद्र शव्दलाई समय समयमा आ-आफ्नो स्वार्थ अनुकुल ब्याख्या गरिदै आएको पाइन्छ । (विश्वकर्मा, २०५३)

योनाहितग्नि सद्गुरयज्या चः सहस्रगुः ।

तयो रपि कुटुम्वाभ्यां अहिरेत अविचारयन ॥

मनुस्मृति-११।१४

अर्थ-यज्ञ गर्छु भन्ने नाममा कुनैपनि ब्राम्हणले एकसय गाईदेखि एकहजार गाईसम्म भएका मानिसहरुसँग बिना सोच विचार उसको सम्पत्ति लिन हुन्छ । यस्तैगरी बाहुनले यज्ञ गर्छु भनेर कुनै पनि शूद्र जातिको घरबाट सबै श्रीसम्पत्ती लुटेर लगे पनि हुन्छ, किनभने शुद्र जातिको यज्ञसँग कुनै सम्बन्ध नै हुँदैन । (याख्याराई, २०५३)

यसरी एकोहोरो रुपमा शूद्र उपर सामाजिक, आर्थिक र मानसिक रुपमा लगातार प्रहार भइरहे पछि इतिहासमा आवाजहरु नउठेका होइनन् तर ती विरोधका आवाजहरु उपर भौतिक वा मानसिक रुपमा दबाउने प्रयास यसरी गरियो :

यो हयस्य धर्ममा : चप्टे यश्वर्चैवादिशाति व्रतम

सो संवृतनाम तमः सहते नैव मञ्जति

मनुस्मृति-४।८१

अर्थ- जसले शूद्र जातिका मानिसलाई धर्म, विद्या र ज्ञानगुनका कुरा बताउँछ वा उसलाई पनि फलानो व्रत गर्दा यस्तो हुन्छ भनेर उपदेश दिए भने त्यस्ता बाहुनलाई कतैबाट हावा र घाम नछिर्ने कोठामा थुनिदिनु पर्दछ त्यो त्यहि सडेर मरोस् बरु । (याख्याराई, २०५३)

यसरी माथिल्ला जातिहरुलाई पनि समाजले आफ्नो जातीय कानुन उल्लङ्घन गरे वापत सजाँय दिएर पनि तल्लो जातमा झारेको हो भन्ने कुरा मनुस्मृतिको दोश्रो श्लोकबाट स्पष्ट हुन्छ । एउटा ब्राम्हण जातिले पनि शूद्रको सङ्गत गरेर वा शूद्रलाई पढाएमा समाजले उसलाई शूद्र जातिमा झार्दै कामी जस्ता तल्ला जातिहरुको उत्पत्ति भएको हो भन्न सकिन्छ।

नेपालमा जातिभेद तथा छुवाछुत प्रथालाई बलियो र स्थायी पार्ने तथा वर्णको आधारमा जातियभेदलाई प्रश्रय दिने काम मल्लकालमा नै भएको पाइन्छ । ‘मल्लकालीन’ सामाजिक अवस्था प्रारम्भमा निकै राम्रो थियो । यहाँको समाज वर्ण व्यवस्थामा आधारित थियो तर पछि यो समाजमा विकृतिहरु देखा पर्न थाले । भारतीय हिन्दु र बौद्ध समाजमा

मुस्लिम आक्रमणले गर्दा अस्तित्व रक्षाका लागि नेपालमा पसेका बौद्ध धर्मालम्बीहरुले गर्दा यहाँको सामाजिक जन-जीवनमा नकारात्मक असर पर्‍यो । बौद्ध धर्मको प्रभाव बढ्दै गएकाले हिन्दु धर्मको रक्षा गर्न आवश्यक ठानियो । यसै अवस्थालाई ध्यानमा राखी राजा जयस्थिति मल्लले हिन्दु धर्मलाई राजधर्म बनाए । उनले (वि.सं. १३८० देखि १३९४ सम्म) समाजलाई ४ वर्ण ३६ जात र ६४ उपजातमा विभाजन गरे जसमध्ये ३२ जात खाली ज्यापु (कडा परिश्रम गर्ने नेवार) मात्र थिए । उनले ठूला जातका स्त्रीले तल्लो जातसँग वैवाहिक सम्बन्ध स्थापीत गरेमा स्त्री पुरुषकै जातिमा ओर्लने बन्दोबस्त मिलाए । उनले हरेक जातिका भोजन, बसोबास, जन्म, विवाह र मृत्यू सम्बन्धी अनेकौ थिति बसाले । उनको यस कार्यले हिन्दु धर्मको पुर्नउत्थान भयो । सामजिकसंस्कार विधि आदि सबै पेशा अनुसार देखिन थाल्यो ।

हाम्रो जस्तो रुढीवादी समाजमा दलितप्रति गरिने सामाजिक विभेद, जातीय विभेद, छुवाछुत प्रथा आदि जस्ता व्यवहारहरु विद्यमान रहेका छन् । यस्ता व्यवहारहरुको सामाजिक रुपमा निवारण गर्नका लागि सरकारी स्तरबाट विभिन्न समयमा जारी गरिएका कानूनहरु, संविधानहरु योजनाहरु, लेख तथा प्रतिवेदनहरु आदिमा यस्ता विभेदलाई निरुत्साहित गर्ने र दलित जातिलाई प्रोत्साहन दिई समाजमा विद्यमान विभेदपूर्ण स्थितिको अन्त्य गरी सामाजिक सुधार तथा मानवीय विकासमा जोड दिएको पाइन्छ । यस शोधपत्रले कामी जातिको अवस्थाको अध्ययन गर्ने उद्देश्य राखेको हुनाले सरकारी स्तरबाट सामाजिक सुधारका लागि गरिएका प्रयासहरुको यहाँ जानकारी हुनु आवश्यक छ ।

वि.सं. २००७ सालभन्दा अगाडि देशमा प्रजातन्त्र नभएका कारण र विदेशी विद्वानहरुलाई नेपालमा जातजातिका बारेमा अध्ययन अनुसन्धान गर्ने अनुमति नदिइएका कारणले गर्दा त्यति अध्ययन एवम् अनुसन्धान भएको पाईदैन । यसभन्दा अगाडि यस्तो अनुमति र सरकारी सुविधा नभए तापनि कतिपय व्यापारी, यात्री, धर्मप्रचार, ब्रिटिश सैनिक तथा निजामति सेवाका कर्मचारीहरुले आफ्ना विभिन्न प्रकारका लेख, रचना एवम् विभिन्न पुस्तकहरु प्रकाशित गरेका छन् । जब वि.स. २००७ सालपछि देशमा प्रजातन्त्रको उदय भयो तत्पश्चात् विदेशी विद्वानहरुले यहाँको जातजाति तथा जनजातिबारे अध्ययन अनुसन्धान गर्न थालेको पाइन्छ ।

नयाँ मुलुकी ऐन (वि.सं.२०२०) ले छुवाछुत हटाएको छ र जातजातिको आधारमा सजााय घटिबढी नगर्ने व्यवस्था गरेको छ । यसरी सबै जातजाति कानूनको नजरमा समान रहने छन् । तर व्यवहारिक रुपमा कार्यान्वयन कमै मात्रामा भएको पाइएको छ ।

नेपालमा प्रजातन्त्रको पुर्नस्थापना २०४६ सालमा भएपछि पनि समाजमा माथिल्लो जातबाट दलितहरु शोषित भएका, हेपिएका र दबिएका महशुस गरी दलित जाति तथा जनजातिहरु आर्थिक तथा सामाजिक सुधारका लागि दलित सेवा संघ, दलित समाज संघ, उत्पीडित जातीय मुक्ति समाज, विपन्न समाज सेवा समिति, दलित सीप प्रबर्द्धन जनउत्थान प्रतिष्ठान, दलित महिला संघ जस्ता संस्थाहरुहरुमा आबद्ध रहेका छन् ।

नेपालको अन्तरिम संविधान (२०६३) ले छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हकको निम्नानुसार व्यवस्था गरेको छ :

१.कुनैपनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानुनद्वारा निर्धारित भए बमोजिम क्षतिपूर्ति पाउने छ ।

२. कुनै पनि व्यक्तिलाई जातजातिको आधारमा सार्वजनिक स्थलमा रहेको सेवा, सुविधा वा उपयोगका कुराहरु गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्यबाट बञ्चित गरिने छैन ।

३. कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा सुविधा वा वस्तु कुनै खास जातजातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु सेवा वा सुविधा कुनै खास जात जातिको व्यक्तिलाई मात्र बिक्री वितरण गरिने छैन ।

४. कुनै जातजाति वा उत्पत्तिका व्यक्ति वा व्यक्तिहरुको समूहको उच्च, नीच दर्शाउने जातजातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित गराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचारप्रसार गर्ने वा जातीय विभेदलाई कुनै किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

५. उपधारा २, ३ र ४ विपरीतको कार्य कानुन बमोजिम दण्डनीय हुनेछ ।

एघारौ त्रि-वर्षीय अन्तरिम योजना (वि.सं. २०६४/६५-२०६७/६८) ले समृद्ध र न्यायपूर्ण नेपाल निर्माणका लागि आर्थिक, सामाजिक रुपान्तरणको आधारमा तयार गर्ने प्रमुख लक्ष्य राखी समाजमा विद्यमान विभेदपूर्ण स्थिति र राज्य व्यवस्थाको संरचनागत कमजोरीले गर्दा पछाडि परेका वा पारिएका वर्ग, महिला, आदिवासी, जनजाति, दलित, मधेसी आदिलाई केन्द्रित गरी स्पष्ट नीति, संस्थागत संरचना तथा कार्यक्रम कार्यान्वयन गरिने उल्लेख छ ।

## २.२ नेपाली समाजमा दलितहरुको आर्थिक अवस्था

इतिहासको कालखण्डमा कानूनी रुपमा नै श्रम विभाजनको माध्यमबाट दासतामा लादिएको, वर्तमानमा पनि श्रम, सीप र कलाका धनी दलितहरुको अवस्था अन्य समुदायको

तुलनामा निकै कमजोर रहेको छ । अशिक्षा, भूमीहिनता, गरिबी दलित समुदाय भित्रको प्रमुख समस्याको रुपमा देखिएको छ । चौधौ शताब्दीका राजा जयस्थिति मल्ल (१४३८-१४५२) ले जातका आधारमा श्रम विभाजन गरी स्वेच्छाले पेशा र रोजगारी गर्न पाउने अधिकारबाट वञ्चित गरेका थिए भने प्रधानमन्त्री जङ्ग बहादुर राणाले मुलुकी ऐन मार्फत जातीय छुवाछुतलाई कडाईका साथ लागु गरी दलित समुदायलाई आर्थिक गतिविधी गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा निषेध गरे । यसरी राज्यबाट नै करीब सातसय वर्षयता जातपात र छुवाछुतले गर्दा दलितहरु आर्थिक उन्नतीमा अग्रसर हुन सकेनन् । सामाजिक कुसंस्कार र त्यसमा विकसित कु-प्रवृत्तिले दलितहरुलाई सदा बधुवा र पराधिन भएर बस्न बाध्य बनायो । शिक्षा र रोजगारी दुवैबाट वञ्चित बनाइएका दलित समुदायको पीडा उनीहरुको सन्तानमा पनि पर्दै आयो । वास्तवमा तराई तथा पहाडी क्षेत्रका दलित समुदाय भूमीहिन छन् । उनीहरुसँग खेती गर्ने भूमी छैन । तराई नेपालको खाद्यान्न भण्डार हो भनिन्छ तर भुमीहिन जनता तराईमा सबैभन्दा बढी पाइन्छ ।

कृषि श्रमिकको रुपमा काम गर्ने जग्गा विहिन दलितहरु प्रायः बधुवा कृषि श्रमिकको रुपमा काम गर्ने गर्दछन् । मधेसका हरुवा चरुवा आफैले खाएको ऋणको मारमा परेका दलित कृषि श्रमिकहरुको ज्याला थोरै हुन्छ । मध्यपश्चिम तथा सुदुरपश्चिममा हलिया प्रथाको रुपमा रुपमा कायमै रहेको छ । यसरी कृषि उपार्जनबाट पनि दलित समुदायको आर्थिक अवस्था माथि उठ्न सकेको छैन् । दलितहरु कला र सीपमा धनी रहे तापनि उनीहरुको परम्परागत जातीय पेशाले पनि दलित समुदायको आर्थिकस्तर अपेक्षित ढङ्गले उठाँउन सहयोग पुऱ्याउन सकेको छैन् । (इन्सेक, १९९४)

गएको १० वर्षको सशश्त्र विद्रोहका कारण कतिपयले आफ्नो परम्परागत पेशा छोडेर र घरबार त्यागेर विदेश पलायन भए । सुन बनाउनेले चोरी हुने डरले सुनको कारोबार नै गर्न छाडिदिए । हातहतियार, भाँडाकुँडा बनाउनेले पनि आफ्नो सुरक्षाको डरले यस्तो काम गर्न छाडेर अन्यत्र लागे । यस विद्रोहका कारण उनीहरुलाई सीपयुक्त रोजगारीबाट सीपविहिन अर्थात कुल्लीको स्तरमा झारेको पाइन्छ । कतिपय दलितले रोजगारी नपाएर भोक-भोकै जीवन बिताउन बाध्य भए भने कतिपय मागेर भएपनि आफ्नो जीवन बचाउान बाध्य भए । (परियार, २०६६)

दलित समुदायलाई आफ्नो परम्परागत पेशा छाड्नु परेपनि अन्य वैकल्पिक काम पाउन सकेमा उनीहरुको आर्थिक स्थितिमा खासै फरक पर्ने थिएन । यस विद्रोहका कारण स्वदेशमा हुनुपर्ने लगानी विदेशतर्फ पलायन हुँदै गयो । असुरक्षाको कारण स्वदेशी तथा

विदेशी पूँजीपतिहरु आफ्नो लगानीलाई यस क्षेत्रबाट अन्यत्र सार्न बाध्य भए । यसले गर्दा ग्रामीण भेगमा सिर्जना हुने रोजगारीमा अत्याधिक गिरावट आई दलितहरु प्रत्यक्षः रुपमा प्रभावित भए ।

यो शसस्त्र विद्रोहले दलितहरुलाई फाइदा पनि पुऱ्याएको छ । दलितहरु स्थानीय जमिन्दारकोमा निशुःल्क सेवा गर्ने प्रथाको क्रमशः अन्त्य हुँदै आइरहेको छ । जमिन्दारकोमा काम गर्ने महिला र पुरुषले आफ्नो श्रमको मूल्य पाउन थालेका छन् । परम्परादेखि नै दलित समुदायले मदिराजस्ता लागु पदार्थ सेवन गरी अलिअलि भएको आम्दानी पनि सक्ने प्रवृत्ति थियो तर यो आन्दोलन पछि डरले उनीहरुको मदिरा सेवन गर्ने कार्यलाई विस्तारै त्याग्दै गएको पाइन्छ । यो विद्राहको अन्त्य पछि दलितहरुको आर्थिक अवस्थामा पनि सुधार आएको पाइन्छ । यिनीहरुमा पनि जनचेतनाको बृद्धि भएको कुरा महसुस गर्न सकिन्छ ।( आहुती २०६९)

## २.३ आधुनिकीकरण र त्यसले ल्याएको सामाजिक, आर्थिक परिवर्तन

### (क) सामाजिक परिवर्तन

समाजको आधुनिकीकरणसँगै दलित र गैरदलितहरु बीचको खाडल पनि विस्तारै पुरिदैं गएको छ । दलितहरुमा परम्परागत पेशा मात्रै अपनाउनुपर्छ र हामीले उपल्लो जातिलाई जहिल्यै पनि मालिकको दृष्टिले हेर्नुपर्दछ र हामी उनीहरुका दासदासी मात्रै हौं भन्ने मान्यता पनि विस्तारै हट्दै जाँदैछ भने गैर-दलितहरु पनि दलितहरुलाई समान रुपमा हेर्नु पर्दछ भनेर वकालत गरिरहेका छन् ।

विशेषगरी आधुनिक समाजको निर्माण सँगसँगै दलित वर्गका यूवा-यूवतिहरु र गैरदलित वर्गका यूवायूवतिहरु जातिय छुवाछुतका विरुद्धमा खुलेआम हिँडेको देखिन्छ । कतिपय गैरदलितहरु ब्राम्हण, क्षेत्री आदि जातजातिका यूवा यूवतिहरुले दलित समुदायका छोरा-छोरीहरुसँग विवाह गरेर आफ्नो घरपरिवारसंग विद्रोह गरी घर छोडेर हिँडेका उदाहरणहरु पनि यदाकदा भेटिन्छन् भने कतिपय बाब-आमाहरुले आफ्ना छोरा-छोरीहरुको चाहनालाई सहजरुपमा स्वीकार गरेको समेत देखिन्छ । यसलाई सामाजिक परविर्तनको बलियो आधारका रुपमा लिन सकिन्छ । पहिले पहिले दलित समुदायका मानिसहरुले अन्जानमा नै गैर-दलितहरुलाई छोएमा शरिरमा पानी छर्कने, लगाइरहेको लुगा धोएर मात्र लगाउने आदि गर्दथे भने आजकाल गैरदलितका कतिपय बुढापाकाहरु समेत दलितहरुसँग सहज रुपमा हिँडडुल गर्न थालेका उदाहरुणहरु पनि प्रसस्त छन् ।

समाजका विभिन्न कार्यक्रमहरुमा दलितहरुलाई पनि आफ्ना भनाईहरु राख्न दिइन्छ भने उनीहरुका विचारहरुलाई कतिपय गैर-दलितहरुले सजिलै स्वीकार गरेको पाइन्छ । दलित र गैरदलित बालबालिकाहरुसागै हिड्दा, यूवा-यूवतिहरुले सहजरुपमा दलितहरुको घरमा खानपिन गर्दा समेत कतिपय बाब-आमाहरु उनीहरुका छोरा-छोरीहरुलाई त्यस्तो नगर्नका लागि हस्तक्षेप गर्दैनन् । यसले के देखाउँछ भने समाजको आधुनिकीकरण सगँसँगै दलित र गैर-दलितबीचको भेदभाव विस्तारै हट्दै गएको छ । (परियार २०७१)

**(ख) आर्थिक परिवर्तन**

परम्परागत मान्यतालाई विस्तारै त्याग्दै दलितहरुमा हामी पनि केहि गर्न सक्छौं भन्ने भावनाको विकास भएको देखिन्छ । दलितहरु आफ्नो परम्परागत पेशाहरु जस्तै कामी जातिले फलाम तथा गर-गहनाको काम, दमाई जातिले लुगा सिउने काम, सार्की जातिले छालाको काम आदि विस्तारै त्याग्दै आइरहेका छन् । यदाकदा त्यस्ता पेशाहरु अँगालिरहेका भए पनि त्यस्ता काम गर्ने व्यक्तिहरु प्रायः बुढापाकाहरु मात्रै भेटिन्छन् भने कतिपय पढेलेखेका यूवा-यूवतिहरु सरकारी तथा गैरसरकारी संस्थामा र अन्य सामान्य साक्षर यूवा-यूवतीहरु पनि वैदेशिक रोजगारमा गई आफ्नो आर्थिक हैसियतलाई मजबुत बनाइरहेका छन् । नेपालको कानुनले समेत समावेशीकरणको अवधारणा ल्याएकाले दलित वर्गहरुलाई प्रतिस्पर्धात्मक दृष्टिले समेत सहज भएको हो । विभिन्न सरकारी निकायहरु जस्तो लोकसेवा आयोग, शिक्षक सेवा आयोग आदि क्षेत्रहरुमा दलितहरुका लागि छुट्टै कोटा भएकोले उनीहरुलाई रोजगारी प्राप्त गर्नका लागि केहि सहज बनेको छ । शिक्षाको विकास र विभिन्न पेशाहरुमा आवद्ध भएबाट दलितहरुको आर्थिक विकास राम्रैसँग भएको देखिन्छ भने प्रायः अझैपनि दलितहरु आफ्नो दैनिक जीवन सञ्चालन गर्नका लागि गैरदलित तथा धनाढ्य जातजातिका मानिसहरु कहाँ गई काम गर्ने गरेका उदाहरण पनि भेटिन्छन् ।

कतिपय परम्परागत पेशाहरु अपनाउनेहरुले पनि त्यस्ता पेशाहरुलाई आधुनिकीकरण गर्दै सञ्चालन गरेको पाइन्छ । सुन, फलाम, छाला आदिका काम गर्नेहरुले पनि अन्य व्यक्तिहरुलाई समेत रोजगारी दिनेगरी शहरी वा अन्य क्षेत्रमा निश्चित व्यवसाय सञ्चालन गरिरहेका छन् भने कतिपय दलितहरु आफ्नो परम्परागत पेशा छोडी कृषि कार्य, काठको काम,चाँदी आदि क्षेत्रमा लागिरहेका छन् र आफ्नो आीर्थक स्थितिलाई मजबुत बनाउँदै आइरहेका छन् । (स्थलगत सर्वेक्षण २०७२)

## २.४ लोकतान्त्रिक नेपालमा दलित उत्थानसम्बन्धी भएका विभिन्न प्रयासहरु

वि.सं. २०५२ साल फागुन १ गतेदेखि तत्कालिन नेकपा माओवादीले सशस्त्र जनयुद्धको शुरुवात गऱ्यो । विभिन्न जातजातिहरुलाई आफ्नो विद्रोहको उद्देश्य पुरा गर्नका लागि विभिन्न आश्वासनहरु सहित थालिएको यो विद्रोह वि.सं. २०६२/६३ सालको जनआन्दोलन (जुन तत्कालिन सात राजनीतिक दल र नेकपा माओवादीको सहकार्यमा सम्पन्न भएको थियो) को अन्त्यपछि केहि उपलब्धिहरु सहितउक्त जनयुद्धको बलमा जन आन्दोलन सफल भयो । यो जनआन्दोलन पछि दलित जातजातिका हक अधिकारहरुका निमित्त राजनीतिक दलहरुबाट महत्वपूर्ण नीतिहरु प्रस्तुत गरिदैं गएको छ । समाजमा व्याप्त रहेको छुवाछुत प्रथाको व्यवहारिक रुपमा नै अन्त्य हुनेछ भन्ने अपेक्षा गरिएतापनि सोचे अनुरुपका उपलब्धिहरु हाँसिल हुन सकेनन् ।

हुनत परम्परालाई एकैचोटीमा बदल्न धेरै कठिन हुन्छ । यहि परम्परागत विभेदका कारण दलित समुदायहरुका सामाजिक, आर्थिक, राजनीतिक, साास्कृतिक, शैक्षिक आदि समस्याहरु व्यापक रुपमा रहेका छन्. । नेपालको कानूनले छुवाछुत प्रथालाई पूर्णत :अन्त्य गरिसके तापनि व्यवहारमा भने त्यो लागु हुन सकेको छैन । अझैपनि उपल्लो जात भनिने ब्राम्हण, क्षेत्री आदि जातिहरुले तल्लो जात भनिने कामी, सार्की, दमाई आदि जातिहरुलाई पानी, पँधेरो, मठमन्दिर आदि सार्वजनिक स्थानमा समेत भेदभाव गरेका देखिन्छन् भने उनीहरु पनि आफ्नो दयनीय आर्थिक अवस्थाका कारण ती उपल्लो जातिकोमा गई दास - दासिको रुपमा काम गर्न बाध्य छन् । दलितहरुको शैक्षिक अवस्थाको कुरा गर्ने हो भने जन-आन्दोलनपछि पनि यसमा खासै सुधार भएको देखिदैन । सन् २०१० को मानव विकास प्रतिवेदन अनुसार दलित महिलाहरुको साक्षरता दर ३४ प्रतिशत मात्रै छ जबकि ब्राम्हण, क्षेत्री समुदायका महिलाहरुको साक्षरतादर ६८.८ रहेको छ । (मानव विकास प्रतिवेदन २०६३)

तर पनि पुरानो व्यवस्थाको तुलनामा यो आन्दोलनपछि नेपाली दलितहरुप्रतिका विभिन्न भेदभावहरुको अन्त्यका लागि केहि प्रयासहरु भने भएका छन् । जन-आन्दोलन २०६२/६३ पछि २०४७ सालको संविधान पूर्णतः खारेज भई संविधानसभाको निर्वाचनद्वारा नयाँ संविधान नबनेसम्मको अवधिका लागि राज्य सञ्चालनका लागि अन्तरिम संविधानको व्यवस्था गरियो । सोही संविधानको भाग ३ को मौलिक हक अर्न्तगत धारा २१ मा सामाजिक न्यायको हक छ जसमा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि पारिएका

दलित समुदायहरुलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागि हुने हकको व्यवस्था गरिएको छ । (नेपालको अन्तरिम संविधान, २०६३)

जन-आन्दोलनपछि समावेशी सिद्धान्तलाई अङ्गिकार गरी दलितहरुलाई आरक्षणको व्यवस्था गरियो जसमा नेपाल सरकारको सुरक्षा निकायहरुमा खुल्ला प्रतियोगिताबाट पदपुर्ति गर्दा कुल रिक्त संख्याको ४५ प्रतिशत आरक्षणको व्यवस्था गरिएको छ भने सो मध्ये १० प्रतिशत आरक्षण दलित समुदायका लागि छुट्टाइएको छ । यसैगरी निजामति सेवाको खुल्ला प्रतियोगिताबाट पदपूर्ति गर्दा कुल रिक्त संख्याको ४५ प्रतिशतको आरक्षण मध्ये ९ प्रतिशत आरक्षण दलितहरुका लागि व्यवस्था गरिएको छ ।

दलित समुदायमा रहेको कमजोर शैक्षिक अवस्थालाई मध्यनजर गर्दै शैक्षिक क्षेत्रमा समेत जनआन्दोलनपछि केहि परिवर्तन गरिएको छ जसमा शिक्षा मन्त्रालय अर्न्तगत सम्पूर्ण दलित विद्यार्थीहरुलाई माध्यमिक तहसम्म निःशुल्क अध्ययनको व्यवस्था गरिएको छ भने सोही मन्त्रालय अर्न्तगत नै एम.वि.वि.एस. अध्ययन गर्ने छात्रवृत्तिको कोटामा ४५ प्रतिशत आरक्षणलाई शतप्रतिशत मानेर त्यस अर्न्तगत १५ प्रतिशत दलित छात्रवृत्तिको व्यवस्था गरिएको छ । (परियार/विश्वकर्मा, २०६६)

वि.सं. २०५८ साल चैत्र ६ गते गठन भएको राष्ट्रिय दलित आयोगलाई स्वायत्तता दिनुपर्दछ भन्ने बहस पनि अहिले व्यापक रुपमा उठिरहेको छ । नेपाल सरकारद्वारा मिति २०६६ माघ १२ गते जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) विधेयक, २०६६ संसद्द्वारा सर्वसम्मतिले पारित गरेको छ ।

यी यस्तै केहि आशा लाग्दा परिवर्तनहरु भए तापनि व्यवहारिक रुपमा दलित वर्गहरुमाथिको अन्याय, अत्याचार भने यदाकदा अझैपनि व्याप्त रहेको पाइन्छ । विभिन्न जात-जातिहरु नयाँ संविधानमा जातीय स्वायत्तता सहितको संघीय गणतन्त्रात्मक नेपालको हक खोजिरहँदा दलितहरु भने नयाँसंविधानमा आफ्नो स्थानको सुनिश्चितता खोजिरहेका छन् ।

## २.५ कामी जातिको उत्पत्ति र आगमन

उपाध्याय(वि.स.२०४९) ले हिन्दुधर्म भित्र मानव उत्पीडनका सन्दर्भहरु" नामक पुस्तकमा चर्चा गरेका छन् । आदिम मानव समाजमा वर्गको उत्पति भएको थिएन । ई. पू. इरानीको धर्मग्रन्थ अनुसार ( ऋग्वेदको समकालिन ग्रन्थ ) अवेस्ता थियो । यस धर्म ग्रन्थबाट थाहा हुन्छ की प्राचीन इरानीहरु (आर्य) मा वर्ण व्यवस्था थिएन । सो धर्म-ग्रन्थलाई उनीहरुले साथैमा लिएर भारत आए । वैदिक कालमा आर्य (सभ्य मानवको एक प्राचीन

जाती) र अनार्य (असज्जन) दुई वर्ण मात्र थिए । श्रम विभाजनका क्रममा आर्यहरुले केही समयपछि ब्राम्हण, क्षेत्री र वैश्य वर्णको सृजना गरे । इतिहासको काल-खण्डमा आर्य र अनार्य बीचमा भएको युद्ध (देवासुर संग्राम) मा अनार्य पराजित भए, राज आज्ञा नमानेको कारण साथै राजा र ब्राम्हणको आपसी झगडा (वर्णव्यवस्था अनुसार क्षेत्रीय राजा र ब्राम्हण राजगुरु हुने  नियम अनुसार अधिकारको खिचातानी) को परिणामस्वरुप शूद्रवर्णको जन्म भयो । जनैबाट बन्चित गरिएपछि अनार्यको समाजमा अस्तित्व कम हुँदै गयो । क्रमशः वर्ण अत्याचारको शिकार हुँदै गई ई पू ५०० आसपासमा हिन्दू समाजमा अछुतको दर्जामा अनार्य झारिए ।

आर्यसभ्यताको विकाससँगै विभिन्न धातुका गरगहना, भाँडावर्तन तथा हातहतियार निर्माण जस्तो अर्थतन्त्रको एक महत्वपूर्ण क्षेत्रमा लाग्दै तर वर्णाश्रम धर्मको गलत प्रयोगबाट कथित उत्पीडित (अछुत, दलित) रहँदै आएको एक जाति कामी हो ।

"अश्विनौ, धनिनो, विश्वकर्मा विद्याद्यरादय
वैश्यवर्ण, पतिर्ते षां धनादं व्यदधाद्वरि : ॥३॥
जातिभाष्कर पृ-२०८ श्लोक ३० (विश्वकर्मा, २०५६)

(दुवै अस्विनी कुमार, कुवेर, विश्वकर्मा र धरादिहरु यी वैश्य वर्णमालाका थिए । भगवान विष्णुले सबैको स्वामी कुवेरलाई बनाए) विश्वकर्माले देवीलाई धारिला वञ्चरा, सुन, चाादी, हिरामोति दिएका थिए । चण्डी पुराण-२ श्लोक २०-३० अनुसार श्रीकृष्णको द्वारिकापुरी पनि निर्माण गरेका थिए भन्ने जस्ता वर्णनहरु पाइन्छ । पछि गएर यी विश्वकर्माले (मन्थप), गोपीकी, प्रभावति नामकी कन्यासँग विवाह गरेर मालाकार (माली), कर्मकारव (लोहार), शंखकार (शंखबाट विभिन्न सामान बनाउने), कुबिन्दक (जुलाहा), कुम्भकार (माटाको भाडो बनाउने) कसेरा, उठेरा, तमेडा, चित्रकार र सुनार नामका ९ वटा छोराहरुको जन्म दिए ।

"मालाकारः कर्म्मकारः शंखकारः कुविन्दक
कुम्भकारः कंशाकारः षडेते शिल्पिना वशः ।२०॥
शुत्राधारस्चित्रकारः स्वर्णकारस्थै व च ।
तस्ये ब्राहम्णशायमाज्य वर्ण शंकरा ॥२१॥ जातिभाष्कर पृ.१९४-१९५

त्यस्तै ब्रहम्मावेर्क्त पुराण' को ब्रम्हा खण्ड अध्याय १० श्लोक १९, २०, २१ अनुसार लोहार, सुनार, पत्थरकट्ट लमेडलाई विश्वकर्माको सन्तान बताएको छ । ब्रम्हाको छोरा स्वयं भुवमनुले 'शिल्पामन, शौखमन, कायस्थायन र मागधायन नामक ४ वटा उप ब्राम्हणको जन्म दिए र यिनीहरुमध्ये शिल्पायन उप-ब्राम्हणका सन्तानहरुमा लोहार, सुनार र

पश्चवरकट्ट हुन् । यसरी वैदिक कालमा धातु वा कलासँग सम्बन्धित व्यक्तिहरुलाई कतै विश्वकर्मा र कतै मनुका सन्तान बताइएको छ । (विश्वकर्मा, २०५३)

यो कामी शब्द कहाँ र कसरी आयो भन्ने तथ्य प्रमाणित भएको पााइदैन । नेपालमा आर्यसभ्यताको अध्ययन गर्दा भारतको नाम आउँछ । किनकी हिन्दु वर्णाश्रम धर्मको उद्गम स्थल भारत हो । तर कामी शब्द न भारतखण्डमा न त कुनै धर्म ग्रन्थमा नै छ । यस पेशालाई पछि गएर कामको आधारमा विभाजन गरी फलाम, सुन, चाँदी इत्यादी काम गर्नेलाई कामी शब्द राखिएको हुनसक्ने अनुमान गर्न सकिन्छ ।

कामी जातिको आँगमन कहाँबाट कसरी भयो भन्ने बारे उल्लेख गरिएको छैन् । यिनीहरु पनि आर्य अर्न्तगत नै पर्ने भएकाले आर्यसभ्यताको विकास ई.पू. ४००० र ५००० बीचलाई मानिएको छ । यस समुदायको बसोबास युरोप र एसियाकोबीच 'स्टेप्सी' मैदान ( सिन्धु मैदान) मा थियो । समय वित्दै जाँदा आर्य समुदाय मध्येका एक समूह यूरोप र अर्को समूह एशियातिर लागे । यसरी एशियातिर पस्ने समूह पञ्जाव हुँदै भारततर्फ बढेको कुरा उल्लेख गरिएको छ । (विश्वकर्मा, २०५३,)

समग्रमा यिनीहरुको उत्पत्ति र आगमनको बारेमा भन्नुपर्दा यिनीहरु आर्य समुदाय अन्तर्गत पर्ने हुनाले पहिले दाजुभाइको रुपमा रहेको र पछि टाठाबाठा वर्ग ब्राम्हण, क्षेत्रीले यिनीहरुलाई अछुत जातिको संज्ञा दिएर उनीहरुको जात नै झारिदिएका हुन् भन्दा फरक पर्दैन । प्राचिन कालमा कामको आधारमा ब्राम्हण, क्षेत्री, वैश्य र शूद्र गरी विभाजन गरेपछि ब्राम्हण, क्षेत्रीहरु जता जता बसाँई सरेर गए उतै-उतै कामीहरुलाई पनि आफ्नो स्वार्थको लागि लगेर राखे । त्यसैले कामीहरु बाहुन, क्षेत्रीको आसपासमा गााउका कुनाकप्चेरामा बस्न पुगे । यिनीहरुको उत्पत्ति वास्तवमा टाठाबाठा वर्गले गराएका हुन् भन्दा फरक पर्दैन । यिनीहरुको काम पहिले गरगहना बनाउने, मूर्ति बनाउने, हातहतियार र भाँडावर्तन बनाउने थियो । यस्ता सरसामान बनाउन र कुद्न सिपालु भएकाले यिनीहरुलाई 'कामुदको' संज्ञा दिइन्थ्यो । यसरी कामुद भन्दा-भन्दै यो शब्द पछि आएर कामीमा परिणत हुन गएको र यिनीहरुको जात नै कामी रहन गएको भन्ने कुरा पनि सुन्नमा आउँछ । समय बित्दै जाँदा यिनीहरु जाँड रक्सि खाने, सुँगुर पाल्ने गर्न थाले । यिनीहरुका घरहरु पनि फोहोर हुने र नछुने नबार्ने हुनाले अछुत अन्तर्गत पर्न गए ।

बाँडेगाँउ गा.वि.स.जसलाई अध्ययन क्षेत्र बनाइएको छ, त्यहाँका कामीको आगमनको बारेमा जिज्ञासा राख्दा कतिपय उत्तरदाताले जिजु-बाजे देखि नै त्यहाँ बसोवास

गर्न आएको बताए भने कतिपयले उनीहरु त्यही जिल्ला अन्तर्गत पर्ने पाल्चोक गाँउबाट बसाई सरेर आएको बताए । (कामी राम ब. २०७२)

यस गाविसमा वसोवास गर्ने कामी जातिको विगतको बारेमा कुराकानी गर्ने सर्न्दभमा पहिला-पहिला गाॅउमा माथिल्ला जातिका घरको आँगनमा बस्ता ढोगेर बस्नुपर्ने,पिंढीमा समेत टेक्न पाॅइदैन थियो । खाना खान बाहिर आॅगनमा खानुपर्ने, खाना खाइसकेपछि भाॅडा माँजेर सुकाउनुपर्ने अनि ठूला जातका मानिसले एक जनाले अलक्क पानी हालीदिने र अर्को जनाले चोखो पारेर मात्र लाने चलन रहेको थियो । यदी झुक्किएर छोइएमा सुनपानीले चोखो बनाउनु पर्ने,सँगै बस्न हिँड्न नहुने, बोल्दा निहुरएिर शिर झुकाएर मात्र बोल्नु पर्ने नजर जुधाॅउन नहुने। महिलाको हकमा त मजेत्रोले टाॅउको छोपेर बोल्नु पर्ने संस्कार परम्परा रहिआएको थियो । कामीले दहि दुध खान नहुने खाएमा भैसी गाॅइ रुख चढ्छ, कामीको पालो कार्तिकमा, केहि मिठो कुरा खाॅएमा कामीले खिर खाॅए जस्तो, भन्ने जस्ता तुच्छ व्यवहार सहनु पर्ने बाध्यता थियो । सामाजिक काममा वोल्न त के सुन्न पनि नपाइने, मठमन्दिर ,सार्वजनिक पार्टी,पौवा,चोक चौतारा जस्ता ठाॅउमा बस्न समेत अनुमति लिनु पर्ने , धाॅरा, कुवा पँधेरो समेत ठुँला जातिकोमा  छुन नपाॅइने मात्र होइन जान समेत नपाॅइने, ठूला जातिको मानिसको मृत्यु भएमा त्यसठाॅउमा जानै नहुने साना जातिको सॅग बोल्न नहुने,कुकुर भित्र जान पाॅउने तर मानिस जान नपाॅउने भन्नुको तात्पर्य कामीजापतहरुलाई पशु भन्दा पनि तल्लो स्तरमा राख्नेजस्तो सामाजिक विभेद थियो । तर सामाजिक साॅस्कृतिक परिर्वतन सॅगसॅगै आज यी सबै कुरामा परिवर्तन आएको छ । समाजमा सवै जातजाति,भाषाभाषी, क्षेत्र लिङ्गका आधारमा कसैलाई विभेद गर्न नपाईने कानुनी व्यवस्था र चेतनास्तरमा वृद्धि भएसॅगै समाजमा धेरै कुरामा परिवर्तन आएको देख्न पाॅइन्छ । सामाजिक रुपमा सबै जातजाति मिलेर बस्न, विकास निमार्ण,तथा सामाजिक सरोकारवाला छलफल बहसमा भागलिने, आफ्ना कुरा राख्न पाॅउने,हाम्रो घरमा आएर ठूला जातिका मानिसहरु आउने बस्ने खाने,दुःख शुःखमा रमाइलो गर्ने कोही सानो ठूलो जातले होइन कर्मले भन्ने जस्ता कुराकानी आउन र त्यहि अनुसारको व्यवहार दोस्रो पूस्तामा आएको छ । तर पहिलो पूस्तामा पनि केही परिवर्तन त आएको छ । जस्तो हीजो झुक्किएर छुइँदा छोइछिटो गर्नेहरु आज सॅगै बस्ने, कुराकानी गर्ने,मुखचोखो हो , कसैलाइ जातको आधारमा सार्वजनिक ठाॅउमा केहि भन्न हुँदैन भन्ने अवस्थामासम्म परिर्वतन आएको छ । साॅस्कृतिक रुपमा सवै जातिले पूजा आजा गर्न पाॅउछन । धर्मानुसार आफ्नो परम्परा, मुल्य, मान्यता, संस्कार अनुसार सवै जातिले मान्न पाउने अवस्थाको र्सजना भएको छ । कामी जातिका छोराछोरी

विद्यालय जाने मात्र होइन राम्रो मेहेनत गरेर अध्ययन गरिरहेका छन । सबै जातिको घरमा मृत्यु परेमा कम्तीमा ४ माना चामल र रु ५१बिचारा दिनु पर्ने परम्परा रहेछ । किन यस्तो गर्नु भयो भनेर सोध्दा गरिब भन्दा गरिब मानिसको मृत्यु हुँदा काजकिरिया गर्न गाह्रो हुँने हुदाॅ ढिलोचाडो सवैलाई पर्ने भएकोले सबै मिलेर  सहयोग गर्ने संस्कार विकास गरेको पाइयो ।अहिले कामीका घरमा गएर अन्य ठूला जातिका वस्ने खाने गरेको ,पर्म पालो गर्ने गरेको , अध्ययनका क्रममा १ जना कामी जातिका छोराले बाहुनकी छोरी विवाह गरेको पाइयो । यस्ले के कुराको संकेत गर्दछ भने सामाजिक साँस्कृतिक रुपमा परिवर्तन आएको छ । ( स्थलगत सर्वेक्षण २०७२)

## अध्याय : तीन

## अनुसन्धान विधि

यो अनुसन्धानमा कामी जातिको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थामा आएको परिवर्तन पत्ता लगाउनको लागि निम्न विधिहरु अवलम्वन गरिएको छ ।

### ३ .१ अध्ययन क्षेत्रको छनौट र यसको औचित्य

कुनैपनि अनुसन्धान कार्यलाई मूर्त रुप दिन वा अध्ययन कार्यलाई सिलसिलेवार रुपमा अगाडि बढाउन सर्वप्रथम अनुसन्धानका लागि उपयुक्त स्थानको छनौटको आवश्यकता पर्दछ । उपयुक्त स्थानको छनौट हुन नसकेको अवस्थामा अध्ययनको महत्व र औचित्य हुँदैन । शोधकार्यमा क्षेत्र छनौटले अध्ययन क्षेत्रलाई अफ बढी व्यापक पार्दछ ।

यस अनुसन्धानको लागि अध्ययन क्षेत्र सिन्धुपाल्चोक जिल्लाको बाँडेगाँउ गा.वि.स.का वडा नं.३तिनघरे,४ धुसेनी र ७माथिल्लो गैरिगाँउछनौट गरिएको छ । यस गा.वि.स.लाई नै अध्ययन क्षेत्र छनौट गर्नुका कारणहरु निम्नअनुसार रहेका छन् :

(क) यस्तो किसिमको सोधकार्य यस गा.वि.स.मा यसभन्दा अगाडि नगरिएकोले,

(ख) यस गा.वि.स.मा बसोवास गर्ने कामी जातिप्रति सामाजिक तथा जातिय भेदभाव छकि छैन भनि त्यसको बारेमा अध्ययन गर्न

(ग) बाँडेगाँउ गा.वि.स.का कामीहरुको सामाजिक साँस्कृतिक र आर्थिक अवस्थाको बारेमा अध्ययन गर्ने इच्छा भएकोले ।

### ३.२ अनुसन्धानको ढाँचा

यो अध्ययन वर्णनात्मक किसिमको रहेको छ । अध्ययनको क्रममा संकलन गरिएका कामी जातिको सामाजिक,साँस्कृतिक तथा आर्थिक अवस्थाको विस्तृत रुपमा वर्णन गरिएको छ र त्यस सम्बन्धी तथ्याङ्कहरुलाई विश्लेषण गरिएको छ ।

### ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

कुनैपनि विषयमा अनुसन्धान गर्नको लागि त्यससँग सम्बन्धित सामग्रीहरुको नितान्त आवश्यक पर्दछ । सामग्री विना अध्ययन कार्य अधुरो हुँनुकासाथै लक्ष्य प्राप्तिमा समेत कठिनाई आउन सक्दछ । त्यसैले यस अध्ययनमा प्राथमिक स्रोत र द्वितीय स्रोतबाट तथ्यहरु संकलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अन्तर्वार्ता, अवलोकन, र अध्ययनका लागि चाहिने आवश्यक स्रोत तथा तथ्याङ्क संकलन गरिएको छ जसकालागि आवश्यक प्रश्नावलीको माध्यमवाट तथ्याङ्क संकलन गरेकोछु । द्वितीय स्रोतको रुपमा सम्बन्धित गा.वि.स.,जि.वि.स.र उप-स्वास्थ्य चौकीका साथै यस जाति संग सम्बन्धित विभिन्न पुस्तक,

लेखहरु, पत्रपत्रिका तथा यसअघि खोज तथा अनुसन्धान भएका आवश्यक र उपयोगी लेख तथा सामग्रीहरुबाट पनि जानकारी लिइएको छ ।

### ३.४ समग्र र नमुना छनौट प्रकृया

बाँडेगाँउ गाविसको वडा नं. ३,४ र ७ मा कुल ४७ घरधुरी कामी जातिहरूको वसोवास रहेको छ । यस शोधका लागि सवै घरधुरीमा गई प्रश्नावली विधिको प्रयोग गरी उनिहरुको सामाजिक,साँस्कृतिक,आर्थिक, र शैक्षिक अवस्थाबारे समग्र अध्ययन गरी सकेसम्म वास्तविकता पत्ता लगाउने प्रयत्न गरिएको छ ।

### ३.५तथ्याङ्क संकलनका विधिहरु

यस सोधकार्यमा अनुसन्धानकर्ता स्वयंले स्थलगत अध्ययन गरि निम्न विधिहरुबाट तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अन्तरवार्ता, अवलोकन, वैयक्तिक विवरण विधि अपनाइएको छ ।

### ३.५.१ जनगणना विधि

यस अध्ययनमा कामी जातिको सामाजिक साँस्कृतिक र आर्थिक अवस्थामा आएको परिर्वतनको बारेमा सूचना संकलन गर्नका लागिप्रत्येक घरमा पूगेर प्रत्येक घरमुलीसँग अनुसुची १ मा रहेको प्रश्नावली सोधी अवस्था पत्ता लगाउन जनगणना विधि अपनाइएको छ । जसमा ४७घर-धुरीबाट तथ्य सूचना लिइयो । विश्वशनीयताको लागि प्राथमिक स्रोतबाट प्राप्त तथ्याङ्कहरु कति वास्तविक तथा सत्य छन् भनी थाहा पाउनको लागि सहभागितामूलक अवलोकन गरियो । जसबाट प्राप्त भएका तथ्यहरु सान्दर्भिक र विश्वसनिय रहेको पुष्टि हुन्छ ।

### ३.५.२ प्रश्नावली विधि

बाँडेगाँउ गा.वि.स मा रहेका कामी जातिको सामाजिक साँस्कृतिक र आर्थिक अवस्थामा आएको परिर्वतनको बारेमा सूचना संकलन गर्नका लागि प्रत्येक घरमा पूगेर प्रत्येक घरमुलीसँग अनुसुची १ मा रहेको प्रश्नावलीमा सोधीएका प्रश्नावलीहरुबाट प्राप्त उत्तरका आधारमा तथ्याङ्क संकलन गरिएको छ । जसमा ४७ उत्तरदातामध्ये ४० जना पुरुष र ७ जना महिलालाई एउटै प्रकारका प्रश्नावली अनुसार अन्तर्वार्ता लिइएको छ । कामी जातिका बारेमा शोधकर्ताले अध्ययन गर्ने भएकाले उनीहरु बसेको ठाँउमा गई उनीहरुसँग प्रत्यक्ष रुपमा प्रश्न सोधि उनीहरुका बारेमा तथ्याङ्क संकलन गरिएको छ । कामी जातिको सामाजिक अवस्था,पारिवारिक स्थिति, शिक्षा, धर्म, खानपान जन्मसंस्कार, मृत्युसंस्कार, विवाह, उनीहरुले अपनाएका पेशा के के हुन् भन्ने जस्ता सुचना संकलन गरिएको छ ।

### ३.५.३ अवलोकन विधि

बाँडेगाँउ गा.वि.स कार्यक्षेत्र भित्र रहेर अन्तर्वार्ता अनुसूची वाहेक आफूले प्रत्यक्ष रुपमा अवलोकन गरी अनुभव गरेका कुराहरुबाट पनि थप जानकारी लिइएको छ । यसबाट प्राप्त हुने तथ्याङ्कहरु भरपर्दो र विश्वासिलो हुनेभएकोले पनि ठीक बेठीक कसिमा राख्न यसले सघाउने विश्वासमा यो विधिलाई अपनाइएको छ । यसबाट कामी जातिको सामाजिक अवस्था : पारिवारिक स्थिति, शिक्षा,भेषभुषा,खानपान, घरको किसिम, नारीको स्थान, धर्म, साँस्कृतिक अवस्था : मृत्युसंस्कार, विवाह, उनीहरुले मान्ने गरेका चाडपर्वहरु, आर्थिक अवस्था : पेशा, खेतिपाती पशुपालन,वर्तमान स्थितिको अवलोकन गरिएको छ । कामी जातिलाई अन्य जातिले हेर्ने दृष्टिकोण, अन्य दलित जातिहरुसँगको सम्बन्ध आदि कुराहरुको अवलोकन गरी आवश्यक तथ्याङ्कहरु संकलन गरिएको छ साथै रहनसहन, बसोवास, परम्परा, पेशा आदिलाई पनि अध्ययनको विषय बनाइएको छ ।

### ३.६ तथ्याङ्कको विश्लेषण प्रस्तुतिकरण

प्राथमिक र द्धितीय स्रोतको माध्यमबाट प्राप्त गरिएका तथ्याङ्क र विवरणहरुलाई आवश्यकता अनुसार विभिन्न स्तर र श्रेणीमा विभाजन गरिएको छ । आवश्यकता अनुसार तालिका, प्रतिशत, तुलनात्मक र बोधगम्य बनाउन साङ्ख्यकीय विधिको प्रयोग गरि तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ ।

### ३.७ अध्ययनको सीमा

कुनैपनि समुदायको सर्वेक्षण गर्नु भनेको त्यस स्थानमा बसोबास गर्ने जन-समूदायहरुको वास्तविक स्थिति थाहा पाउनु तथा उनीहरुसँग सम्बन्धित पक्षहरुको अध्ययन गर्नु हो । यस अनुसन्धानले आफ्नो कार्यक्षेत्र, सिन्धुपाल्चोक जिल्ला बाँडेगाँउ गा.वि.स.को वडा नं.४ धुसेनी,३ तिनघरे र ७ माथिल्लो गैरिगााउ मात्र बनाई कामी जातिको वर्तमान अवस्थाको अध्ययन गरिने भएकाले यसले समग्र देशभरिको कामी जातिको प्रतिनिधित्व नगर्न पनि सक्दछ । फरक भौगोलिक एवं वाह्य सामाजिक, आर्थिक परिवेशका कारण यस अध्ययनबाट निस्कने निश्कर्षहरुले देशभरिका कामी जातिसँग ठ्याक्कै मेल नखान पनि सक्दछ । तर अन्य ठाँउका कामीसँग यस अनुसन्धानबाट प्राप्त तथ्यहरु सीमित दायरा भित्र रहि संकलन गरिएकाले सामान्य रुपमा मात्र मिल्न सक्नेछन् ।

## अध्याय : चार

## अध्ययन क्षेत्र: एक परिचय

### ४.१ भौगोलिक स्थिति

मध्यमाञ्चल विकास क्षेत्रका १९ जिल्लामध्ये सिन्धुपाल्चोक जिल्ला एक हो । यस जिल्लाको सदरमुकाम चौतारादेखि २४ कि.मी पश्चिममा बाँडेगाँउ गा.वि.स.पर्दछ । विश्वमानचित्रको माननाप अनुसार २७ं २७' उत्तर देखि २८ं १३" सम्मको उत्तरी अक्षांश र ८५ं २७' पूर्व देखि ८६ं ०६' पूर्वी देशान्तरमा फैलिएको छ भने समुन्द्र सतहदेखि २२० मिटर होचो र २१०४ मिटरको उचाईमा रहेको छ ।

### ४.२ प्राकृतिक स्रोत

#### ४.२.१ हावापानी

बाँडेगाँउ गा.वि.स., पहाड र समथर भू-भाग मिलेर बनेको पहाडी क्षेत्र हरियाली जङ्गलले पूर्ण भएको हुँदा यहाँको हावापानी सम-शितोष्ण किसिमको मानिन्छ । जाडो ऋतुमा कुहिरो तथा हुस्सु थोरै लाग्ने गर्दछ भनेइन्द्रावती नदीको प्रभावले जाडोको महशुस गरिन्छ । यहाँको तापक्रम जाडोको मौसममा ४ डिग्रीदेखि २० डिग्री सेल्सियस सम्म र ग्रीष्म मौसममा २० डिग्रीदेखि ३० डिग्री सेल्सियस सम्म रहने गरेको पाइन्छ । वर्षात्मा औसत १६१५ मि.लि. पानी पर्ने गरेको पाइन्छ ।

#### ४.२.२ माटो

बाँडेगाँउ गा.वि.स.को वडानं. १ देखि ९ सम्मका गाँउ तथा वेशी क्षेत्रमा विभिन्न प्रकारको माटो, विशेषगरी चिम्ट्याइलो माटो पाइन्छ । यस्तो माटो वडा नं. ३,४र ६ मा प्रशस्त पाइन्छ । त्यसैले यहाँको उत्पादित उर्वराशक्ति सन्तोषजनक रहेको पाइन्छ । उत्पादनका दृष्टिले यहाँको उर्वराशक्ति पनि मध्यम किसिमको रहेको पाइन्छ । त्यसैगरी पत्थरिलो फुस्रो खैरो माटो वडा नं. १,२,५,७, र ९ मा पाइन्छ । कमेरो माटो वडानं. ८ स्थिति सुर्यकोट बेसि स्थित तल्लो डुंडेबेसी पहिरो भन्ने स्थलमा पाइन्छ । वडानं. ३, ४ र ६ मा कालो दोमट माटो पाइन्छ । त्यसैले उत्पादनको हिसाबमा यी वडाहरुको उर्वराशक्ति उच्च प्रकृतिको भएको मानिएको छ ।

#### ४.२.३ वनजङ्गल

यस बाँडेगाँउ गा.वि.स. अर्न्तगत दर्ता भई हस्तान्तरण भएको सामुदायिक वनले ११७८.७९ हेक्टर र कबुलियति बनले ३२.८१ हेक्टर वन ओगटेको छ । त्यसैगरी सरकारी वनजङ्गलहरुको क्षेत्रफलको अभिलेख भूकम्पका कारण जिल्ला नापी शाखा र जिल्ला वन कार्यालयबाट प्राप्त हुन नसकेकोले यहाँ प्रस्तुत गर्न सकिएन ।

### ४.३ जनसंख्या तथा बसोवास

बाँडेगाँउ गा.वि.स.को जनसंख्याको बारेमा चर्चा गर्दा यहाँका १६७० घरधुरीमा ९१०२ जनसंख्या रहेको छ । जसमध्ये महिलाको संख्या ४५७३ र पुरुषको संख्या ४५२९ रहेको छ । महिलाको संख्या कुल जनसंख्याको ५०.२४ प्रतिशत र पुरुषको संख्या कुल जनसंख्याको ४९.७५ प्रतिशत रहेको छ जसलाई तालिकानं. १ मा प्रस्तुत गरिएको छ ।

**तालिकानं. १**

**गा.वि.स.को कुल जनसंख्या विवरण**

| लिङ्ग | कुल जनसंख्या | प्रतिशत |
|---|---|---|
| महिला | ४५७३ | ५०.२४ |
| पुरुष | ४५२९ | ४९.७५ |
| जम्मा | ९१०२ | १०० |

(स्रोतः गा.वि.स. कार्यालय, २०७२)

तालिकामा देखाए अनुसार पुरुष र महिलाको जनसंख्या लगभग उस्तै उस्तै देखिए पनि यहाँ महिलाको संख्या पुरुषकोभन्दा ४४ ले बढी छ । यस गा.वि.स.मा विभिन्न भाषा-भाषिका जन-समुदायको बसोबास रहेको पाइन्छ । एउटै समुहमा विभिन्न जातीय समुदायहरु रहेको भएपनि एक आपसमा मेलमिलापको सिद्धान्त अनुसार परम्परा देखि मिलिजुली बसोवास गर्दै आएका छन् । यहाँ मगर, नेवार, ब्राम्हण, क्षेत्री,तामाङ, कामी, सार्की, दमाई आदि जातीय समुदायहरुको बसोबास रहेको छ ।

यसै गरी वडा नं ३,४ र ७ जसलाई अध्ययन क्षेत्र बनाइएको छ त्यहाँ जम्मा ७१८ घरसंख्या रहेका छन् ।उक्त घरसंख्यामा जम्मा जनसंख्या ३९४९ रहेका छन् ।

### ४.४ आयका स्रोतहरु

बाँडेगाँउ गा.वि.स. एउटा कृषि प्रधान गा.वि.स. हो । यहाँको आर्थिक अवस्था पूर्ण रुपमा कृषिमा आश्रित छ । यहाँका मानिसहरुको प्रमुख आयश्रोत भनेको कृषि नै हो । यसरी

उत्पादन गरेका कृषिजन्य वस्तुहरुलाई कतिपयले बाहुँनेपाटी बजारमा बेचविखन गर्दछन् भने कतिपयले ढाँडखोला र नवलपूर बजारमा लगेर बेचविखन गर्दछन् । यहाँका प्राय सवै मानिसहरु कृषि पेशामा  सम्लग्न रहेका छन् । कृषि क्षेत्रअर्न्तगत यहाँका कामी लगायत अन्य जातिले  पशुपालन,फर्निचर,चाँदिको काम आदि पेशा गर्दछन् ।

यस गा.वि.स.का वडानं. ३,४ र ७का कामी जातिको प्रमुख पेशा पनि कृषि नै रहेको छ । यिनीहरुमा आफ्नो जग्गा हुनेले आफ्नैमा बाली-नाली लगाउने गरेका छन् भने नहुनेले अरुको जग्गा अधियाँमा कमाएर आफ्नो जीविकोपार्जन गरेको पाइन्छ । कामी जातिका केही सदस्यहरु भने जागिरको खोजीमा काठमाण्डौ लगायत अन्य शहरहरुमा रोजगारीका निम्ति गएको देखिन्छ । यहाँका कामी जातिको आर्थिक स्थितिको जानकारीको लागि निम्नलिखित आर्थिक सुचकको अध्ययन गरिनुपर्दछ ।

**क) कृषिजन्य वस्तुबाट हुने आम्दानी**

यस गा.वि.स.का अधिकांश मानिसहरुले आफ्नाखेतबारीहरुमा बिभिन्न किसिमका अन्नबाली तथा नगदेबालीहरुलगाएको पाइन्छ । यहाँ हुने मुख्य अन्नबालीको रुपमा मकै, गँहु, कोदो, धान, गहत, तोरी आदि पर्दछन् । नगदेबालीको रुपमा भटमास, मास, मस्याङ, अदुवा, आलु, पिडालु, लसुन, प्याज, केराउ, तील आदि पर्दछन् । यसका साथै फलफूलहरुमा सुन्तला, अम्बा, लिची, नास्पाती, कटहर, जुनार लगायत अमीला जातका फलफूलहरु उत्पादन हुने गर्दछन् । यी बालीहरु समयअनुसार लगाउने र बिक्री गर्ने गर्दछन् ।

यहाँ बसोबास गर्ने कामी जातिहरुले यस्ता सम्पूर्ण बालिनाली र फलफूलहरु लगाउने गर्दछन् । यिनीहरुले यस्ता फलफूलहरु बेचबिखन गरी आम्दानी गर्ने गरेका छन् । यसका साथै यी जातिका मानिसहरुले व्यापार, उद्योग, व्यावसायका साथै कृषिमा आत्मनिर्भर रहने भएकाले पशुपालन व्यवसाय पनि अपनाएका छन् ।

**(ख) पशुपालनबाट हुने आम्दानी**

पशुपालन व्यवसाय पनि कृषिको एउटा महत्वपूर्ण पक्ष हो । यस व्यवसायबाट पनि यस गा.वि.स.का मानिसले विभिन्न किसिमका फाइदा लिएका छन् । जस्तो गाई, भैसी आदिबाट दूध, दही, मही, गोबर आदि र बाखा, कुखुरा, राँगा अदिबाट मासु तथा खेतबारीमा प्रयोग हुने मल प्राप्त हुन्छ । आर्थिक स्थिति सुधार्नकोलागि पशुपालन र खेतीपाती दुवै कार्य एक-आपसमा सम्बन्धित हुन्छन् । पशुहरुको लागि चाहिने दाना, पीठो घाँस, सोत्तर खेतीबाट प्राप्त हुन्छ । यसै गरी खेतीको लागि आवश्यक मानिने कम्पोष्ट मल पशुपालन व्यवसायबाट प्राप्त हुने गर्दछ ।

बाँडेगाँउ गा.वि.स.वडा नं ४,३ र ७ का कामी जातिले पनि गाई, गोरु, भैसी, बाखा, कुखुरा पाल्ने र विक्रीवितरण गरेर आम्दानी गर्ने गरेका छन् । पशुपालन व्यवसायबाट प्रायजसो समुदायले धेरै फाइदा लिएका छन् भने कतिपयले फाइदा लिन नसकेको अवस्था छ । जग्गाजमिन हुनेले आफ्नै जग्गा जमिनको कमाइले जीवन चलाएका छन् भने नहुनेले अरुको अधियाँमा कमाउने साथै बाहुन, क्षेत्री र तामाङ्गको खेतबारीमा ज्यालादारी काम गर्ने, पशुपंक्षी पाल्ने तथा आफ्नै परम्परागत पेशा पनि सञ्चालन गरेको पाइन्छ । त्यस्तै कतिपयले शहरमा गएर मजदुरी गरेर पनि आफ्नो जीवन चलाइरहेका छन् ।

**(ग) घरेलु पेशाबाट हुने आम्दानी**

यहाँका कामी समुदायमा कतिपयले आफ्नो परम्परागत पेशा भाँडावर्तन बनाउने गरेका छन् । यिनीहरुले हँसिया, कोदालो, छुरी, करुवा, फाली, खुकुरी बनाएको पाइन्छ । तर यो पेशालाई जीवन निर्वाहको रुपमा नलिएका कारण अवलम्बन गर्न छोड्दै गएका छन् । यो पेशा अवलम्बन नगर्ने अन्य व्यक्तिहरु सुनको काम, चाँदीको काम,डोको, नाम्लो, दाम्लो बुन्ने बनाउने कार्य फुर्सदको समयमा गर्ने गर्दछन् । यसका साथै यस अध्ययन क्षेत्रका एक दुई जना कामी जातिले व्यापार व्यावसाय सञ्चालन गरेर आफ्नो आम्दानीलाई मजबुद बनाइरहेका छन् ।

यसरी आफ्नो समुदाय बनाएर बसेका कामी जातिले आफ्नो जातिगत पेशाका साथै अन्य पेशा गरी आयस्रोत जुटाउने गरेको पाइन्छ ।

**४.५ शैक्षिक स्थिति**

यस गा.वि.स.मा प्राप्त तथ्याङ्क अनुसार २०.१८ प्रतिशत मानिसहरु निरक्षर रहेको देखिन्छ । यहाँ हाल सामुदायिक क्याम्पस १ वटा, विद्यालयतर्फ उच्च मा.वि. २ वटा, मा.वि.२ वटा, नि.मा.वि. ३ वटा र प्रा.वि. १५ वटा रहेका छन् भने नीजि स्रोतको विद्यालयतर्फ २ र शिशु स्याहार केन्द्र २ समेत गरी २४ वटा शैक्षिक संस्थाहरु सञ्चालन अवस्थामा रहेका छन् । यस गा.वि.स.मा २६१0विद्यार्थी विभिन्न स्तरमा अध्ययनरत रहेका छन् । यहाँका सवै विद्यालयहरुमा कुल १५१ जना शिक्षक शिक्षिका तथा कर्मचारीहरु रहेका छन् । यस गा.वि.स.का विद्यालयहरुमा दलित जातिका शिक्षक शिक्षिकाहरु पनि रहेको पाइयो । यसबाट दलितहरु पनि विस्तारै शिक्षा आर्जनतर्फ प्रेरित हुँदैछन् भन्ने प्रष्ट हुन्छ ।

अध्ययन क्षेत्रका कामी जातिका जम्मा ४७ घरधुरीको २२५ जनसंख्यामध्ये १०२जना बालबालिकाहरु विद्यालयमा अध्ययनरत छन् । जसमध्ये प्राथमिक तहमा ५० जना, निम्न माध्यमिक तहमा १८ जना, माध्यमिक तहमा १६ जना र उच्च माध्यमिक तहमा १४ जना

उच्च शिक्षामा ४ जना रहेका छन् । यसरी माथिल्लो तहमा विद्यार्थी कम हुनुको कारण सोध्दा कतिपयले आर्थिक स्थिति कमजोर भएकाले भने भने कतिपयले घरको काम गर्नुपर्ने भएकोले भन्ने उत्तर दिए । कतिपयले यो जातिका केहि बालबालिकाहरु विद्यालय जाने उमेर समूहका भए तापनि घरधन्दामा सीमित रहेका कारण औपचारिक शिक्षा हासिल गर्ने अवसरबाट वञ्चित रहेको देखिन्छ ।

**४.६ यातायात**

विकासको पूर्वाधारको रुपमा रहेको यातायतको सुविधा बाँडेगाँउ गा.वि.स.का सबै वडाहरुमा पुगिसकेको छ । यस गा.वि.स.स्थित सिपाघाट रिपीनी आँपचौर ऐसेलुखर्क सुर्यकोट गोल्माथान हुँदै हेलम्बु राजमार्ग जोडिनपुगेको छ भने वनदेउ भिमटार मेलम्ची हुदै गाविसको तल्लो भागवाट ताम्सालिङ्ग चक्रपथ निर्माण भएको छ । त्यस्तै गाँउ विकास समिति, स्थानीय जनताको सक्रिय पहलमा सहायक सडकहरुपनि निर्माण भएका छन् । यी सहायक सडकमा पनि बर्षभरि नै ट्याक्टर र बसहरु सञ्चालन हुने गर्दछन् । यसरी कामी लगायत अन्य जातिका मानिसहरुले यी यातायातका साधनहरुको उपयोग गरिरहेका छन् । यी मोटरबाटोले गर्दा यहाँका मानिसहरुको उठबस र लवाई खवाईमा समेत आधुनिकता आएको पाइन्छ । यसरी यातायातको सुविधाका कारणले यस गा.वि.स.का मानिसहरुको व्यवसायीक कृषि प्रणालीमा विकास भएकोले उनीहरुको आर्थिक अवस्था सुधार हुँदै आएको पाइन्छ ।

**४.७अन्य सेवाहरु**

यस गा.वि.स.मा एउटा स्वास्थ्य चौकी रहेको छ । यसको स्थापना २०५० सालमा भएको हो । यहाँ दैनिक ३० जनासम्मको निःशुल्क उपचार हुने गरेको कुरा थाहा भयो । यस उपस्वास्थ्य चौकीमा अ.हे.व. एक जना, ग्रा.स्वा.का. एकजना, मा.सि.का. एक जना र पियन एकजना गरि जम्मा चारजना कर्मचारीहरु कार्यरत रहेका छन् । यहाँ कामी जाति तथाअन्य जातिका मानिसहरुले स्वास्थ्य सम्वन्धी सल्लाह र सुझाव लिने गर्दछन् ।

त्यसैगरी यस गा.वि.स.को वडानं. ५ स्थित मिलन चोकमा गा.वि.स.को कार्यालय, छ । सञ्चार प्रणालीको राम्रो सुविधा नभएतापनि यस गा.वि.स.मा सूचना प्रणालीको अति महत्वपूर्ण रुपमा रहेको इन्टरनेट र इमेल सेवा दिनप्रतिदिन लोकप्रिय बन्दै गइरहेको छ । मोवाइल फोनको कारणले हुलाकसेवा र आकाशवााणी सेवाको प्रभावकारिता दिनप्रतिदिन घट्दै गइरहेको छ । यस गा.वि.स.मा पनि रेडियो, टेलिभिजन र कमै मात्रामा भएपनि पत्रपत्रिकाको पहुँच पुगेको छ । मोवाइल फोनको कारणले यस गा.वि.स.मा सञ्चारको सुविधा राम्रो रहेको छ । यी सुविधाहरुबाट यहाँका कामी जातिहरु पनि लाभान्वित भएका छन् ।

# अध्याय : पाँच

# कामी जातिको सामाजिक साँस्कृतिक अवस्था

## ५.१ सामाजिक अवस्था

यस अध्ययन क्षेत्र बाँडेगाँउ गा.वि.स. रहेका कामी जातिको अवस्थालाई अध्ययन गर्दा यिनीहरुको पारिवारीक स्थिति, भेषभुषा, रहनसहन, खानपान, शिक्षा, धर्म अन्य जातिले कामी जातिप्रति गरिने व्यवहार, स्वास्थ्यस्थिति, कामी जातिले मनाउने विभिन्न चाडपर्व, संस्कार, परम्परा, रीतिरिवाज आदिको बारेमा जानकारी लिइएको छ ।

### ५.१.१ पारिवारिक स्थिति

नेपाली समाज परम्परादेखि नै पितृसत्तामा चलेको समाज हो । यहाँ हरेक जात जातिहरुले परिवारमा पुरुषलाई प्रमुख स्वीकारेका हुन्छन् । पितृसतात्मक परिवार खास गरेर आर्यहरुमा बढी भएको पाइन्छ भने मंगोलियनहरुमा नारीको अधिकार भएको पाइन्छ तापनि घर सम्पत्ति तथा वंश पुरुषतिरबाट चलेको देखिन्छ । बाँडेगाँउ गा.वि.स.का कामी समुदायका परिवारमा महिलाहरुको भूमिका महत्वपूर्ण भएको देखिएतापनि यथार्थमा समाज पितृसतात्मक अथवा पुरुष प्रधान समाजमा आधारित छ । कामी जातिको वंश पनि पुरुषमा लैङ्गिक भेदभाव भएतापनि सामूहिक कार्यमा समान सहभागिता रहने पाइन्छ तर पैतृक सम्पत्तिको हकमा भने छोराको अधिकार रहन्छ । बाँडेगाँउ गा.वि.स.मा रहेका ४७ घरधुरी मध्ये ४० घरधुरी पुरुषको अधिनमा र ७ घरधुरी महिलाको अधिनमा संचालन रहेको र त्यहाँ जम्मा जनसंख्या २२५ मा पूरुष १०९र महिला ११६ पाइयो । प्राचिन समयमा कामी समुदायमा संयुक्त परिवार प्रथा कायम भए तापनि आजकाल ८ घरधुरी संयुक्त र ३९ घरधुरी एकल परिवार छ । हाल आएर उनीहरु परम्परागत पेशा ( आरनको काम) मा मात्र काम गर्ने १० घरधुरी,कृषि १८ घरधुरी,ज्याला मजदुरी ७ घरधुरी,जागिर ५ घरधुरी, नोकरी ७ घरधुरी छ ।

यिनीहरुको परिवारमा श्रम बिभाजनको आधारमा काम गर्ने भएकोले महिलाहरुले घर-धन्दामा बढी समय बिताउने र यस बाहेक पशुचौपायहरुको रेखदेख, भान्साको काम, घरको सरसफाई बच्चाको हेरचाह जस्ता घरायसी कामहरुमा व्यस्त हुन्छन् भने शारीरिक परिश्रमका काममा र व्यवहारिक काममा पुरुष नै बढी खट्ने हुन्छन् तर मेलापातको काममा भने महिलाहरुको सहभागिता हुने गर्दछ ।

यस बाँडेगाँउ गा.वि.स. अर्न्तगतका कामी जातिहरुका घरपरिवारमा पुरुष बुढापाकाहरु घरमूली हुन्छन् भने घरमा केही चिज बिक्री गर्नुपर्ने भएमा महिलाको स्वीकृति

पनि आवश्यक हुन्छ । घरमा कुनै किसिमको नयाँ कार्य गर्न लागिएको खण्डमा यी बुढापाकाको सल्लाह आवश्यक ठानिन्छ । छोरी भन्दा छोरा जन्मेकै राम्रो मान्ने यिनीहरुमा छोरीलाई भन्दा छोरालाई प्रायः स्कूल पढाउने र छोरीलाई घरको काममा लगाउने परम्परा कम हुँदै गएको छ । परिवारमा विवाहित छोरीको पनि महत्वपुर्ण स्थान हुनुका साथै माइतीमा हुने सम्पूर्ण कार्यमा छोरीकोसहभागिता हुन्छ । अंशबण्डा गर्दा पैतृक सम्पत्तिमा विशेष गरी जग्गा, जमिन, पशुपंक्षी, भाँडाकुडा, बाबु-आमा तथा छोराहरुमा बराबर बाँड्ने गरेको पाइन्छ । विवाह भएका र विवाह नभएका छोरा वा छोरीमा अंशबण्डा गर्नुपर्दा विवाह भाग छुट्टयाएर सम्पत्ति भाग लगाइन्छ । यसरी ५/६ जनाको परिवार मिलेर एक घरमा बस्दछन् भने विवाह पश्चात एकल र सानो परिवारमा बस्ने परम्पराको विकास हुँदै आएको छ ।

### ५.१.२ शिक्षा

कुनैपनि जाति, समुदाय तथा राष्ट्रको विकासका लागि नभई नहुने विकास निर्माणको पूर्वाधारको रुपमा शिक्षालाई लिइन्छ । आजको समाजमा भएका विकास निर्माण तथा वैज्ञानिक चमत्कारहरु शिक्षाको कारणले भएका हुन् । शिक्षा बिना समुन्नत समाजको कल्पना समेत गर्न सकिदैन । त्यसैले कुनैपनि समाजको वा त्यस समाजका कुनैपनि वर्ग विशेषको सामाजिक अवस्थाको अध्ययन गर्दा शिक्षाको अध्ययनलाई पनि प्रमुख स्थान दिनुपर्दछ ।

बाँडेगाँउ गा.वि.स.को शैक्षिक स्थितिको वारेमा अध्याय चारमा उल्लेख भएको हुनाले यहाँ वडानं. ३,४र ७ जसलाई अध्ययन क्षेत्र बनाइएको छ त्यहाँको शैक्षिक स्थितिको बारेमा उल्लेख गरिएको छ । यहाँ रहेका जम्मा ४७घरधुरीका कामी जातिको जनसंख्या २२५रहेको छ । यो जनसंख्या मध्ये विद्यालयमा गएर१०२ जना बालबालिकाहरुले विभिन्न तहमा अध्ययन गरिरहेका छन् । यहाँको साक्षरता भने ५५.२३प्रतिशत रहेको छ ।

यी तीनवटा वडामा जम्मा ४ वटा विद्यालयहरु रहेका छन् । उक्त विद्यालयहरुमा रहेका शिक्षक शिक्षिकाहरुको संख्या भने ३१ रहेको छ । विद्यालय र विद्यार्थी विवरणलाई तालिकामा नं. ३ मा प्रस्तुत गरिएको छ ।

**तालिकानं.३**

**विद्यालय र विद्यार्थी विवरण**

| विद्यालयको नाम | जम्मा विद्यार्थी | | | कामी जातिका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| श्री सिपा तिनघरे उ.मा.विवडा नं.३ | १७१ | २३० | ४०१ | १७ | २४ | ४१ |
| श्री जनसुधार नि.मा.वि.वडा नं. ४ | १०२ | १३८ | २४० | १३ | १८ | ३१ |
| श्री पूष्पगंगा प्रा.वि वडानं. ४ | १७ | २८ | ४५ | – | – | – |
| श्री गोरखनाथ प्रा.वि. वडा नं. ७ | २१ | ३० | ५१ | ४ | ५ | ९ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

तालिकानं.३ अनुसार श्री सिपा-तिनघरे मा.वि.मा कक्षा १ देखि १० सम्म अध्ययनरत कामी जातिका विद्यार्थीहरुको संख्या ४१ रहेको छ भने श्री जनसुधार नि.मा.वि मा कक्षा १ देखि ८ सम्म यस जातिका विद्यार्थी जम्मा ३१ जना रहेका छन् । त्यसैगरी पुष्पगंगा प्रा.वि. वरपर कामीहरुको वस्ती कम भएकोले कामी जातिका बालबालिकाहरु त्यहाँ पढ्न गएको देखिदैन । श्री गोरखनाथ प्रा.वि.मा यस जातिका विद्यार्थी ९ जना मात्र हुनुको कारण सोध्दा गोरखनाथ प्रा.वि. अध्ययन सकिश्री ऐसेलुखर्क उच्च माध्यमिक विद्यालयमा उच्च शिक्षा हासिल गर्न गएको भन्ने उत्तर दिएका थिए ।

यस अध्ययन क्षेत्रका यी विद्यालयहरुमा रहेका ३१जना शिक्षक शिक्षिकाहरु मध्ये १ जना शिक्षक कामी जातिकै रहेको पाइयो । यसबाट यस समुदायका मानिसमा शिक्षाप्रति चासो रहेको बुझ्न सकिन्छ ।

यस अध्ययनको क्रममा ४० जना पुरुष र ७ जना महिलाहरुका साथै अन्य परिवारका सदस्यलाई प्रश्न वा अन्तर्वार्ता लिई यो अध्ययन गरिएको छ । यी ४७ जना उत्तरदाताको शैक्षिक विवरण तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४**
**उत्तरदाताको आधारमा शैक्षिक विवरण**

| क्र.सं. | तह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | निरक्षर | ६ | ५ | ११ | २३.४० |
| २ | १ देखि ५ | १६ | २ | १८ | ३८.२९ |
| ३ | ६ देखि ८ | १५ | – | १५ | ३१.९१ |
| ४ | ९ देखि १० | – | – | – | – |
| ५ | एस.एल.सि. | २ | – | २ | ४.२५ |
| ६ | १२ कक्षा उत्तिर्ण | १ | – | १ | २.१३ |
| जम्मा | | ४० | ७ | ४७ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

तालिकानं. ४ अनुसार ४७ जना उत्तरदाता मध्येमा ११ जना अर्थात २३.४० प्रतिशत निरक्षर रहेका छन् यस समुदायमा साक्षरता प्रतिशत अन्य जातिको सरह नै मानिन्छ । यहाँ सञ्चालन गरिएको प्रौढ शिक्षाले पनि साक्षरता दरलाई माथि उठाउन सहयोग गरेको छ । तर यस समुदायमा शैक्षिक जनशक्ति भने नगन्य नै रहेको पाइन्छ । जागिरमा पनि निकै थोरै मात्रामा संलग्न रहेका छन् । अध्ययनको क्रममा १ जना १२ कक्षा उत्तिर्ण गरेका व्यक्तिसँग पनि अन्तरवार्ता लिइएको छ । ती मध्ये १ जना हाल यही अध्ययन क्षेत्रभित्र पर्ने श्री.सिपा-तिनघरे उ.मा.वि मा अध्यापन गराई रहेका छन् । यसबाट पनि स्पष्ट हुन्छ कि कामी समुदायका मानिसहरु पढाइप्रति बढी चासो दिन थालेका छन् ।

### ५.१.३ कामी जातिका थरहरु

बाँडेगाँउ गा.वि.स.मा रहेका कामीजातिहरु गरगहना, हात-हतियार, भाँडाबर्तन आदि निर्माण गर्ने र अन्य श्रम सिपका क्षेत्रमा संलग्न यस जातिहरु पानी नचल्ने भनिएका मध्ये आफूलाई सबैभन्दा उच्च ठान्ने यो समुदाय कामी, सुनार, लोहार, विश्वकर्मा, सोव, स्नेही, आदिमा चिनिन्छन् । यसैगरी यो समुदाय भित्र रहेका युवायुवतीमा बिभिन्न उप-थरहरु समेत राखेका छन् : आचार्य, ओड, काललोहार, कालराज, गहतराज (गहते), गिरी, गोतामे, कोली, कोइराला, खड्काथोकी, घतानी (घताने), धमाल,घर्ती, घिमिरे,दुलाल आदि रहेका छन् । ति युवायुवतीहरुलाई किन अर्को थर राखेको भनि प्रश्न गर्दा कामी भन्न लाज लागेर , अरुले नराम्रो भन्छन भनेर आफ्नो इच्छाले भन्ने जस्ता उत्तर दिए । तर यस बाँडेगाँउ गा.वि.स. घरमुलीहरुले भने कामी,विश्वकर्मा, सुनार, रसाइली र रामदास भन्दा अन्य थर नलेख्ने गरेको पाइयो ।

### ५.१.४ भेषभुषा

बाँडेगाँउ गा.वि.स.का प्राय कालो वर्णका मझौला कद भएका कामी जातिहरु साधारण भेष-भुषा लगाउँदछन् । मैला, पुराना, टालेका लुगा लगाउनु उनीहरुको बाध्यता पनि हो । अरुले दिएको कपडा लगाउनेहरु पनि अझै भेटिए । विवाह ब्रतबन्ध तथा चाडपर्व आदिमा दौरा, सुरुवाल, कोट आदि पनि लगाउँछन् । महिलाहरु गून्यु, चोलो र मजेत्रो ओड्दछन् । विशेष गरी माईती, मावली र ससुराली एवं जन्ति र जात्रामा जाँदा दौरा, सुरुवाल, कोट गुन्यू चोलो लगाई चिटिक्क परेर हिँड्दछन् ।

पुराना पुस्ताका पुरुष, महिलाहरु क्रमशः कछाड, धोती, टोपी, गुन्यू चोलो, मजेत्रो ओढ्दछन् भने नयाँ पुस्ताका केटा केटीहरु सर्ट पाइन्ट, जुत्ता, कुर्ता, सुरुवाल लगाएका पाइन्छन् । त्यस्तै केही सम्पन्न परिवारका महिलाले सुनका आधुनिक गर-गहना लगाएको पनि पाइन्छ भने विपन्न महिलाले कमसल धातुका गहना लगाएको भेटिन्छ । आज-भोलि पुराना गर-गहना जस्तै कल्ली, बाला, ढुङ्ग्री, बुलाकी आदि कमै देख्न पाइन्छ ।

यस जातिले आफ्ना परम्परागत भेषभुषा र आभुषणलाई विस्तारै-विस्तारै छाड्दै अन्य जातिहरुले झै आधुनिक पहिरन दौरा सुरुवाल, कोट पुरुषले र साडी ब्लाउज, पछ्यौरा महिलाले प्रयोग गर्न थालेका छन् । यिनीहरुको पोशाक उनीहरुको जातीय पहिचान दिने खालको नभएकाले पनि आज-भोलि उनीहरुको पहिरन वा भेष-भुषाहरु लोप हुँदै गइरहेका छन् ।

### ५.१.५ खानपान

बाँडेगाँउ गा.वि.स. का कामी जातिको मुख्य खाना अन्य नेपालीको जस्तै दाल, भात, तरकारी नै हो । दाल, भात, तरकारी, अचार, माछा, मासु, जाँड, रक्सी कामी जातिहरुको उत्सवमा खाने विशेष परिकार हुन् ।

यिनीहरुको भान्छामा प्रायः एकसरो खाना (दाल,भात, तिउन, ढिंडो,) पाक्दथे भने आजकाल धेरै जसोकोमा दाल,भात,तरकारी अचार लगायत सन्तुलित भोजन खाने चलनको विकास हुँदै आएको छ । प्रायः कतिपयले ज्याला मजदुरी गर्न जाँदा अबेर हुने भएकाले पनि गाई भैंसी कमै पाल्ने भएकाले दूध, घिउ, दही र मोही बिरलै खान्थे भने आजकाल प्राय जसोकोमा गाई भैंसी  पाल्ने भएकाले दूध, घिउ, दही र मोही खाने बानीको बिकास भएको छ । चाड पर्वमा खसी, बोका, राँगा, भैंसी, सुँगुरको मासुका साथै कहिले कांही जाँड, रक्सी खाने गर्दछन् । विशेष गरी पुराना पुस्ता भएको परिवारमा ज्वाई, भान्जा तथा अन्य ईष्ट-

मित्रलाई रक्सी र मासुसँग स्वागत गर्ने चलन पनि विद्यमान छ । तर दोस्रो पूस्तामा जाँड-रक्सी कम प्रयोग हुदै गइरहेको छ ।

समयको गतिसँगै आज हाम्रो हिन्दूवादी कट्टर समाजमा विस्तारै-विस्तारै खुकुलोपना आएको आभास मिल्दछ । यो स्थितिलाई आध्यात्मवादीहरुले कलीयुगको अन्त्यको संकेत र केही बुज्रुकहरुले सामाजिक अनुशासनमा बिकृतिको प्रवेश तथा पलायन भनेर भन्ने गरेको पनि सुनिन्छ । जेसुकै भएपनि मानवीय सह-अस्तित्वको पक्षबाट समाजमा सम्मानपूर्वक खान पिउन सक्ने वातावरणलाई सकारात्मक मान्नुपर्दछ । बाँडेगाँउगा.वि.स. काकामी जातिहरुसँग स्वस्फूर्त (हाकाहाकी) तरिकाले कामी जीतको घरमा खाना खाने संख्या बढी भेटियो । यसबाट के स्पष्ट हुन्छ भने यहाँका मानिसहरुमा रुढीवादी परम्परा र अन्य अन्ध-विश्वास जस्ता प्रथाहरु कम हुँदै गएका छन् । त्यसैगरी लुकीछिपी खाना खाने घरसंख्या कम भेटिन्छन् । गैर-दलितहरुले खाना खाने गरेका उत्पीडित जातिका घरको विवरण तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५**
**गैर-दलितहरुले खाना खाने र नखाने गरेको कामी जातिको घरसंख्या**

| खाना खाने/नखाने विवरण | घरसंख्या | प्रतिशत |
|---|---|---|
| लुकीछिपी खाने | १५ | ३१.९१४ |
| हाकाहाकी खाने | १८ | ३८.२९७ |
| नखाने | १४ | २९.७८७ |
| जम्मा | ४७ | १०० |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७२)

उक्त तालिका नं. ५ अनुसार अध्ययन क्षेत्रका ४७ वटा कामी जातिका घरमध्येमा १४ घरमा गैर-दलितहरु आई खाना नखाने गरेको भटियो । यी १४ वटा घरहरु उपल्ला जातिका बस्ती नजिकै भएकोले अन्य जातिले समाजको डरले यिनीहरुको घरमा खाना नखाने गरेको कुरा कामीहरु बताउँछन् । खानपिन गर्दा-गर्दै पनि संङ्कीर्ण विचारले गर्दा गैर-दलितहरु कामीको घरमा हाकाहाकी खाँदैनन् र समाजमा आफ्नो खोक्रो आडम्बर देखाउँछन् । उनीहरुले खानेकुरा प्रायः मादक पद्यार्थ, मासु, भात, दाल र सामान्यतया चिया, खाजा, खाने गरेका छन् तर खाने क्रममा प्रायः युवा पुस्ताहरु रहेका र प्रौढ महिला तथा

पुरुषहरु नगन्य रुपमा रहेका छन् । उत्तरदाताहरुका अनुसार यो क्रम पहिलेको तुलनामा क्रमिक रुपले बढ्दै गएको छ ।

**५.१.६ रहनसहन**

यस बाँडेगाँउ गा.वि.स.का कामी जातिको रहनसहन अन्य ठाँउका कामी जातिको भन्दा खासै भिन्न देखिदैन । किनभने यस ठाँउका कामी जातिहरु अन्यत्रका भन्दा आर्थिक रुपले सामान्य नै देखिन्छन् । यहाँका कामी जातिका घरहरु, केहि जस्ताले छाएका, केही ढुङ्गाले छाएका छन् । खरले छाएका घरहरु अलि कम मात्रामा देखिन्छन् भने यी घरमा बस्ने मानिसहरुको आर्थिक अवस्था अन्यको तुलनामा विपन्न नै देखिन्छ । यिनीहरुका घरघरमा खानेपानीको सुविधा छैन । ७र१०घरलाई एउटा धाराको ब्यवस्था गरिएको छ । यिनीहरुको घरमा चर्पी, गोठ, धन्सार, बैठक कोठा आदिको प्रबन्ध देखिदैन । यिनीहरुमा ओढ्ने ओछ्याउने कपडाको राम्रो बन्दोबस्त पनि देखिदैन । त्यसैगरीढुङ्गाका छानो भएका घरमा बस्ने कामी जातिको समुदायमा भने यस्तो किसिमको अभाव देखिदैन । खानेपानीको धारा पनि यिनीहरुको ५/६घरको बिचमा धारा रहेको पाइयो । तथापी धनी भएपनि यिनीहरुमा आफुभन्दा माथिल्लो जातिहरुसँग वा उनीहरुको घरमा गएर मागेर खाने चलन भने हटेको पाइदैन । यिनीहरुले प्रयोग गर्ने भााडाबर्तनमा पनि धनीको घरमा राम्रो किसिमको बन्दोबस्त देखियो भने अलि गरिबमा भने सिल्टीको कसौडी, थाल, कचौरा, फलामे दिउरी, पानी राख्ने माटाको घैंटो जस्ता साधारण भाँडाहरु प्रयोग गरिएको देखियो । यसरी कतिपयमा रहेको आर्थिक विपन्नता र शिक्षाको कमिका कारण उनीहरु रुढीवादी कुरामा विश्वास गर्दछन् ।

समाजमा कोही विरामी पर्दा अझै पनि पहिला धाामी झाँक्रीलाई नै लगाउने गरेका छन् भने प्रायजसोले सिधै अस्पताल लाने गरेका छन् । धाँमीझाँक्री र डाक्टरकोमा जाने परिवारसंख्यालाई तालिका नं. ६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ६**

**धामीझााक्री र डाक्टरकोमा जाने कामी परिवार संख्या**

| विवरण | परिवार संख्या | प्रतिसत |
|---|---|---|
| सिधै डाक्टरकोमा (अस्पताल) जाने | १८ | ३८.२९७ |
| धाँमीझाँक्री लगाएर नभए डाक्टरकोमा जाने | २९ | ६१.७०२ |
| जम्मा | ४७ | १०० |

(स्रोत स्थलगत सर्वेक्षण,२०७२)

तालिका नं. ६ का अनुसारअध्ययन क्षेत्रका४० जना पुरुष र ७ जना महिला उत्तरदातालाई प्रश्न सोधिएको थियो । सर्वेक्षणबाट प्राप्त तथ्याङ्कमा केवल ३८.२९७प्रतिशत

वा १८ घरपरिवार संख्या मात्र विरामी भएपछि सरासर अस्पताल जाने गरेका छन् । बाँकी करिव ६१.७०२ प्रतिशत यस समुदायका मानिसहरु विरामी भएपछि झारफुक, धाँमीझाँक्री लगाएर केही सीप नलागे पछिमात्र अस्पताल जाने वा लग्ने गर्दछन् ।

त्यस्तै कृषि पेशा पूर्णतः पेशाको रुपमा रहेकाले आफ्नो थोरै जग्गामा पनि सबै मौसम अनुसारका खेतीपाती यी समुदायका मानिसहरुले गर्ने गर्दछन् । उनीहरु खेतीपाती लगाउने, गोड्ने र थन्क्याउने कार्य गर्दा आफ्ना जातिहरुका र आजकाल ठूला जाति भनिइका मानिसहरुसँग पर्मपालो गर्ने र पर्म तिर्न आउन नपाउनेहरुसँग खेती किसान गर्दा ज्यालामा काम गर्ने गर्दछन् । यसरी हुने आम्दानीबाट घर व्यबहार चलाउने गर्दछन् ।

## ५.१.७ धर्म र भाषा

कामी जातिले आफ्नो धर्मको रुपमा हिन्दू धर्मलाई मान्दै आएको पाइन्छ । अध्ययन क्षेत्रका कामीले पनि हिन्दू धर्मनै मान्ने गरेको पाइयो । यहाँ कामीका जम्मा ४७ घरमध्ये १ घरपरिवर कामीले भने क्रिष्चियन धर्म मान्ने गरेको बताए । हिन्दू धर्म मान्ने कामीहरुले देवीदेवताको रुपमा हिन्दू देवीदेवताको पूजाआजा गर्ने गरेको पाइन्छ । जस्तै शिवपार्वती, विष्णु देवी, गणेश, भिमसेन आदि मान्ने गरेको पाइन्छ ।

कामी जातिले बोल्ने गरेको भाषा भने नेपाली हो । यिनीहरुको छुट्टै भाषा नभएकोले मातृभाषाको रुपमा नेपाली नै बोल्दछन् । तर यिनीहरुले बोल्दा उच्चारणमा फरक पाइएको छ । बोल्दा फरक भएपनि लेख्दा भने उनीहरु शुद्धनै लेख्ने गर्दछन् ।

## ५.१.८ घरको किसिम

घर मानिसहरुका लागि अपरिहार्य हुन्छ । घरले मानिसहरुको समृद्धिलाई झल्काउने गर्दछ । सिन्धुपाल्चोक जिल्लाको बाँडेगाँउ गा.वि.स.का कामी जातिहरु आफ्नो निजी घर मन पराउँछन् ।स्थलगत सर्वेक्षणका आधारमा बाँडेगाँउगा.वि.स.का वडा नं.३,४ र ७ का कामी जातिको कुल घर ४७ रहेका छन । वडानं.३ मा जम्मा २२ घर रहेका छन् । त्यसैगरी वडानं. ४ मा २० घर र वडा नं. ७ मा ५ घर परिवार कामीका रहेका छन् । घरको छानाको विवरणलाई तालिका नं.७ मा प्रस्तुत गरिएको छ ।

### तालिका नं. ७

### अध्ययन क्षेत्रका कामी जातिको घरको छानाको विवरण

| वडानं. | जस्ताको टहरा |
|---|---|
| ३ | २२ |
| ४ | २० |
| ७ | ५ |
| जम्मा | ४७ |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७२)

तालिका नं. ७ अनुसार वडा नं. ३,४ र ७ मा जम्मा ४७ घरमध्ये वैशाख १२ गते आएको महाविपत्ति पछि निरन्तरको भुकम्पका कारण सवै घरधुरी ध्वस्त भएकोले सम्पूर्ण कामी जातिका मानिसहरु जस्ताको छाना र जस्तालेनै बारेर जस्ताको छाप्रो वनाएर वसेका छन । यसबाट यिनीहरुको आर्थिक अवस्था भुकम्प पछि भने निकै संकटमा परेको देखिन्छ ।

### ५.१.९ नारीको स्थान

अध्ययन क्षेत्रका कामी समुदायमा पुरुषहरु भन्दा पनि महिलाहरु फरासिला र मिलनसार छन् । उनीहरु समुदायको र अन्य छर-छिमेकको सुख दुःखमा अभिरुची राख्दछन् । निश्छलता, स्वच्छता र पवित्रताले मात्र होइन, सहयोगी सद्भावना, सहिष्णुता र उदार हृदयले गर्दा उनीहरु मनुष्यकत्वका साक्षात प्रतिमूर्ति झै लाग्दछन् ।

अन्य कतिपय जातिमा पाइने पुरुषप्रति देखाउनुपर्ने अनिवार्य कठिन शिष्टाचार र निषेध यस समुदायमा पाँइदैन । महिलाहरु पनि पुरुषहरुसाग निर्वाध रुपले चुरोट पिउँछन् । रक्सी खान्छन् तर जाँड रक्सी खाएतापनि पुरुष र स्त्री बीचको मर्यादाको अतिक्रमण देखिदैन । पुरुष अन्य काममा धेरै व्यस्त रहनुपर्ने बाध्यता रहेकाले महिलाहरुले नै घरमा आउने पाहुनाहरुको सेवा सत्कार गर्ने जिम्मा लिने गर्दछन् । अन्य जातिहरुको तुलनामा यो जातिका महिलाहरु श्रृंगारप्रति त्यत्ति मोह राख्दैनन ।

मुलुकका पिछडिएका जातिका नारीहरुझैंयिनीहरु पनि गर्भावस्था र अन्य यस्तै सम्वेदनशील अवस्थाहरुमा शरीरलाई आवश्यक सन्तुलित भोजन जुटाउन नसक्नाले गर्दा कतिपय महिलाहरुको स्वास्थ्यमा प्रतिकुल असर परेको पाइन्छ । त्यसमा पनि जाँड, रक्सी, चुरोट जस्ता शरीरका विजातीय पदार्थहरुको सेवन, धाँमी झाँक्री र जडिबुटीको भरले गर्दा झन् स्वास्थ्य प्रतिकुल बन्दै गएको छ । तर आजकाल शिक्षा र जनचेताका कारणले यिनीहरु धाँमी झाँक्री जडीबुटीभन्दा पनि डाक्टरको विश्वास गर्न थालेका छन् ।

यस समुदायमा पुरुषहरु स्त्री जातिको काम धन्दामा सहयोग गर्दछन् । यो काम पुरुषले गर्ने र यो काम महिलाले मात्र गर्ने भन्ने कुनै कुराको निषेध र व्यवधान यस जातिको संस्कारमा छैन । यस समुदायमा बालविवाहको प्रचलन छैन र बहुविवाहको शिकार पनि भएको पाइदैन । कामी जातिका नारीहरु अन्य जातिको तुलनामा कमै मात्रामा शिक्षित छन् तर हाल आएर छोरीलाई शिक्षा दिने प्रक्रिया पनि थालिएको पाइन्छ । प्रौढ महिलाहरु पनि विभिन्न सरकारी वा गैह्रसरकारी संस्था मार्फत प्रौढ कक्षा सञ्चालनबाट लाभ हासिल गरिरहेका छन् ।

**५.२ साँस्कृतिक अवस्था**

नेपाली समाजमा मानिस जन्मनु अगाडिदेखि मृत्यू पछाडिसम्म बिभिन्न संस्कारहरु गर्ने गरिएको पाइन्छ । यसरी नै बाँडेगाँउ गा.वि.स. का कामी समाजमा पनि जन्मेदेखि मृत्यूपर्यन्त गरिने प्रमुख सामाजिक संस्कारहरु जन्म, छैटी, न्वारन, अन्नप्रासन, व्रतबन्ध, विवाह, मृत्यू संस्कार आदि हुन् जुन निम्नानुसार छन्-

**५.२.१ जन्म संस्कार**

विभिन्न जात-जातिहरुका संस्कारहरुमा जन्म संस्कार एउटा प्रमुख संस्कार हो । बाँडेगाँउ गा.वि.स.का कामी जातिका महिलाहरु अन्य हिन्दु महिलाहरुले झैं गर्भावस्थामा धर्म, कर्म, पूजा आजामा भाग लिएमा पुण्य नपाईने धारणा राख्दछन् । गर्भवती महिलालाई धार्मिक कार्यका लागि अशुद्ध मानिन्छ । यस जातिमा कुनै पनि महिला गर्भवती भैसकेपछि उक्त, महिलाले र नीजको श्रीमानले काटमार गर्नु हुँदैन भन्ने मान्यता रहेको छ । तसर्थ कामी जातिका महिला गर्भवती भएको थाहा भएदेखि नै घरका अन्य सदस्यहरुले गर्भवती महिलालाई केही सतर्कता अपनाउन लगाउँद छन् । सुत्केरी हुने बेलामा गाँउ घरमा जान्ने सुडेनीको सहारा लिन्छन् । सुत्केरी भइसकेपछि आँतमा ज्वरो छ भने माछामासु खान नदिई ज्वानोको झोल र काँडा पानी (मिश्री हाली उमालेको मनतातो पारेको पानी) खुवाउँदछन् र २, ३ दिन पछि घिउ, कुखुराको मासु इत्यादि खुवाउँदछन् । यी जातिहरु पनि अन्य उपल्ला जातिको झै बच्चा जन्मेको ६ दिनमा छैठी गर्ने गर्दछन् भने सुत्केरी (सुतक) कोहीले ९ दिन कोहीले ११ दिन बार्दछन् । बच्चाको न्वारान गर्ने कार्यमा प्रायः ज्वाँई वा भाञ्जालाई पुरोहित मान्दछन् । बच्चाको नामाकरण ब्राम्हणले राखिदिन्छन् भने ज्योतिषिले जुराएको नाम र घर परिवारले राखेको नाम आदि गरी बच्चाको २, ३ वटा नाम राखिन्छ । न्वारनको दिन ज्वाँई, भाञ्जा, दिदी, बहिनी र छर-छिमेकलाई बोलाएर भोजन गराउँदछन् । बच्चाको आमा त्यो दिनदेखि चोखिन्छिन् तर पानी भने छुन पाउँदिनन् । १५/१६दिनमा

पानी छुने चलन छ । पानी छुँदा नयाँ वस्त्र फेरी छोइन्छ । यसरी सुत्केरी महिला पूर्णतया चोखिन्छन् ।

यी जातिहरुमा गर्भवती महिलाको पहिलो, दोस्रो बच्चा नरहेमा पछि जन्मने बच्चाको न्वारनमा विश्वकर्माले नेपाली वा परियारबाट डोरो बाँध्ने वा सुजेरोमा राख्ने र सो बच्चाको नाम नेपाली (सार्की) वा परियार (दमाई) राख्ने भन्ने गर्दछन् । यसको कारण सोध्दा बच्चा दीर्घायु हुन्छ भन्ने विश्वास गरेको पाइन्छ ।

यसरी १६, १७ दिनपछि घरको हल्का कामकाज सुत्केरी महिलाले गर्दछन् र एक महिना पछि माइतीले दिन जुराएर लिन आउँछन् र माइतीमा पनि पोसिलो खाना खुवाई बच्चा तथा आमालाई नयाँ वस्त्र दिई दुई महिनापछि घरमा कोसेली पात गरी पठाँउदछन् ।

**५.२.२ अन्न-प्रासन**

पास्नी वा अन्न-प्रासनलाई कामी समुदायमा भातखुवाई भन्ने चलन छ । बाँडेगाँउ गा.वि.स.मा यस जातिमा पनि अन्य जातिमा झैं छोरा भए ६ महिनामा र छोरी भएमा ५ महिनामा भात खुवाई गर्ने परम्परा रहेको छ । यस्तो समयको अन्तर हुनमा विशेष केही कारण नदेखिए तापनि समाजले छोरीलाई कम महत्व दिएको हो कि जस्तो देखिन्छ, तर कामी समुदायको व्यवहारमा हेर्दा छोरीलाई जन्माएकोमा अँध्यारो मुख पार्ने गरेको पाइन्छ । पास्नी गर्नका लागि ज्योतिषद्वारा शुभतिथी ठहऱ्याई उक्त दिनमा बच्चालाई नयाँ कपडा लगाईदिई कन्याद्वारा टीका लगाइदिने गर्दछन् । पास्नीका लागि बिभिन्न किसिमका परिकारहरु जस्तै दाल,भात, तरकारी, अचार, माछा, मासु, जाँड, रक्सी आदि चाहिन्छ । सर्वप्रथम बालकको जेष्ठ अभिभावकबाट अन्न-प्राशन गराउने चलन छ । त्यसपछि क्रमशः परिवारका अन्य सदस्यहरु नातागोता, इष्टमित्रहरु सबैले बालकलाई अन्न-प्राशन गराउँदै टीका लगाइदिई आ-आफ्नो हैसियत अनुसारको नगद वा जिन्सी उपहारका रुपमा हातमा दिने गर्दछन् । यस समुदायमा आर्थिक स्थिति कमजोर हुनेहरुले न्वारन कै दिनमा बच्चाको मुखमा जुठो लगाइदिने गरेको पाइन्छ । त्यसपछि न्वारनका दिन बोलाइएका सम्पूर्ण अतिथिहरुलाई आफ्नो हैसियत अनुसारको भोजन गराई बिदा गर्दछन् ।

**५.२.३ व्रतबन्ध**

हिन्दु धर्म संस्कृति अनुसार व्रतबन्ध एक महत्वपूर्ण मानिन्छ । बाँडेगाँउ गा.वि.स का कामी जातिहरु व्रतबन्ध गर्ने गर्दछन् त्यसलाई क्षओर गर्ने भन्ने चलन पनि रहेछ । यस सन्दर्भमा केही कामीहरुले भने गरेको पाइदैन । यसको कारण सोध्दा

आफुलाई नफापेको कुराहरु उनीहरु बताउाछन् । व्रतबन्ध गर्ने कार्यमा ज्योतिषिहरुद्वारा लगन जुराएर आफ्नै पुरोहित (ज्वाई, भाञ्जा) द्वारा गर्ने गर्दछन् कपाल खौरने काम कसै कसैमा मात्र हुन्छ । यसरी हिन्दु विधिद्वारा नै यो संस्कार गरिन्छ । व्रतबन्ध एकल वा संयुक्त पनि गर्दछन् भने कतिपयले गरिबीका कारण मन्दिर, देवस्थलमा पनि गर्दछन् । यस्तो कार्यमा छर-छिमेक, इष्टमित्र बोलाएर भोज भतेर (दालभात, जाँड र कुखुरा सुँगुर, खसीको मासु) खाई नाचगान समेत गर्दछन् । यसरी व्रतबन्ध भएको मान्छे विवाह गर्न, काजक्रिया तथा पिण्ड तर्पण दिन योग्य ठाँनिनुका साथै परिपक्व मानिने सामाजिक परम्परा भएकोले व्रतबन्धको बिशेष महत्व छ ।

### ५.२.४ विवाह संस्कार

यस गा.वि.स.का कामी जातिमा मागि विवाह, चोरी विवाह र प्रेम विवाह प्रचलनमा रहेको पाइन्छ । विवाह संस्कार हिन्दू धार्मिक परम्परा अनुसार गरिन्छ । त्यसैले अन्य जातिको संस्कारसँग मिल्दो जुल्दो देखिन्छ । आफ्नै जातभित्र विवाह गर्नुपर्ने सामाजिक बन्धन रहेको पाइन्छ र त्यसलाई नै इज्जत ठान्ने गरेको पाइन्छ । कतिपुस्ता भित्र विवाह चल्दैन ? भन्ने प्रश्न गर्दा समान मत नपाए पनि सामान्यतया बाबुपट्टीको सात पुस्ता र आमापट्टीको पाँच पुस्ता भित्र विवाह गर्नु हुन्न भन्नेको संख्या बढी भेटियो तापनि फुपू चेला, मामा चेलीमा विवाह चलाएको पनि अध्ययनको क्रममा भेटिन्छ । यी जातिहरुमा अन्य विवाह भन्दा मागी विवाहले उत्कृष्ट स्थान ओगटेको छ । मागी विवाह आफ्नो हैसियत अनुसार हुन्छ । दुलहा पट्टीबाट जन्ती हिँडेपछि दुलाहाको घरमा महिलाहरु रत्यौली खेल्दछन् । दुलहीको घरमा जन्ती पुगेपछि जन्ती पर्सी स्वयम्वर गर्दछन् । जन्तीलाई भतेर खुवाई सकेपछि जग्गियाको काम गरी सिन्दुर राखेपछि डोली दिन्छन् मागी विवाह गर्दा आ-आफ्नै जातिभित्र तर पृथक पद गोत्रमा गरिन्छ । प्रेमविवाहमा भने केटाकेटीको मनमिलेपछि केही दिन अन्यत्र गई बस्ने र पछि घरमा ल्याउने गरिन्छ । यस गा.वि.स.मा अध्ययनको क्रममा वडानं.३ का हिरा विश्वकर्माले सोही गा.वि.स. वडानं. ३ कै पूण्यलोचन न्योपानेकीछोरी गिता न्योपानेसँग प्रेम विवाह गरेको भेटियो । अध्ययनको क्रममा यस गा.वि.स. भित्र केटाको अलवा केटीले अन्तरजातीय विवाह नगरेको यो स्थितिलाई विश्लेषण गर्दा छोरालाई भन्दा छोरीलाई कडा सामाजिक अनुशासनमा राखेको देखिन्छ ।

यहाँका कामी जातिले बालविवाह, अनमेल विवाह र विधवा विवाहलाई मान्यता नदिइएको पाइन्छ । विवाह गर्ने उमेरको निश्चित नभएपनि सामान्यतया केटाको २०/२२ वर्षदेखि माथि र केटीको १८ वर्ष माथि विवाह गर्ने गर्दछन् । यसको कारण काम

गर्न नसक्ने अवस्थाको विवाह उनीहरुको लागि थप बोझ हो भन्ने पाइयो । त्यसैले काम गर्न सक्षम भएपछि मात्र विवाह गर्ने कुरा उनीहरु बताउँछन् तर आजभन्दा २-३ पुस्ता अगाडिमा भने अनमेल विवाह, विधवा विवाह, केटा केटीमा सक्षम असक्षमता तथा परिपक्वताको कुरा ख्याल नै नगरी विवाह गर्ने परम्परा रहेको कुरा अध्ययनबाट थाहा भयो ।

**५.२.५ मृत्यू संस्कार**

बाँडेगाँउगा.वि.स.का कामीजातिले मृत्यू संस्कारलाई महत्वपूर्ण संस्कारको रुपमा लिने गरेको पाइन्छ । हिन्दू संस्कृतिमा विश्वास राख्ने भएकोले पूर्वजन्ममा विश्वास राख्दछन् । पूर्वजन्ममा विश्वास गर्ने भएकाले नै मृत्यूसंस्कार विधिपूर्वक गर्नुपरेको ठान्दछन् । यस संस्कार राम्रोसँग नगरे मृतआत्मा स्वर्ग नजाने र तिनीहरु भूत-प्रेत पिशाच बनी परिवारका अन्य सदस्यलाई बाधा पुऱ्याउँदछ भन्ने धारणाको कारण उत्पन्न त्रासले विधिपूर्वक अन्त्येष्टि गर्ने र राम्रोसाग काजक्रिया गर्ने गर्दछन् । काजक्रिया गराउन मृतकका ज्वाई भाञ्जाले पुरोहितको काम गर्दछन् । समाजमा कुनै मानिसको मृत्यू भएपछि मृतलाशलाई छरछिमेकी मलामीको रुपमा गएर घाटमा पुऱ्याउँदछन् । आजकाल मलामीको रुपमा गैह्र-दलित जाति पनि संलग्न भएको देखिन्छ । घाटमा पुगेपछि मृतकको छोरा भए छोरा नभए दाजु भाईले दागबत्ती दिन्छन् । यी जातिहरुमा कसैले १० दिन कसैले ११ र १३ दिनमा काजक्रिया गर्ने गर्दछन् । अन्तिम दिन मृत आत्मालाई कुनै दुःख, कष्ट नपरोस् भनी गच्छे अनुसार मलामीलाई भोजन गराउँदछन् । भने पुरोहितलाई पैसा, वस्त्र, खाट विस्तारा, खाना पकाउने भाँडाहरु आदि दान गर्ने गर्दछन् । कोही कोहीले १ वर्षसम्म सेता लुगा लगाएर वार्षिक श्राद्ध (वर्खान्त) गर्ने गर्दछन् भने कोही कोहीले ४५ दिन वा ६ महिनामा फुकाउने भनी लुगा फेर्ने गर्दछन् ।

**५.३ कामी जातिले मनाउने चाडपर्वहरु**

बाँडेगाँउगा.वि.स का कामीहरुको आफ्नो जातिलाई चिनाउने खालको आफ्नै किसिमका चाडपर्वहरु रहेका छन् । उनीहरु विभिन्न चाडपर्वहरु जस्तै : तीज, दशै, तिहार, आदि बडो हर्षोल्लासपूर्ण वातावरणमा भोज भतेर र नाजगान गरी मनाउँदछन् । तर परम्पराको जस्तो मान्नै पर्ने बाध्यता छैन । समय सापेक्ष रुपमा परिर्वतन हुँदैआएको छ । त्यस्ता केही चाडपर्वहरु यसप्रकार छन् ।

**(क) तीज**

नेपाली हिन्दू महिलाहरुको प्रमुख चाड अन्य जातिका महिलाहरुले झैंयस गा.वि.स.का कामी जातिका महिलाहरुले पनि तीज पर्व विशेष धुमधामका साथ मनाउँदछन् ।

प्रायजसो भाद्र महिनामा पर्ने यस चाडमा माइतीले चेलीबेटी बोलाउँछन् । तीजको अघिल्लो राति गच्छे अनुसारको मीठो मसिनो खानपिन गराउँदछन् जसलाई दरखाने भन्दछन् । दर खाएको भोलिपल्ट व्रत बस्ने गर्दछन् । उक्त अवसरमा दिदी-बहिनीहरु भेट भई दुःख-सुख बाँड्ने, रमाइलो गरी गीत गाउने नाच्ने गर्दछन् । तीजमा यस जातका नारीहरुले आफ्नो ईच्छा मुताविकको पति पाउनका लागि र मनका अरु ईच्छा पुराहोस् भनी व्रत बस्ने गरेको पाइन्छ । यो ब्रत बस्नाले लोग्ने धेरै बर्ष बाँचिरहोस् र आफू सौभाग्यवती बन्ने पनि उनीहरुको चाहना रहन्छ ।

**(ख) बडादशैं**

हिन्दु मात्रको मुख्य चाड दशै हो ।हिन्दु धर्म मान्ने अन्य जातिहरु जस्तै ब्राम्हण, क्षेत्री, नेवार, कुमाल, दराई, आदिले जस्तै कामीजातिहरुले पनि रामले रावणमाथि गरेको विजय र दुर्गा भगवतीले राक्षसको वध गरेको उत्सवलाई लिएर मनाउने यस पर्वलाई उत्साह र उमङ्गका साथ मानाउँछन् । यो चाड मनाउँनका लागि देश विदेशमा रहेका आफ्ना घरका सदस्यहरु घर आउँदछन् ।दशै घटस्थापनाका दिनबाट शुरु भएर कोजाग्रत पूर्णिमाका दिन समाप्त हुन्छ । विशेष गरी दशैमा दुर्गा भवानीको पूजा आराधना गरी सप्तमी, अष्टमी तथ नवमीका दिन कुखुरा, बोका, राँगा आदिको बलि दिन्छन् । कामीहरु पनि दशमीका दिन नयाँ नयाँ कपडा लगाई आफुभन्दा ठूला बडा मान्यजनहरुको हातबाट टीका जमरा लगाई आर्शिवाद लिने गर्दछन् । यस चाडमा यिनीहरु आफ्नो आर्थिक स्थितिलाई हेरेर गच्छे अनुसार मनाउने चलन पनि पाइन्छ । दशैको समयमा माइत मावली तथा ससुराली आउने जाने र माछा मासु जााड, रक्सी, खाने परम्परा यस जातिमा छ । टाढा, टाढा सम्म टीका थाप्न जानुपर्ने भएकोले दशमीका दिनबाट पूर्णिमाको दिनसम्म टीका लगाउने गर्दछन् । विजया दशमीलाई असत्य माथि सत्यको विजयको प्रतिकको रुपमा मानिन्छ । सत्यको विजयको प्राप्तिका लागि शक्तिको आवश्यकता पर्दछ । यो शक्तिको प्रतिमूर्ति भगवती हुन् । त्यसैले कामी जातिहरु नवदुर्गाको नौ दिनसम्म पूजा अर्चना गर्ने गर्दछन् ।

**(ग) तिहार**

तिहारको गाई तिहारका दिन कामीहरु गोबरको गोवर्द्धन पर्वत बनाई त्यसमा दूधको धारो चढाई गोबर्द्धन पूजा गर्दछन् । उनीहरु गोबर्द्धन पूजा गर्नाले गाईबस्तुको रक्षा हुन्छ, सम्पत्ति र सुख वृद्धि भएर मनको कुरा पुग्छ भन्ने विश्वास राख्दछन् । गाईलाई सयपत्री र मखमली फूलको माला लगाई दिएर पूजा गर्दछन् । गाईलाई चामलको पीठोको टीका लगाई उक्त दिन मीठो-मीठो खान दिन्छन् । त्यसैगरी भाइ-टिकाका दिन

कामीहरु पनि अन्य जातिहरु झै आफ्ना दिदी-बहिनीद्वारा दाजुभाईको वरिपरी तेलको धारा हाली सधै हरियो रहन दूबोको र मखमली फूलको माला लगाइ दिदाँ दाजुभाई स्वस्थ्य र दीर्घायु हुन्छन् भन्ने विश्वास कामी जातिहरुमा रहेको छ । यस दिन दिदी-बहिनीले दाजुभाईहरुलाई सप्तरङ्गी टीका लगाई दिई लामो आयूको कामना गर्दछन् र दाजु-भाईलाई मिठाई, फलफूल खान दिन्छन् । दाजु-भाईले पनि आफ्ना दिदी-बहिनीलाई आफूले सकेको कपडा अर्पण गर्दछन् । यसै अवसरमा देउसी भैलो खेली अर्थ सङ्कलन गर्नुका साथै मनोरञ्जन गर्दछन् । जसबाट उठेको रकमले यिनीहरुले पछि भोज खाने गर्दछन् । तिहार पर्व मनाउनुको मूख्य कारण दाजु-भाई स्वस्थ्य रहने, आयु लम्बिदै जाने कुरामा कामी जातिमा विश्वास रहेको पाइन्छ ।

**(घ) माघेसक्रान्ति**

हरेक वर्षको माघ एक गते जसलाई माघे सक्रान्ति वा मकर सक्रान्ति पनि भनिन्छ । यस दिनमा कामी समुदायले आफ्ना इष्टमित्र, नातागोतालाई घरमा डाकी सबै एकै ठाँउमा बसी मिठोमिठो खाने चाडको रुपमा मान्दछन् । मकर सक्रान्तिपछि वर्षायाम शुरु हुने भएकाले हिउँदका दिनहरु हाँसि -खुसी बिताइयो र वर्षायाम पनि यसरी नै बितोस भन्ने कामनाको साथ रोटी, खिचडी, तरुल, मासु, जाँड रक्सी आदि खाएर कामी जातीहरुले यो चाडलाई धुमधामसँग मनाउँदछन् ।

उपरोक्त चाडपर्वहरुका अतिरिक्त कामीहरुले फागूपूर्णिमा, शिवरात्री, साउने सक्रान्ति आदि अन्य हिन्दू समुदायले मनाउने चाडपर्वहरु पनि मनाउादछन् । यसरी विभिन्न चाडपर्वमा इष्ट-मित्र र सम्पूर्ण परिवारका सदस्यहरु एकै ठााउमा भेला भई मीठो मसिनो खाई हाासो -रोदन साटी दुःखलाई बिर्सेर हर्षोल्लासका साथ मनाउाछन् ।

## ५.४ पूजा-आजा

देवन्नति, पूजनीय व्यक्ति वा आत्मालाई प्रसन्न र सन्तुष्ट पार्न गरिने स्वागत सत्कारलाई नै पूजा भनिन्छ । पाप-पूण्य, ईश्वर, भूत-प्रेत आदि कुरामा विश्वास गर्ने कामी जातिहरु असंख्य देवी देवताको पूजा आराधना गर्दछन् । कूल देवता लगायत रुखको फेद, खोलाकोतीर जस्ता ठाउँहरुमा पानीको जतातातै देवी देवताको प्रतिमूर्ति स्थापना गरी अनेकौ देवी-देवताहरुको पूजा गर्ने गर्दछन् । बाँडेगाँउगा.वि.स.का कामी जातिहरुमा प्रचलित पूजाआजाहरु निम्नानुसार छन् ।

### ५.४.१ दुर्गा पूजा

बडा दशैंको अवसरमा देवीलाई भवानीको रुपमा पूजा गर्ने चलन यहाँका कामी समाजमा पनि पाइन्छ । नवदुर्गा शुरु भएपछि कामीहरुले आफ्ना पेशागत सामानहरु सबै एकैठाँउ जम्मा गरी दुर्गा देवीको पूजा आराधना गर्ने गर्दछन् । दुर्गा अवधिभर आफ्नो पेशागत कामकाज गर्दैनन । तर कसैकसैले अष्टमी र नवमी यी दुई दिनमात्र काम नगर्ने गरेको पाइन्छ । यसरी दुर्गा थाप्दा कसैले पाठो काट्ने र कसैले कुबिन्डो वा घिरौलालाई बली मानी काट्ने चलन रहेको छ ।

### ५.४.२ नाग पूजा

कामी जातिहरुले नागपूजा पनि विशेष रुपमा गर्ने गर्दछन् । आफ्नो घरपरिवार र छरछिमेकमा प्राकृतिक तथा दैवी विपत्ती नआओस् बालीनाली राम्रो होस् भन्ने कामना र विश्वासका साथ पूजा गर्दछन् ।

चामलको पिठो भिजाएर नागको स्वरुप बनाएर मासको आँखा, जौ, तिलको काँचुली बनाइ सिन्दुर, कपास, सुपारी, लावा (भुटेको धान) का साथ थानमा गई पूजा गरी गाईको दूध धारा बनाई नागको चित्र भएको कागज घरको मूलढोकामा टाँसी नागले रक्षा गर्दछन् भन्ने विश्वासका साथ यो पूजा सम्पन्न गर्दछन् ।

### ५.४.३ कूलायन पूजा

कूलायन पूजा गर्नाका लागि कामी जातिहरुमा अत्यन्तै कठीन खालको तौर तरिका हुने प्रचलन पाइन्छ । जस्तै अमलाको पातको टपरी बनाउनु पर्ने नङले कोट्याएर नौमुरी चामल जुटाउनुपर्ने, धेरै मूलको पानी जुटाउँनुपर्ने सेतो कुखुरा र भेडो चाहिने, जेठाजु बुहारी मिलेर कोल पेल्ने (तेल पेल्ने परम्परागत काठे मेसिन) जस्ता कार्यहरु गर्नुपर्ने जस्ता अप्ठ्यारा भएका कारण हिजो आज आएर उक्त प्रचलनको सट्टामा आफ्नो वंशको जेठोबाठोको घरमा चामल, धूप, अक्षता, पैसा आदिको पेरुङ्गा (पोकोपारी) जुटाई धुरीमा बााधेर राखिन्छ । जुठो सुत्केरो परेमा चोखिई सकेपछि मात्र कूलायनलाई धूप हालेर फेरी दिने प्रचलन पाइन्छ ।

### ५.४.४ वायू पूजा

वायुपूजा आदि संस्कार कै परिचायक मानिन्छ । वायु पूजा, पूनर्जन्मसागै सम्बन्धित हुन्छ । तर अकालमा मृत्यू हुने (झुण्डिएर, पोलेर, लडेर, गाडी दुर्घटना भएर आदि) परिवारका सदस्यको नाममा वायू उतारी मर्नेको शान्ति तथा पुनः जन्मको लागि गर्ने पूजा हो । जन्मनेले मर्नु पर्ने र मर्नेले जन्म लिनु पर्ने जस्ता जन्म र पुर्नजन्मको मान्यता हिन्दू धर्ममा विद्यमान छ । मरेपछि पूर्नजन्म हुनु अघिको अन्तिम अवस्थामा मानिसले वायूको रुप

लिन्छ । केही गरी मुक्ति पाएन वा पुर्नजन्म हुन सकेन भने शरीर विहीन मानिस वायूको रुपमा भड्किरहन्छ भन्ने हिन्दू मान्यतामा विश्वास राख्नेहरु पनि पाइन्छन् ।

वायू पूजा वायूरुपमा डुलिरहेको आत्माको पूजा हो तापनि यो धाँमी झाँक्री विधिद्वारा सम्पन्न गरिन्छ । कामी जातिहरु परिवारको अथवा नजिकको आत्माको स्मरण स्वरुप परिवारका प्रत्येक सदस्यलाई वायू पूजाको प्रसाद दिन्छन ।उपर्युक्त पूजाहरुबाट गाईबस्तुको सुरक्षाका लागि यस गा.वि.स.का कामीहरुले बनदेवीको पूजा, रोगब्याधी वा जंगली जनावरहरुबाट मुक्तिका लागि असार महिनाका शनिवार संसारी माइको पूजा गर्दछन् । यसका साथै माघे सक्रान्तिका दिन मृत व्यक्तिको सम्झनामा छोराले पितृ पूजा गर्ने गर्दछन् । यसरी कामी समुदायले विभिन्न देवीदेवताको पूजा आजा गरी बलिदिएमा आफ्नो जीवनको रक्षा हुन्छ र रोगबाट मुक्ति पाइन्छ भन्ने मान्यता अनुरुप विभिन्न पूजाआजाहरु बडो हर्षोल्लासका साथ गर्दछन् । यस वायू पूजा गर्नुको मुख्य औचित्य कामी जातिमा मृत आत्माले आफ्नो वंशमा कुनै दुःख कष्ट नदियोस् मृत शरीरले मुक्ति पाउन सकोस् भनी उक्त पूजा गरेको पाइन्छ ।

### ५.५ कामी जातिको अन्य जातिसँगको सम्बन्ध

यहाँका कामी जातिको अन्य जातिसँग निकटको सम्बन्ध रहेको पाइन्छ । आपतविपत परेका बेला एकले अर्कोलाई सहयोग गर्नुपर्दछ भन्ने विश्वास यहाँका सबै जातिमा रहेको छ । यस अध्ययन क्षेत्रमा ब्राम्हण, क्षेत्री, तामाङ,कामी दमाई सार्की आदि जाति रहेका छन् । यी जातिसँग यहाँका कामी जातिको सम्बन्ध एकअर्कामा परिपुरक छ । यहाँका कामी जातिले यी विभिन्न जातिलाई सेवा गर्दै आएका छन् भने अन्य जातिले पनि यिनीहरुलाई सहयोग गरि नै राखेका छन् । यहाँका कामी जातिले ब्राम्हण, क्षेत्री,तामाङलाई बिष्ट मान्ने गर्दछन् । यिनीहरुले फलाम पिट्ने र गरगहना बनाउने काम गरिदिन्छन् । कामी जातिले यहाँ बसोबास गर्ने अन्य जातिसँग आफुलाई चाहिने रकम सापट लिने गर्दछन् । यसरी सापट लिएको रकम कसैले काम गरिदिएर तिर्ने गर्दछन् भने कसैले ब्याज तिर्ने गर्दछन् । कामी जातिको अन्य जातिसँगको सम्बन्ध कस्तो रहेछ भन्ने विषयमा विश्लेषण गरिएको छ ।

### ५.५.१ ब्राम्हण, क्षेत्री,तामाङ र कामी जातिबीचको सम्बन्ध

यस गा.वि.स.का कामीले ब्राम्हण,क्षेत्रीलाई बिष्ट वा मालिक मान्दै आएका छन् । यिनीहरुले ब्राम्हणका भाँडावर्तन बनाउने गरगहना बनाउनेदेखि लिएर अन्य सम्पूर्ण कार्यहरु गरिदिने गर्दछन् भने ब्राम्हण,क्षेत्रीले पनि यिनीहरुलाई बिरामी वा अन्य आपत-विपत्मा सहयोग गर्दै आइरहेका छन् । यहाँका कामी जातिलाई बाहुन, क्षेत्रीले अछुत जाति भनेर

घरभित्र पस्न नदिएपनि अन्य कुरामा भेदभाव नगरिएको यहाँका कामीहरु बताउँछन् ।यहाँका कतिपय कामी जातिले क्षेत्री,बाहुनकोमा गएर काम गरेबापत ज्याला लिई आफ्नो दैनिक गुजारा चलाउने गर्दछन् । ज्याला स्वरुप कसैले अन्न र कसैले पैसा नै लिने गरेका छन् । यहाँका व्राम्हण, क्षेत्रीमा छुवाछुतको भावना कम हुँदै आएको छ । कतिपय यी जातिका छोरा-छोरीहरु कामीको घरमा गई खाना खाने, तास खेल्ने गर्दछन् । यसरी कामीहरुलाई छुन पनि हुँदैन भन्ने भावनालाई यहाँका व्राम्हण क्षेत्रीसमुदायले त्यागेर उनीहरुसाग राम्रो सम्बन्ध राख्दै आएको पाइन्छ ।

### ५.५.२ तामाङ र कामी जातिबीचको सम्बन्ध

यहाँका तामाङ र कामीहरुबीच पनि राम्रो सम्बन्ध रहेको पाइन्छ । तामाङले यहाँका अलि हुनेखाने कामी जातिको घरमा गई काम गर्न सघाउने गरेको पानि पाइयो । यिनीहरुले कामीको घरमा गई हाकाहाकी रुपमा खाने कुरा खाने गरेका छन् । यी दुवै जातिहरुले जाँडरक्सी खाने र रमाइलो गर्ने समेत गर्दछन् । यसरी सँगै बसेर खाएपनि तामाङले कामीलाई आफ्नो घरमा भने पस्न दिदैनन् । तर भई परी आउँदा भने सबैले सबैलाई सहयोग गर्ने गरेका छन् । यसरी यहाँका तामाङ र कामीहरुबीचमा पनि सुमधुर सम्बन्ध रहेको पाइन्छ ।

### ५.५.३ दलितहरुबीचको सम्बन्ध

यहाँका दलितहरुमा त भन्दा म ठूलो भन्ने भावना अझैपनि रहेको छ । यहाँका कामी र सार्कीहरुमा म ठूलो भन्ने अभिमान रहेको पाइन्छ । यी दुवै जातिले दमााईलाई सानो जातिको रुपमा हेर्दछन् । अध्ययनको क्रममा तपाई सार्की र दमाईमा को ठूलो भनी प्रश्न गर्दा उनीहरुले हामी (कामी) ठूलो हो भन्ने जवाफ दिएकाले यिनीहरुबीचमा पनि भेदभावको भावना कायमै रहेको रहेछ भन्ने कुरा स्पष्ट हुन्छ । कामीहरुले सार्की, दमाईहरुलाई आफ्नो घरभित्र अझैपनि खुसी साथ पस्न दिदैनन् । तर एक अर्कालाई भई परि आउँदा भने आफुले सकेसम्मको एक-अर्कालाई सहयोग गर्ने गरेको बताए ।

## अध्यायः छ

## कामी जातिको आर्थिक अवस्था र त्यसमा आएको परिवर्तन

### ६.१ आर्थिक अवस्था

कुनैपनि समाज र जातिको अध्ययन गर्दा त्यस समाजको आर्थिक तथा सामाजिक अवस्था सवल भएको समाजका मानिसहरु र कमजोर आर्थिक अवस्था भएको समाजका मानिसहरुकोबीच ठूलो भिन्नता पाइन्छ । आर्थिक अवस्थाले नै समाजमा स्तर निर्धारण गर्ने भएकाले समाजमा बसेर आफ्ना सम्पूर्ण क्रियाकलाप पुरा गर्नका लागि आर्थिक तत्व नै आवश्यक पर्दछ । मानवीय आवश्यकता पुरा गर्नको लागि पनि आर्थिक तत्व नै आवश्यक पर्दछ । मानवीय आवश्यकता पुरा गर्न मानिसहरु विभिन्न आर्थिक क्रियाकलामा संलग्न भएको पाइन्छ । कसैले जागिर, ब्यापार, मजदुरी र कसैले आफ्नो परम्परागत पेशा गरेर जीवन निर्वाह गरिरहेका छन् । कामी जातिले आफ्नो परम्परागत पेशा फलाम तथा सुन पिट्ने गरेको पाइन्छ । बाँडेगाँउ गा.वि.स.का कामी जातिको आर्थिक अवस्थाको अध्ययन गर्ने क्रममा उनीहरुले अपनाएको पेशा, भुमिको विवरण, वर्षदिनसम्म खान पुग्ने-नपुग्ने विवरणका साथै अन्य आर्थिक क्रियाकलाप सहितको अध्ययन गरिएको छ ।

### ६.१.१ पेशा

बाँडेगाँउगा.वि.स.का कामी जातिहरु विशेष गरी ब्राम्हण, क्षेत्रीहरुको आसपासमा बस्दै आएका भएपनि आफ्ना परम्परागत पेशामा केहि व्यक्ति लागिरहेको पाइन्छ । फलामका सामान बनाउने तथा बेच्नेका साथै पशुपालन पनि गरेका छन् तर त्यसलाई पेशाका रुपमा मान्न सकिदैन ।

परम्परागत पेशाका अलवा यहाँका कामी जातिहरु कृषि कार्यमा सिमित रुपमा प्रायः कृषि मजदुर (हली, खेताला), निर्माण मजदुर (डकर्मी, सिकर्मी) र भरियाको रुपमा कार्यरत रहेको पाइन्छ । पेशागत रुपमा निम्न पेशाहरुको अलवा अधिकांश यस जातिका मानिसहरु अन्य पेशामा पनि संलग्न रहेको पाइन्छ । यहाँ दलित जातिहरुले अपनाउँदै आएका पेशाको विवरण तालिका नं. ८ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८**

**कामी जातिले अपनाएका विभिन्न पेशाहरु**

| पेशा | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| परम्परागत भाँडारगरगहना बनाउने | १० | २१.२८ |
| कृषि | १८ | ३८.२९ |
| ज्यालारमजदुरी | ७ | १४.८९ |
| जागिर | ५ | १०.६४ |
| नोकरी विदेशी | ७ | १४.८९ |
| जम्मा | ४७ | १०० |

(स्रोत : स्थलगत सर्वेक्षण, २०७२)

तालिका नं. ८ अनुसार कमी जातिको मुख्य पेशा भाँडा तथा गरगहना बनाउने भएतापनि अन्य पेशा नै अहिले आएर मुख्य पेशा बनेको छ । माथिको तालिका अनुसार परम्परागत पेशा अर्थात भाँडा तथा गरगहना बनाउने पेशालाई मुख्य पेशा मान्ने कामी परिवार ८ अर्थात १४.५४ प्रतिशत छन् । यस यध्ययन क्षेत्रका धेरै जसो कामी परिवारको पेशा भने कृषि रहेको पाइयो

अध्ययनका क्रममा यहाँका कामीसँग आफ्नो परम्परागत पेशा छोड्नुको कारण सोध्दा यस्तो कामलाई समाजले हेप्ने दृष्टिले हेर्नु, सो कामबाट परिवार धान्न नसकिनु, आधुनिक औजारमा लगानी गर्न नसक्नु, आधुनिक किसिमका सर-सामानको प्रयोग समाजले गर्न थाल्नु आदि बताउँछन् । तालिमको अभावको कारण राम्रा भाँडा निर्माण नहुनु र निर्माण गरे तापनि बिक्री नभई घाटा परेकाले केही वर्ष पहिलाबाटै त्यो पेशा छोडेको कुरा बताउँछन् । कतिपय यूवा वर्गलाई यस्तो प्रश्न गर्दा यस सर-सामानमा समय खेर फालेर काम छैन बरु विदेश गए पैसा टन्न कमाइन्छ भन्ने उत्तर दिएकाछन् । यसरी यी परम्परागत पेशाहरुको झन् बृद्धि हुँदै आधुनिकता तर्फ जानुको बाबजुद झन् झन् लोप हुँदै जाँदा यी जातिहरुको विकास र आधुनिकीकरणको अवस्था पनि झन् झन् दिशा विहिन हुँदै गएको स्पष्ट हुन्छ ।

परम्परागत पेशा र अन्य पेशामा संलग्न नभएबाट बेरोजगार हुन पुगेका यस जातिका सदस्यहरु विभिन्न ज्याला मजदुरी गर्ने कार्यमा संलग्न देखिन्छन् । ज्याला मजदुरी गर्ने परिवार संख्या ५ अर्थात ९.०९ प्रतिशत रहेका छन् ।  विशेषगरी यिनीहरु अरुको

खेतबारीमा काम गर्ने, भारी बोक्ने, ढुङ्गा फोर्ने, काठ चिर्ने जस्ता भारी काममा संलग्न भएका छन् । यस्ता कामहरु मौसमी भएकाले घर खर्चमा आंशिक राहत मिल्छ भने अरु कार्य गर्नका लागि ऋण लिई यिनीहरु काम चलाउने गर्दछन् । दैनिक ज्याला मजदुरीबाट पुरुषले शुरु शुरुमा २०० देखि ३०० रुपैयाँ दैनिक प्राप्त गर्दथे भने महिलाले १५०-२०० रुपैयाँ प्राप्त गर्दथे तर हाल आएर ज्यालामा परिवर्तन भएको छ । जस अनुसार पुरुषले ३०० देखि ४०० रुपैयाा र महिलाले २५० देखि ३०० रुपैयाँ सम्म प्राप्त गर्दछन् । यसरी समान ज्याला नहुनुमा महिला माथिको विभेद यो जातिमा पनि केहि हदसम्म देखिएको छ । पुरुषको तुलनामा महिलाले शारिरीक श्रम बढी गर्न नसक्नु पनि फरक ज्यालाको एउटा कारण भएको यस जातिका पुरुष वर्गहरु बताउँछन् ।

### ६.१.२ भू-स्वामित्व

बाँडेगाँउगा.वि.स.का तीनवटा वडाका जम्मा ४७घरधुरीका कामीहरुको अधिकांशको स्वामित्वमा रहेको भुमि धेरै छ । आफ्नो जग्गा जमिन कम हुनेले अन्य धनी साहुमहाजनको जमिन कमाएर खाएका छन् । भूमी अचल सम्पत्ति भएको हुनाले यसबाट पनि यिनीहरुको आर्थिक अवस्थाको अड्कल गर्न सकिन्छ । यहाँको भूमीमा बारी र खेत दुवै भएकाले गर्दा भूमीबाट राम्रै आम्दानी भएको पाइन्छ । यहाँका कामी जातिको भूमिको अवस्थाको वारेमा तलको तालिका नं. ९ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९**

**भूमिको आधारमा कामी परिवारको विवरण**

| क्र.सं. | भूमिको क्षेत्रफल | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ५ रोपनीसम्म खेत बारी | १० | २१.२७७ |
| २ | ६ देखि ११ रोपनीसम्म पाखोबारी तथा खेत | २० | ४२.५५३ |
| ३ | ११ रोपनीभन्दा बढी पाखोबारी तथा खेत | १० | २१.२७७ |
| ४ | जग्गा जमिन नभएका | ७ | १४.८९३ |
| जम्मा | | ४७ | १०० |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७२)

तालिमा नं. ९ अनुसार भूमिको आधारमा अध्ययन क्षेत्रका कामी समुदायको आर्थिक स्थिति प्रायको राम्रो देखिन्छ । सिन्धुपाल्चोक पहाडी जिल्ला भएपनि यहाँ खेतीयोग्य जमिन बढीमात्रामा रहेको छ । त्यसैले यस गा.वि.स.का कामी जातिको आर्थिक अवस्था मजवुत नै रहेको पाइन्छ । यस अध्ययन क्षेत्रका कतिपय कामी परिवारको पाखो जग्गा बढी र बारी कम भएको देखिन्छ । यहाँका २७ परिवार अर्थात ५७.४४६ प्रतिशत कामीहरुको ११

रोपनीसम्म खेत पाखोरबारी भएको पाइयो । यिनीहरुको आर्थिक अवस्था मध्यम वर्गको रहेको छ । ११ रोपनीभन्दा बढी खेत, बारी तथा पाखो हुने परिवारहरु जम्मा ११अर्थात २३.४०४ प्रतिशत रहेका छन् । यिनीहरुलाई अध्ययन क्षेत्रका अन्य जातिसँग तुलना गर्दा मध्यम भएपनि कामी जातिभित्रै तुलना गर्दा भने निकै उच्च आर्थिक अवस्था मान्न सकिन्छ । बाँकी ९ परिवार अर्थात.१९.१४८ प्रतिशत कामीका कतिपय परिवारको आफ्नो जग्गा २ रोपनि मात्र भएको पनि पाइयो । यस्ता परिवारलाई केहि महिनासम्म मात्र खान पुग्ने गर्दछ । यसरी हेर्दा यस्ता कामी परिवारको आर्थिक अवस्था भने निकै कमजोर रहेको देखिन्छ ।

यसरी जग्गा जमिन थोरै र पाखो मात्र भएका परिवारको उब्जनी कम हुने हुनाले यस्ता परिवारका सदस्यहरु कामको खोजिमादेशका विभिन्न शहरहरुमा गएको पाइन्छ । साथै आर्थिक स्थिति सवल भएका कामी परिवारका सदस्यहरु पनि अरुको लहै लहैमा लागेर विभिन्न शहरहरुमा गई रोजगारी गर्ने गरेको पाइयो ।

बाँडेगाँउ गा.वि.स.का कामी तथा अन्य जातिको मुख्य पेशा कृषि भएकाले यस पेशासँग अन्तरनिर्भर रहेको खेतीपाती र पशुपालनलाई पनि भूमि र आर्थिक स्थितिसँग जोडेर अध्ययन गरिएको छ ।

### ६.१.३ खेतीपाती

बाँडेगाँउगा.वि.स.एक कृषिमा आधारित गा.वि.स. भएकाले यहाँका अधिकांश मानिसहरु कृषि पेशामा नै संलग्न रहेका छन् । यहाँ सिंचाईको राम्रो व्यवस्था भएकोले हरेक किसिमका खेतीहरु लगाउने गर्दछन् । यस गा.वि.स.मा अन्न खेतीमा मकै, गँहु, धान, भटमास, मास, बोडी, घैया आदि उत्पादन हुन्छन् भने तरकारी खेतीमा आलु, मुला, भान्टा, काउली, बन्दा, रामतोरिया, सिमी, घिरौला, लौका, करेला, पिंडालु, फर्सी, काँक्रो, लसुन, प्याज आदि उत्पादन गर्ने गर्दछन् । यसरी उत्पादन गरिएको फलफूल तथा तरकारी बेचबिखन गरेर यहाँका मानिसहरुले राम्रो आम्दानी गरिरहेका छन् ।

अध्ययन क्षेत्रका कामी जातिमा पनि प्रायः धेरैजसोले खेतीपातीबाट राम्रो आम्दानी हुने गरेको बताए । प्रायजसो कामी परिवारको जग्गा छेउ भिरालो ठाँउमा हुने हुनाले अन्यको तुलनामा उनीहरुको उत्पादन कम नै हुन्छ तर यहाँ पानीको राम्रो व्यवस्था भएकाले उनीहरुले अरुको जग्गा अधियाँमा कमाएर र आफ्नो भएको अलिकति जग्गामा पनि मौसमअनुसारको खेती गरेर राम्रो आम्दानी गरिरहेका छन् । यहाँका कामीको खेतीपातीको तरिका परम्परागत नै छ । यहाँ हलो, कुटो, कोदालोको प्रयोग गरिन्छ । हाल आएर मोटरबाटोको सुविधा भएकोले केहि धनी कामीहरुले ट्याक्टरको पनि प्रयोग गर्न थालेका छन् ।

### ६.१.४ पशुपालन

कुनै पनि जातिका लागि आदिम पेशाको रुपमा रहेको पशुपालन कृषिको विकास सँगै कृषिको अभिन्न अङ्गको रुपमा रहँदै आएको र किसानहरु पशुपालनलाई कृषिको महत्वपूर्ण पक्ष मान्दै आएका छन् । ठूला किसानहरुमा यो पेशा जे जसरी सञ्चालित छ त्यसै गरी साना वा पिछडिएका किसानहरुमा यो पेशा फस्टाउन सकिरहेको छैन । समग्र बाँडेगाँउ गा.वि.स.पशुपालनका लागि उपयुक्त स्थान मानिन्छ । तसर्थ अन्य समुदायले जँस्तै कामी जातिका परिवारले वस्तुभाउहरु पाल्ने कार्यमा ध्यान दिएको पाइन्छ । यस जातिले पशुपालन गरे पनि त्यो व्यवसायीक रुपमा जीवनयापनको उद्देश्यले नभई घरमा बस्ने महिला केटाकेटीहरुले केही काम पाउँछन् र मल हुन्छ भनेर पालेको देखिन्छ । तर आजकाल कतिपय कामी जातिले यसलाई व्यवसायको रुपमा पनि अपनाएका छन् । यसरी व्यावसायिक रुपमा आफ्नो जमिनमा विकासे घाँस रोप्ने र कतिपयले अरुको जमिन पनि अधियाँ वा कुतमा लिएर घाँस रोप्ने र पशुपालन गर्ने गरेका छन् । यहाँका कामी जातिले आफ्नो खेतबारीमा डालेघाँसहरु लगाउने, गाई, भैसी, बाखाहरुको संख्या बढाउने गरेको देखिन्छ । गाई भैसीको दूधबाट राम्रो आम्दानी हुनेहुनाले उनीहरुले गाईभैसीको संख्या बढाउँदै आएका छन्  भने गोरुहरु थोरै मात्र पाल्ने गरेको देखिन्छ । त्यस्तै धेरै जसो घरमा कुखुरा पालेको भेटिन्छ । यस जातिले पालेका पशुपंक्षीको विवरण तालिका नं. १० मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १०**
**पशुपालनको आधारमा परिवारको विवरण**

| विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| गाई,गौरु,भैसी, बाखा, सुँगुर,कुखुरा | ६ | १२.७६६ |
| गाई,गोरु,भैसी,बाखा,कुखुरा | ५ | १०.६४३ |
| गाई,गोरु,भैसी,बाखा | २ | ४.२५५ |
| गाई, गोरु,बाखा,कुखुरा | २ | ४.२५५ |
| भैसी,बाखा,कुखुरा | २ | ४.२५५ |
| भैसी,बाखा | १ | २.१२८ |
| बाखा,कुखुरा | १ | २.१२८ |
| बाखा | २ | ४.२५५ |
| कुखुरा | १ | २.१२८ |
| भैसी,कुखुरा | १ | २.१२८ |
| भैसी | ३ | ६.३८३ |
| गाईगोरु, बाखा | १ | २.१२८ |
| केहीपनि नपाल्ने | २० | ४२.५५३ |
| जम्मा | ४७ | १०० |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७२)

बाँडेगाँउगा.वि.स.मा तालिमा नं. १० अनुसार कामी परिवारले प्राय सवै किसिमका पशुपंक्षीहरु पालेको पाइयो । धेरैजसो घरमा कुखुरा पालेको पाइयो ।सर्वेक्षणको क्रममा यस जातिका २ घर परिवारले व्यावसायिक रुपमा कुखुरा पालेको पनि भेटियो । यहाँका कामी परिवारले गाईभैसी पालेर दूध विक्री गर्ने पनि गरेका छन् । यस गा.वि.स मा रहेका फरक-फरक वस्तुभाउ पाल्नुको कारण सोध्दा एकअर्कामा प्रतिस्पर्धा गर्नुनपर्ने मिलेर पाल्नु राम्रो भएकोले सकेसम्म मिलेर गर्दा राम्रो हुने भएकोले ।यसरी बिभिन्न किसिमका पशुपंक्षी पालन गरी आफ्नो आर्थिक स्थितिमा दिन-प्रतिदिन यहाँका कामीहरुले सुधार ल्याउन प्रयत्न गरिरहेका छन् ।

**६.१.५ खाद्यान्न पहुँचको स्थिति**

बाँडेगाँउगा.वि.स का वडा नं. ३,४ र ७का कामी जातिहरुले आफ्नो जमिनमा उत्पादन गरेको खाद्यान्नले सबै घरपरिवारलाई वर्षभरि नपुग्ने गरेको पाइयो । यसरी नपुगेको खाद्यान्न कहाँबाट उपलब्ध गराउनुहुन्छ भनी प्रश्न गर्दा कतिपयले किनेर ल्याउने भन्ने जवाफ दिए भने कतिपयले अरुको घरमा गएर काम गरेर वा अरुको जग्गा कमाउने गरेको बताए । यस अध्ययनको क्रममा उनीहरुको खेतीपातीको आयस्तरबाट उनीहरुलाई खान पुग्छकी पुग्दैन,  खान पुगेपनि कति महिना पुग्छ भनेर सर्वेक्षण गरिएको थियो । जसलाई तालिका नं. ११ मा देखाइएको छ ।

**तालिका नं.११**

**कामी जातिको खाद्यान्न पहुँचको स्थिति :**

| खाद्यान्न पुग्ने स्थिति ( महिनामा) | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| बाह्रै महिना पुग्ने | २४ | ५१.०६३ |
| १-३ महिना पुग्ने | ५ | १०.६३ |
| ३-६ महिना पुग्ने | ६ | १२.७६ |
| ६-९ महिना पुग्ने | १२ | २५.५३ |
| जम्मा | ४७ | १०० |

(स्रोत स्थलगत सर्वेक्षण, २०७२)

तालिका नं. ११ अनुसार कामी जातिहरुको बिहान बेलुकाको खानाको समस्या आफ्ना परम्परागत (फलाम र गर-गहना बनाउने) पेशाबाट मात्र टार्न असम्भव हुँदै गइरहेको अवस्था छ । त्यसमा पनि यो पेशालाई प्रायः हात पनि लगाउन छाडिसकेको

अवस्था छ । त्यसैले जीवननिर्वाहका लागि ज्याला मजदुरीलाई पनि प्रमुख आर्थिक श्रोतको रुपमा यहाँका कामी जातिहरुले अँगालेका छन् । यिनीहरु प्रायः विदेश गएर पैसा कमाउने गर्दछन् । कतिपयले अरुको जग्गा जमिन अधियाँमा कमाइ गरेका छन् । कतिपयले ज्यालादारी,मजदुरी गरी, पशुपंक्षी बेचविखनगरेर पनि खान नपुग्ने अवस्थामा ऋण लिएर भएपनि जिवन धान्ने गरेका कामी परिवारहरु पनि अध्ययनको क्रममा भेटिए । आफूले उत्पादन गरेको खाद्यान्नले १ देखि ३ महिना मात्र पुग्ने परिवार संख्या ५ अर्थात १०.६३ प्रतिशत रहेका छन् । यसरी खेतीबाट बर्षदिन सम्म खान नपुगेपछि यहाँका कामी परिवारले अन्य पेशाको विकल्पको रुपमा सिकर्मी, डकर्मी, तामा तथा चाँदीको काम, ज्याला मजदुरी आदि अपनाउने गरेका छन् ।

### ६.१.६ खर्चको स्थिति

आर्थिक अवस्थाको परिसूचकको रुप आम्दानीको विवरण मात्र नभई खर्चको विवरण पनि हो । प्रायः नेपालीहरुको आय र व्ययको तालमेल गरी काम गर्ने परीपाटी छैन । आर्जन अनुसारको भोजन भन्ने उक्ति चरितार्थ भएको पाईदैन । कमाई हुँदा मीठो खाने र नहुँदा छक्क पर्ने परिपाटी प्रायः उत्पीडित जातिमा पाइन्छ । आम्दानी अनुसारको खर्च गर्न प्रायः यिनीहरुले जानेका हुँदैनन् । यसरी धनी त धनी हुँदै छन् तर गरिबहरुले कमाएको बचत गर्न नसक्नु र आकस्मिक खर्च गर्नु परेमा महंगो ब्याजदरमा ऋण लिनुपर्ने बाध्यता यिनीहरुमा छ भने अर्कोतर्फ खान लाउन पुग्ने अवस्था भएपनि अन्य कार्यका लागि ऋण लिनुपर्ने बाध्यता रहेको छ ।

नेपाली समाजमा प्रचलित ‘घाँटी हेरी हाड निल्नु’ भन्ने उखान व्यवहारिक जीवनको मार्गदर्शक सिद्धान्त पनि हो । यो उखान अध्ययन क्षेत्रका कामी जातिमा पनि लागु हुन्छ । यी जातिले कुन-कुन शिर्षकमा के कति खर्च गर्दछन् भन्ने कुरा निश्चित रुपमा भन्न सकिदैन । किनभने यो सवालमा उनीहरु अल्मलिन्छन् र भन्दछन् “कमाएको पैसाले खान लाउन पनि पुग्दैन ।” यसले के कुराको प्रतिनिधित्व गर्दछ भने प्रायजसोको घरायसी उत्पादन ज्यादै न्यून भएकाले बेसाएर (अन्य ठाँउबाट किनेर ल्याउने काम) खान्छन् र आम्दानीको ठूलो हिस्सा अन्न किन्न नै खर्च हुन्छ । खाना खर्चको अलावा लुगा फाटो, औषधोपचार, पढाई, चाडपर्व आदिमा खर्च गर्दछन् । यी जातिमा अझै पनि विभिन्न चाडपर्वमा आफ्ना इष्टमित्रको स्वागत जाँड रक्सीद्वारा गरिने प्रचलन रहेको छ । यसले गर्दा खर्चमा झन् बृद्धि हुन जान्छ फलस्वरुप यिनीहरु ऋण लिन बाध्य हुन्छन् ।यी जातिको ऋणको स्थिति तालिका नं. १२ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२**

**कामी जातिहरुको ऋणको स्थिति**

| क्र.सं. | ऋणको स्वरुप | घरसंख्या | प्रतिशतमा |
|---|---|---|---|
| १ | स्थानीय साहु | २२ | ४६.८० |
| २ | बैंक | १२ | २५.५३ |
| ३ | ऋण नलिने | १३ | २७.६६ |
| | जम्मा | ४७ | १०० |

(स्रोतः स्थलगत सर्वेक्षण,२०७२)

तालिका नं. १२ अनुसार कामी जातिहरुले कूल घरमध्ये २२ घरका जम्मा ४६.८० प्रतिशतले स्थानीय साहूबाट ऋण लिने गरेको देखिन्छ भने १२ घरका जम्मा २५.५३ प्रतिशतले बैंकबाट ऋण लिने गरेको देखिन्छ । तालिका अनुसार कुल १३ घरका २७.६६ प्रतिशतको मात्र ऋण लिनु नपर्ने स्थिति देखिएको छ । यी १३ घरपरिवार कामी मध्येका सम्पन्न परिवार अन्तर्गत पर्दछन् । यी परिवारको आफ्नै जग्गाजमिन प्रर्याप्त छ जसमा उनीहरुले तरकारी खेती गर्ने गर्दछन् । त्यस्तै गरी कतिपय परिवारको आफ्नै व्यापार ब्यावसाय छ । यस्तो व्यापार ब्यावसाय गर्ने मध्येका एक हिरा रसाइली पनी हुन् जसको आफ्नैसुनचाँदी पसल छ । त्यस्तै अर्का निल बहादुर वि.क. जसले तामाका भाँडाको व्यापार सञ्चालन गरेका छन् । यस्तै अर्का मगर बहादुर वि.क.जस्ले क्युरेश सञ्चालन गरेका छन् । यसरी यस्ता परिवार ऋण नलिने परिवार अर्न्तगत परेका छन् भने कतिपय यस्तै व्यापार व्यावसाय गर्ने परिवारले आफ्नो व्यापारको लागि ऋण लिएका छन् ।

अध्ययनको क्रममा बैङ्क भन्दा साहु महाजनसँग ऋण लिनुपर्ने किन ? भन्ने सवालमा ऋणीहरु बताउँछन् कि बैङ्कसँग ऋण लिन धितो चाहिन्छ, मासिक रुपमा ब्याज बुझाउनु पर्छ , तोकिएको समयमा किस्ता बुझाउनु पर्छ, धितोको निमित्त कतिपयसँग जग्गा नभएको र भए पनि कमसल भएकाले ऋण दिनको निमित्त बैङ्कले अस्वीकार गर्ने र बैङ्कसँग ऋण लिन झन्झट हुने उनीहरु बताउँछन् । स्थानीय साहु राम आचार्यसँग आवश्यक परेको बेलामा काम चलाउन सकिने हुनाले प्रायजसो कामी जातिले साँहुसँग ऋण लिएका छन् । बैंङ्कसँग ऋण लिन झन्झट हुन्छ भन्ने सानो मानसिकताका कारण उनीहरु साँहु महाजनलाई सयकडा २ देखि ३ रुपैया महिनामा व्याज तिर्न बाध्य छन् ।

### ६.२ आर्थिक पछौटेपनका कारणहरु

आजको जटिल विश्व परिवेशमा मानव समुदायको दैनिक जीवनको मुख्य इन्धन नै अर्थ हो । अर्थ बिनाको जीवन जिउन कल्पना पनि गर्न सकिदैन । अहिलेको सुविधासम्पन्न समयमा पनि बाँडेगाँउ गा.वि.स.कामी जातिहरु अन्य जातिहरुको तुलनामा दीनहीन अवस्थामा जीउनुपर्ने अवस्था छ । उनिहरुमा पैसा कमाएर पनि बचत गर्ने बानी असाध्यै कम छ । आज कमायो आजै मिठो मसिनो खाईहाल्ने, पैसा भएपछि जेदेखियो त्यही गर्नुपर्ने देखासिखि यस जातिमा बढी पाइन्छ । यो अवस्था रहनुका कारणहरुमा मूख्यतया सामाजिक कारण, शैक्षिक कारण र आन्तरिक कारणहरु नै हुन् । यिनीहरुको विश्लेषण यस प्रकार छ ।

#### ६.२.१ सामाजिक कारण

मध्ययुगीन सामन्ती तथा दास प्रवृत्तिको उपज जातिय भेदभाव तथा छुवाछुत प्रथा आजको बैज्ञानिक युगमा पनि पूर्ण रुपमा हट्न सकेको छैन । यो प्रथाले उत्पीडित जातिहरु स्वतः स्फूर्त रुपमा कुनै पनि कार्यमा लाग्न सकेका छैनन् र लागेका केही व्यक्ति पनि मानसिक तथा शारिरीक यातना खेप्न बाध्य छन् । आफ्नो खुबी र दक्षता भएर पनि चाहेको काम गर्न बन्देज गरेका प्रशस्तै घटनाहरु पाइन्छन् ।सामान्य दोकान, होटल पेशा यही कारणले नचल्ने स्थिति छ । बाध्यतावंश आफ्नै पूरानो पेशामा खुम्चिनुपर्ने, मजदुरीमा लाग्नुपर्ने या त बेरोजगार रहनुपर्ने स्थितिले उनीहरु आर्थिक रुपमा सहज रुपले अगाडि बढ्न सकेका छैनन् ।

#### ६.२.२ शैक्षिक कारण

शूद्रलाई अर्ति, बुद्धि, ज्ञान तथा मन्त्र उच्चारण गर्न तथा लेखपढ गर्न दिनु हुन्न भन्ने कुरा मनुको उपदेश हो । यही उपदेशलाई शिरोधार्य गरेको हाम्रो समाजमा कामी जातिले वि.सं. २००७ साल सम्म, वास्तवमा भन्दा नयाँ मुलुकी ऐन २०२० नबन्दासम्म शिक्षा आर्जन गर्ने मौका अन्य जाति सरह पाएनन् । उनीहरुले चेतनास्तर विकास गर्ने मौका पाएनन् र केहि पढेलेखेका व्यक्तिमाथि पनि अनेकौ सामाजिक अश्त्रप्रहार भैरहने गरेकोले उनीहरुले सामाजिक विकासको क्रममा उल्लेख्य रुपमा योगदान दिन सकेनन् । आज कामी जातिमा केहि शैक्षिकस्तर उठेको भए पनि व्यवहारिक रुपमा लागु गर्न अनेकौ कठिनाई परिरहेको छ । जबसम्म वर्गीय चिन्तन र दृष्टिकोण स्पष्ट रुपमा उजागर हुनसक्दैन तबसम्म यो प्रथालाई जोगाइ राख्ने प्रयास भइरहने छन् । त्यस्तो अवस्था रहुन्जेल कामी जातिहरुको आजको समस्याले निकास पाउने अवस्था भने देखिदैन । बाँडेगाँउ गा.वि.स.का

कामी जातिमा शैक्षिक रुपमा जागरण पैदा हुँदै आएको छ र पछिल्ला पूस्ता सवै विद्यालय जाने गरेको र बुढापाकामा समेत चेतनाको आभाष हुन्छ । अहिले राज्यद्धारा विभिन्न सेवाहरुमा समावेशिता, आरक्षण दिदाँ समेत यहाँ बाँडेगाँउ गा.वि.स का कामीहरु त्यो सेवा उपयोग गर्न सक्ने योग्यता ,क्षमता विकास गरी प्रतिष्प्रधामा उत्रन सक्ने अवस्थामा छैनन । किनकी  सामाजिक कारण कामी भनेका भाँडाकुडा वनाउने हो पढ्ने होइन भन्ने मान्यताका कारण अझै पनि पूराना मान्छेहरुमा तेस्को असर अझै सम्म रहनु ।

### ६.२.३ आन्तरिक कारण

कामी जातिहरु आर्थिक रुपमा पछि पर्नमा उनीहरु स्वयं पनि केहि हँदसम्म जिम्मेवार रहेको कुरालाई नकार्न सकिन्न । कतिपय कुरालाई उनीहरु संयम र विवेकपूर्ण व्यवहारले गर्दा पनि आर्थिक पक्ष सुधार हुनसक्छ । आपसी कलह, परम्परागत पेशा (फलाम सम्बन्धी आरनको काम) प्रति हिनताबोध, फजुल खर्च, मध्यपान गर्ने प्रवृत्ति, बोझिलो परिवार आदि जस्ता कारणले गर्दा उनीहरु आफ्नै कारणबाट पनि गरिब बन्नु परेको कुरा यथार्थ हो ।

## ६.३ अध्ययन क्षेत्रका कामी जातिहरुको आर्थिक अवस्थामा आएको परिवर्तन

आधुनिक सभ्यताको विकास सँगसँगै बाँडेगाँउ गा.वि.स.का कामीहरुको आर्थिक अवस्था पनि दिन प्रतिदिन सुध्रदै आइरहेको छ । उनीहरुमा व्याप्त रहेको परम्परागत मान्यता समयको कालचक्रसँगै विस्तारै परिमार्जन हुँदै आइरहेको छ । आफ्नो जीवन निर्वाहको प्रमुख पेशा भनेको फलाम पिट्ने र अन्य जातिहरुलाई विक्री गरी त्यसबापत प्राप्त हुने आम्दानीले आफ्नो दैनिकी चलाउने मात्र हो भन्ने परम्परागत मान्यतालाई त्याँग्दै उनीहरु आधुनिक कृषि पेशातर्फ पनि आकर्षित हुँदै आएका छन् र त्यसबापत राम्रो आम्दानी गरिरहेका छन् । कतिपय बुढापाकाहरु परम्परागत पेशालाई त्यागेमा आफूहरुलाई राम्रो नहुने भन्दै सोही पेशा अँगालिरहेका छन् भने कतिपयचाँहि गैर-दलितहरुले मात्र गर्ने भनिएको गाई भैंसी पालन तर्फ लागि राम्रो आम्दानी गरिरहेका छन् । समयको परिवर्तनसँगै गैर-दलितहरु पनि उनीहरुको सो पेशालाई सहज रुपमा स्वीकार गर्दै कामी जातिहरुलाई आफु स्वसरहको व्यवहार गरिहेका छन् ।

अध्ययन क्षेत्रका कतिपय दलित वर्गका मानिसहरुले आफ्नै क्षेत्रफलभित्रको जग्गामा सुन्तला खेती गरी राम्रो आम्दानी गरिरहेका उदाहरणहरु पनि प्रशस्तै छन् । यस गा.वि.स.को वडा नं. ४ का ध्रुव बहादुर विश्वकर्माले आफ्नो स्वामित्वमा रहेको तीन रोपनी जग्गामा तरकारी लगाई वार्षिक करिब एक लाख रुपैया आम्दानी हुने गरेको बताउँछन् भने

वडा नं.३ का राम बहादुर वि.क.ले आफ्नो गोठमा दुई माऊ विकासे जातका गाई पाली त्यसबाट दैनिक करिब १० लिटर दुध नजिकैको सहकारीलाई विक्री गरेर मासिक करिब ६,००० रुपैया आम्दानी गरिरहेको बताउँछन् ।

पछिल्लो समय शिक्षाको बिकास संगसँगै कतिपय कामी जातिका यूवा-यूवतीहरुले बिभिन्न क्षेत्रमा रोजगारी पाएर आफ्नो आर्थिक स्थितिलाई मजबुत बनाइरहेका उदाहरणहरु यस अध्ययन क्षेत्रमा प्रशस्तै छन् भने कतिपय सामान्य लेखपढ गरेका दलित जातिका यूवा-यूवतिहरु रोजगारीको शिलसिलामा शहरहरुमा गई केहि पैसा कमाएर ल्याई गाउँमै पसल व्यवसाय सञ्चालन गरी बसेका उदाहरणहरु पनि छन् । अन्य गा.वि.स.हरुको तुलनामा बाँडेगाँउ गा.वि.स.का कामी जातिहरुको आर्थिक अवस्था मजबुत रहेको देखिन्छ । यस गा.वि.स.का प्राय कुनैपनि कामी जातिका घरका यूवा-यूवतिहरु बेरोजगारीको रुपमा रहेका छैनन् भने बुढापाकाहरु समेत परम्परागत पेशामा आवद्ध भएर आफ्नो आर्थिक स्थितिलाई मजबुत बनाइरहेका छन् । पहिले पहिले खान समेत धौ–धौ पर्ने कामी जातिहरु अहिले आधुनिक सेवा सुविधासँग अभ्यस्त भइसकेका छन् । यस गा.वि.स.का ३,४ र ७वडाका लगभग सबै कामी जातिहरुका घरमा मोबाइल, रेडियो, लगायत आधुनिक सञ्चार सामग्रीहरुको राम्रो पहुँच रहेको छ । यसबाट के स्पष्ट हुन्छ भने यहाँका कामी जातिहरुको आर्थिक स्थिति दिन प्रतिदिन समृद्ध हुँदै आइरहेको छ ।

आर्थिक परिवर्तन नै कुनै पनि समुदायको सबैभन्दा महत्वपूर्ण कारक तत्व हो । आर्थिक परिवर्तनद्वारा नै अन्य परिवर्तनहरु सम्भव हुने भएकाले यहाँका कामी जातिका धेरै बालबालिकाहरु गुणस्तरीय शिक्षा लिइरहेका छन् भने कतिपय यूवा-यूवतिहरु पनि देशको राजधानीलगायत अन्य क्षेत्रमा उच्च शिक्षा ग्रहण गरिरहेका छन् ।

# अध्याय : सात

# सारांश तथा निश्कर्ष

## ७.१ सारांश

यो शोधकार्यको मुख्य उद्देश्य बाँडेगाँउगा.वि.स.का कामी जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थामा आएको परिवर्तन का बारेमा अध्ययन गर्नु हो । अध्ययन क्षेत्रमा २०७२ सालमा स्थलगत सर्वेक्षण गरि कामी समुदायसँग सम्बन्धित विभिन्न तथ्याङ्क संकलन गर्दा प्राथमिक विधि अर्न्तगत सहभागी अवलोकन, प्रश्नावली, र द्वितीय विधि अर्न्तगत सरकारी एवं गैर-सरकारी प्रशासन सामग्री प्रयोग गरियो ।

यस बाँडेगाँउगा.वि.स. वडानं. ३,४ र ७ का ४७कामी घरपरिवारमा जम्मा पुरुषको संख्या १०९ र महिलाको संख्या ११६ रहेको छ । यहाँ वृद्धको जनसंख्या निकै कम रहेको देखिन्छ ।

नाचगान, धर्मप्रथा, चाडपर्व मनाउने परम्परा, वैवाहिक मान्यता आदि सामाजिक प्रचलन, जन्म संस्कार मृत्यू संस्कार महत्वपूर्ण संस्कारका रुपमा यहााका कामी जातिले लिने गरेको पाइन्छ । सांस्कृतिक मूल्य मान्यताहरुमा कामी जातिको जातिगत विशेषता र निजी जीवनशैली प्रतिबिम्वित भएको पाइन्छ ।

देवी-देवता, स्वर्ग-नर्क, पाप-पूण्य, पूर्नजन्म र भाग्य जस्ता कुरा हिन्दूधर्मका प्रमुख विशेषताहरु हुन् र यसमा कामी जातिको प्रमुख आस्था भेटिन्छ । दान-पूण्य र बली दिएमा धर्म हुन्छ, पाप नाश हुन्छ, ईश्वर खुसी पारे स्वर्गको ढोका खुल्दछ भन्ने धारणा यस जातिमा रहेकोले विभिन्न चाडपर्वहरु जस्तैः दशै, तिहार, तीज तथा पूजाआजामा कूलायन, नाग र वायु पूजा आदि गर्दछन् ।

पेशागत रुपमा सामान्य पृथकता रहेको भए पनि सामाजिक चालचलन, रीतिरिवाज र प्राय खानपीन र भेषभुषामा समान देखिने यी जातिहरुलाई अझै पनि मन्दिर, कुवा पँधेरोमा भेदभाव गरेको पाइन्छ । आजभोलि पहिलेको तुलनामा यस किसिमको भेदभाव क्रमशः न्यून हुँदै गएको महशुस यहाँका कामी जातिहरुले गरेका छन् । उनीहरुको जीवन निर्वाहको मूख्य आधार कृषि र परम्परागत पेशा नै हो । परम्परागत पेशा आधुनिक कारखानाबाट उत्पादीत बस्तुको आधारमा कम चल्ने भएकोले दिनानुदिन घट्दै गएको र त्यसबाट जीवन चलाउन धौ-धौ भएको छ । उनीहरुले आफूसँग भएको जमिनमा तरकारीलगाएका छन् त्यसबाट कतिपयले राम्रो आम्दानी गरिरहेका छन् । यहाँको जमिनमा उर्वराशक्तिबढि नै देखिन्छ तर यस जातिका कतिपय घरपरिवारको जमिनको मात्रा कम

भएकालेउनीहरुलाई अरुको जमिन कमाउनु पर्ने बाध्यता छ । यसरी गरिएको खाद्यान्न उत्पादन जीवन गुजाराका निमित्त अति न्यून परिमाण हो । त्यसैले उनीहरुले बाँकी अपुग खाद्यान्न बेसाएर ल्याउनु पर्ने बाध्यता छ भने ज्यालामजदुरीबाट आएको रकमको अधिकांश हिस्सा खर्च हुन्छ । उचित किसिमका ज्याला मजदुरीमा पनि असमान ज्याला विद्यमान छ । अर्कोतर्फ बाली प्रथा र सस्तो श्रमशोषण हुने प्रथा पनि कायमै छ । जहाँ एक बालीघरको वार्षिक कृषि कार्यका लागि आवश्यक सामग्री हलो, जुवा बनाउने, फाली, कोदाली, हँसिया अर्चाप्ने कार्य न्यून खाद्यान्न र न्यून रकम लिएर गर्दछन् ।

वर्षभरि काम गरेर पनि दुई छाक खान पुग्ने गरी जीवन चलाउन यहाँका कतिपय कामी जातीहरु सक्षम नभएकाले ऋण काढ्न बाध्य हुन्छन् । यसरी ऋण लिएबापत उनीहरु सयकडा २ देखि ३ रुपैयाँ सम्म ब्याज तिर्ने गर्दछन् । यसरी खान नपुग्नेहरुले हुने खानेहरुको निगाहमा बाच्नु परेको परिस्थिति स्पष्ट देखिन्छ । कामी जातिलाई अन्य जातिहरुले उनीहरुको अनुकुल समयमा भेदभाव गरेको पाइन्छ । कुनै बेला उनीहरुलाई (गैर-दलितहरुलाई) आपत् विपत् र सहयोगको आवश्यकता परेको बेला कुनै रोकतोक नगर्ने अन्यथा भेदभाव यथावत रहेको देखिन्छ । भेदभाव गर्नमा बालक, बृद्ध, महिला, शिक्षक, कर्मचारी, राजनैतिक कार्यकर्ता समाजसेवी आदि जस्ता सामाजिक परिवर्तनका पक्षधरहरु पनि देखिन्छन् । सार्की र कामी जातिमा पनि म ठूलो भन्ने दुवैको अभिमान रहनु दलित जाति बीचको ठूलो दुर्गुण मान्न सकिन्छ । अन्तमा कामी जातिको वर्तमान अवस्थाको दोषी हाम्रो हिन्दू धर्मको व्याख्या, दर्शन, सामन्तवादी संस्कार र दोषपूर्ण जातिगत सामाजिक संरचना र स्वयं कामी जातिहरुको बीच अज्ञानताको कारण विद्यमान हिनताबोध नै रहेको बुझिन्छ ।

**७.२ निश्कर्ष**

बाँडेगाँउ गा.वि.स मा कामी जातिहरु अरु जातिहरुसँग घुलमिल हुँदै आएका र यिनिहरुको बसोबास पनि बजार क्षेत्र नजिकै भएकाले गर्दा यिनीहरुमा पनि आधुनिकीकरणको प्रभाव परेको छ । रहनसहन, भेषभुषा, भाषाशैली आदिमा परिवर्तन देखिन्छ । संस्कारहरुलाई उनीहरुको आफ्नै शैलीमा अध्ययन गरिएपनि त्यसमा धेरैसंस्कारहरु बाहुन, क्षेत्रीको जस्तै देखिन्छ । जस्तै जन्मेपछि छैटी गर्ने, न्वारान लगायत अन्य संस्कारहरु उच्च जातिले जस्तै गरि गर्ने गरेको पाइन्छ । विवाह र मृत्यू संस्कारमा पनि अरु जातिहरुको प्रभाव परेको देखिन्छ । यहाँका कामी जातिमा शिक्षाको स्तरमा सुधार आएको छ । यहाँ सरकारी नीजि क्षेत्रबाट प्रौढ शिक्षा सञ्चालन भएको छ । जसबाट दलित जातिको

शैक्षिक स्थितिमा धेरै नै सुधार आएको पाइन्छ । सामाजिक अवस्थामा परिवारको आकार, शिक्षा तथा साक्षरताको अवस्था, स्वास्थ्य अस्पताल र स्वास्थ्य संस्थाहरुको उपयोग खानेपानीको स्रोत र स्तर, भाषा, धर्म र महिलाको सामाजिक स्थितिको मूल्याङ्कन सन्तोषजनक नै देखिन्छ । हिजोआज यिनीहरुको सामाजिक अवस्थामा पहिलेको भन्दा धेरै नै सुधार भएको देखिन्छ । यो सुधारको लागि उनीहरु स्वयंमा नै चेतना जाग्न थालेको पाइन्छ । आम्दानीका स्रोतहरुमा पनि यहाँका धेरैजसो कामीहरुको राम्रै देखिन्छ भने कतिपय चाँहि अत्यन्तै पिछडिएका छन् । यस्ता पिछडिएका कामीहरुको आफ्नो जग्गाबाट आम्दानी कम हुने हुनाले यिनीहरुले आम्दानीको स्रोतको रुपमा अन्य पेशालाई आगालेको पाइन्छ । अन्य पेशाहरुमा सिकर्मी, डकर्मी, ज्याला-मजदुरी, रोजगार आदि रहेका छन् । यसरी विभिन्न पेशामार्फत यिनीहरुले आयआर्जन गरेको पाइन्छ ।

यस बाँडेगाँउगा.वि.स.का कामी जातिको मुख्य पेशा भनेको कृषि नै हो भने कतिपयले आफ्नो बिष्टहरुबाट प्राप्त अन्न लगायत अन्य चीजहरुबाट गुजारा गरेको पाइयो । यहाँ सिचाईको राम्रो व्यवस्था भएकाले यहाँका धेरैजसो कामीहरुले आफ्नो बारीमा तरकारी खेतीका साथै विकासे जातका गाई पाल्ने गरेका छन् । तर कतिपय कामीको जग्गा छेउमा हुने र पाखो बढी हुने हुनाले उब्जाउ त्यती राम्रो हुँदैन । यस्ता वर्गलाई आयमुलक सीप सिकाउने, भीर पाखाहरुमा फलफूल तथा बोटविरुवा रोप्न उत्प्रेरणा जगाउने गर्नु पर्दछ । यहाँका कामी जातिहरुलाई आरनको निम्ति अत्याधुनिक तालिमको व्यवस्थाका साथै मेशिनरी सामान उपलब्ध गराउने जस्ता कार्यहरु गर्न सकेमा यस गा.वि.स.का कामी जातिका सबै परिवारको आर्थिक स्थितिमा सुधार अवश्य आउने छ ।

कामी जातिको ऐतिहासिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थामा आएको परिवर्तन का बारेमा अध्ययन गर्दा यी जातिहरु ऐतिहासिक कालक्रमदेखि नै उत्पत्ति भएको आर्य समूह अर्न्तगत पर्ने इण्डो आर्यन धर्मबाट प्रभावित जातिहरु भएको स्पष्ट हुन्छ । समाज विकासको क्रमसँगै समाजमा घुसेका अनेकौ विकृतिमध्ये जातीय भेदभाव र छुवाछुत एक प्रमुख विकृति हो । यस्तो जातीय भेदभाव र छुवाछुत एक प्रमुख विकृति कै रुपमा रहेको छ । यस्तो जातीय भेदभाव र छुवाछुतको भावनालाई समाप्त गरी सबै काम समान हुन भनी कामको सम्मान गरिएको खण्डमा यहाँका कामीहरुको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ । कामी जातिले गर्ने जन्मेदेखि मृत्यूसम्मका विभिन्न संस्कार सम्पन्न गर्दा ब्राम्हण र क्षेत्रीले जस्तै भोजभतेर गरेर सम्पन्न गर्दछन् । गर्भवति महिलालाई सुत्केरी गराउन अस्पताल लैजाने वा महिला स्वास्थ्य स्वयंसेविकाको सहयोग लिने गर्दछन् । किरिया

वा बार्षिकी गर्दा आफ्नो अनुकुल हुनेगरि गर्ने, आफ्ना बालबच्चालाई स्कूल पढाउने, स्कूल जाने उमेर वितिसकेका महिलाहरुले प्रौढ कक्षामार्फत शिक्षा लिने गरेको पाइन्छ । यो जातिको सामाजिक अवस्था पनि सुधारोन्मुख नै देखिन्छ । यस जातिको आर्थिक स्थितिमा पनि क्रमिक रुपमा सुधार आएको पाइन्छ । हाल आएर आधुनिक कृषि प्राणाली, व्यापार, व्यवसाय गर्ने गरेको पाइन्छ । पहिले यो जातिलाई उच्च जातिले निकै दबाउने, हेप्ने, नराम्रो व्यवहार गर्ने गरेकोमा हाल छोइछिटो हाल्ने, सार्वजनिक स्थल, मठमन्दिर स्कूल, पँधेरा, अस्पतालमा उच्च र नीच जातिको भावना क्रमशः घट्दै आएको पाइन्छ ।

यसरी निष्कर्षमा के भन्न सकिन्छ भने सामाजिक रुपले कामी जातिहरु स्वयं आगाडि नबढेसम्म उनीहरुको आर्थिक तथा सामजिक स्थिति माथि उठ्न सक्दैन । यी अन्तर पक्ष (सामाजिक, सांस्कृतिक तथा आर्थिक) नउठेसम्म कामी जातिहरु राजनीतिक रुपमा अगाडी बढ्न सक्दैनन् । नीति निर्माण पक्षमा यी जातिहरुको महत्वपूर्ण सहभागी भए पछि मात्र समाजमा आमूल परिवर्तन सम्भव छ । यसरी आमूल परिवर्तन नभएसम्म अन्य विकासलाई सान्दर्भिक मान्न सकिन्न । त्यसैले पनि यी जातिहरुको सामाजिक सांस्कृतिक र आर्थिक समस्या स्वयम् दलित जातिहरुको मात्र नभई समग्र समाज र देशको समस्या हो भनी महत्व दिएको खण्डमा यिनीहरुको सम्पूर्ण कुरामा सुधार आउने अपेक्षा गर्न सकिन्छ ।

## *सन्दर्भ ग्रन्थसूची*

***आहुती,विश्वभक्तदुलाल २०६९,*** *नेपालमा दतित मुक्तिको प्रश्न ,दलित उत्थान,भिल्को प्रकाशन, काडमाण्डौं ।*

***ओभा, पवनकुमार २०५३,*** *नेपालमा जातीय भेदभाव उन्मुलन र कार्यान्वयन, राष्ट्रिय मानवअधिकार सम्मेलन, काठमाण्डौ ।*

***उपाध्याय, गोपीरमण २०४९,*** *हिन्दूधर्मभित्र मानव उत्पीडनका सन्दर्भहरु, सहयोगी साथीहरु, जावलखेल, ललितपुर ।*

***परियार अनिता २०६६,*** *नेपालका केही पिछडिएका जातिहरुको सामाजिक आर्थिक अवस्था र त्यसको चर्चा , दलित आवाज,पल्लवी प्रकाशन, ललितपूर ।*

***दाहाल, डिल्लीराम २०५६,*** *नेपालका केही पिछडिएका जातिहरुको सामाजिक आर्थिक अध्ययन, नेपाल एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाण्डौ ।*

***नेपालको अन्तरिम संविधान, २०६३*** *धारा १५(४) श्री चण्डेश्वरी प्रकाशन प्रा.लि. भेटाहिटी, काठमाण्डौ ।*

***पहाडी,कृष्ण २०५३,*** *नेपालमा नागरिक तथा राजनीतिक अधिकार, कानून र कार्यान्वयन ( इन्सेक) राष्ट्रिय मानवअधिकार सम्मेलन तथा कार्यपत्र,काठमाण्डौं ।*

***परियार, गोविन्द/विश्वकर्मा विनोदकुमार २०६६,*** *नयाँ नेपालमा दलित,भिल्को प्रकाशन,काठमाण्डौं ।*

***विश्वकर्मा, पदमलाल, छविलाल २०५२,*** *नेपालको संविधान र उत्पीडित जातिको अवस्था, उत्पीडित दलित जातीय मुक्ति समाज र ग्रिन्सो नेपालद्वारा आयोजित गोष्ठी ।*

***विश्वकर्मा रविनकुमार २०५६,*** *कानूनको परिदृश्यमा दलितहरुको स्थिति, इन्ट्रासिप, कानून संकाय, पृथ्वीनारायण क्याम्पस, पोखरा ।*

***विश्वकर्मा, टेकबहादुर २०५३,*** *नेपालमा जातिभेद र विश्वकर्माको इतिहास,प्रिन्ट एण्ड सर्भिस सेन्टर,बागबजार ,काठमाण्डौं ।*

***विश्वकर्मा, रुपलाल २०४७,*** *शुभकामना सन्देश,गोरखा पत्र दैनिक,काठमाण्डौं ।*

***विश्वकर्मा, हिरा २०५४,*** *दलित आन्दोलनमा हिरा विश्वकर्माका समसामयिक विचारहरु ,विर्मश साप्ताहिक,पुतलिसडक,काठमाण्डौ ।*

***भट्टराई, बाबुराम २०५६,*** *नेपालको राजनीतिक परिदृश्यमा दलितहरुको स्थिति जनउत्थान, जेष्ठ जनउत्थान प्रतिष्ठान, पुतलीसडक, काठमाण्डौ ।*

***राष्ट्रिय दलित आयोग,(२०५९)*** *स्मारिका, काठमाण्डौ*

***लम्जेल, रविमानः*** *समानता २४, पैरवी प्रकाशन,भोटाहिटी, काठमाण्डौं ।*

***स्थलगत सर्वेक्षण २०७२,*** *कामी जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अबस्थामा आएको परिवर्तन : एक समाजशास्त्रिय अध्ययन, बाँडेगाँउ ।*

***याख्याराई, दुर्गाहाङ्ग;*** *ॠग्वेद, १० मण्डल शुत्त १०, २०५३ बाट उधृत, ब्राम्हणवाद विरुद्ध जनजाती ं उत्पीडित वर्ग, जावलाखेल, ललितपुर ।*

*Human Rights,Year Book (1993/1994/2010), INSEC*

*Sharma, Pragya Raj. Caste, Social Mobility and Sankritization: A study of Nepal's Old Legal Code, Kailash Magazine 1977, Vol. 4 P277-299*

## अनुसूचीः १

*सिन्धुपाल्चोक जिल्ला अन्तर्गत बाँडेगाउँगा.वि.स. का कामी (विश्वकर्मा) जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अबस्थामा आएको परिवर्तन : एक अध्ययन प्रश्नावलीः-*

१. सामान्य विवरण :-

घरमुलीको नाम, थर :

वडाः टोलः

लिङ्गः उमेरः भाषाः शिक्षाः

क.

२ पारिवारिक विवरण :-

| क.सं. | घरमूलीसँगको नाता संबन्ध | लिङ्ग | उमेर | शिक्षा | वैवाहिक स्थिति | पेशा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

३. घरको प्रकार :

(क) छाप्रो (ख) कच्ची (ग) पक्की

४. तपाई विरामी हुनु भयो भने सर्वप्रथम कहाँ जानुहुन्छ ?

(क) अस्पताल (ख) धाँमी झाँक्री (ग) घरेलु उपचार (घ) अन्य

५. तपाइको खानेपानीको स्रोत के हो ?

(क) धारा (ख) कुवा (ग) खोलानाला (घ) अन्य

६. परम्परागत पेशा कति जनाले गर्नुहुन्छ ?

(क) परिवारका सबै सदस्यले (ख) आधा सदस्यले (ग) महिला सदस्यले

(घ) पुरुष सदस्यले

७. परम्परागत पेशामा सवैभन्दा बढी के बाट आम्दानी गर्नुहुन्छ ?

(क) बालीनालीबाट (ख) ज्यालादारीबाट (ग)अन्य

८. परम्परागत पेशामा केही समस्याहरु छन् ?

(क) छन्			(ख) छैनन्.

९. परिवारका सदस्य विदेश गएका छन् ?

(क) छन्			(ख) छैनन्

१०. छन् भने जाँदा कसरी गए ?

(क) आफुखुसी		(ख) अरुको लहैलहैमा		(ग) सल्लाह बमोजिम

११. तपाईको घरमा समय तथा सञ्चारका साधनहरु के के छन् ?

(क) रेडियो		(ख) घडी		(ग) टेप		(घ) टि.भी

१२. खाना पकाउन इन्धनका लागि के प्रयोग गर्नुहुन्छ ?

(क) दाउरा		(ख) मट्टितेल		(ग) गोबरग्यास

१३. धाँरा पँधेरामा जातीय भेदभाव छ कि छैन ?

(क) छ		(ख) छैन

१४. छिमेकीका अन्य (उपल्ला) जातिहरुले तपाँईलाई कस्तो व्यवहार गर्छन् ?

(क) समानमूलक		(ख) असमानमूलक

१५. सवैभन्दा बढी के मा भेदभाव गर्दछन् ?

(क) पानी छुन दिदैनन्		(ख) घरभित्र प्रवेश गर्न दिदैनन्

(ग) मन्दिरमा सँगै पूजागर्न दिदैनन्	(घ) सभा,गोष्ठीमा प्रवेश गर्न दिदैनन् ।

१६. चिया पसलमा पसलेले तपाँईलाई समान व्यवहार गर्छन् ?

(क) गर्छन्		(ख) गर्दैनन्

१७. यदि गर्दैनन् भने

(क) चिया खाए पछि गिलास धुन लगाउँछन् ?

(ख) कि तपाँई आफै गिलास धुनुहुन्छ ?

(ग) अरु ग्राहक आएपछि अलग्गै बस्न भन्छन् ?

१८. छिमेकीका उपल्ला जातिहरु तपाईको घरमा आएर खाने गर्दछन् ?

क) छन्			(ख) छैनन्

१९. खाने गर्दछन् भने धेरैजसो के गर्दछन् ?

२०.खानेक्रममा कसरी खान्छन् ?

(क) हाकाहाकी		(ख) लुकीछिपी

२१. तपाई तपाँईको वर्तमान अवस्थादेखि सन्तुष्ट हुँनुहुन्छ ?

(क) छ			(ख) छैन

२२ भेष-भूषा (कपडा, गरगहना आदि) लगाउने कुरामा पहिलो र दोस्रो पुस्ताकाबीच अन्तर छ की छैन ?

२३. तपाँईहरु र दमाँई, सार्कीमा को ठूलो हो भन्नुहुन्छ ?

२४. जाति अनुसार गरिने पूजाहरु कुन-कुन हुन ?

(क) (ख) (ग) (घ)

२५. वर्षभरि मनाइने मूख्य चाडपर्वहरु कुन-कुन हुन ?

(क) (ख) (ग) (घ)

२६. आफ्नोजीवन चक्रमा गरिने संस्कारहरु :

(क) जन्म (ख) ब्रतबन्ध (ग) विवाह (घ) मृत्यु संस्कार

(ङ) अन्य

२७. छोराछोरीको अन्तरजातीय विवाह भएको छ ?

(क) छ (ख) छैन

२८. यदि भएको छ भने :

(क) कहिले.........(ख) कहाँ.......(ग) कुन जातिसँग............(घ) कसरी

२९. तपाँईलाई अन्य दलित जातिले कस्तो व्यवहार गर्दछन् ?

(क) समान (ख) असमान

३०. तपाई अन्य दलित जातिहरुसँग कस्तो व्यवहार गर्नुहुन्छ ?

(क) माथिल्लो जातिको ठाँन्नुहुन्छ ? र त्यही अनुरुप

(ख) निम्न जातको ठाँन्नुहुन्छ र त्यही अनुरुप

(ग) आफुसरह ठाँन्नुहुन्छ र त्यही अनुरुप

३१.छुवाछुत प्रथा तपाईलाई कस्तो प्रचलन हो जस्तो लाग्छ ?

(क) पूर्व जन्मको कमाईको फल (ख) सामन्ती व्यवस्थाको उपज

(ग) आर्थिक विपन्नताको प्रतिफल (घ) अन्य

३२.छुवाछुत प्रथालाई निर्मूल पार्न के गर्नुपर्दछ भन्ने लाग्छ ?

(क) आर्थिक रुपमा सम्पन्न हुनुपर्दछ ।

(ख) समाजमा शैक्षिक जनचेतना फैलाउनु पर्दछ ।

(ग) ठूला जातिहरुले अवलम्बन गरेका संस्कार अवलम्बन गर्नुपर्दछ ।

(घ) अन्य.....

३३. (क) तपाईको आफ्नोजमिन छ की छैन ?

(अ) छ (आ) छैन

(ख) यदि छ भने कृपया तलको विवरण दिनुहुन्छ की ।

| क.सं. | जमिनको प्रकार | जमिनको क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| १ | खेत | | |
| २ | बारी | | |
| ३ | पाखो | | |
| जम्मा | | | |

३४. तपाईले अरुको जग्गा कमाइ गर्नु भएको छ कि छैन ?

अ. छ आ. छैन

३५. तपाईले उत्पादन गरेको अन्नले कति समय खान पुग्छ ?

(क) ३ महिनाभन्दा कम (ख) ३ महिना देखि ६ महिनासम्म

(ग) ६ महिनादेखि ९ महिना सम्म (घ) वर्षभरि

३६. तपाईले अपुग खाद्यान्न कसरी व्यवस्था गर्नुहुन्छ ?

३७ तपाईकहाँ पशुपंक्षी कति छन् ?

| पशुपंक्षी | गाईगोरु | भैसी | बाखा | सुँगुर | कुखुरा | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |

३८. तपाईले पशुपंक्षी बेच्नु हुन्छ या हुन्न ?

(क) बेच्छु (ख) बेच्दिन

३९. यदि बेच्नु हुन्छ भने वार्षिक आम्दानी कति हुन्छ ?

४०. तपाईले कसैसँग ऋण लिनु भएको छ या छैन ?

(क) छ (ख) छैन

४१. यदि लिनु भएको छ भने कहाँबाट लिनु भएको छ ?

(क) स्थानीय साहु महाजनसँग (ख) छिमेकी (ग) बैङ्क

४२.सामाजिक र आर्थिक अवस्था माथि उठाउने सम्बन्धमा केही भन्न चाहनुहुन्छ की ?

(क) ........................................................................................

(ख)..........................................................................................

(ग)..........................................................................................